# गन्तव्य

**कथा सङ्ग्रह**

**उषा शर्मा**

**परी प्रकाशन**
सोरेङ, सोरेङ जिल्ला, पश्चिम सिक्किम

**गन्तव्य**

कथा सङ्ग्रह


पहिलो संस्करण : सन् २०२२

सर्वाधिकार : प्रकाशकमा

आवरण : दीपा राई

प्रकाशक : **परी प्रकाशन**,
सोरेङ, पश्चिम सिक्किम

इमेल : pariprakashansoreng@gmail.com

सम्पर्क : परी प्रकाशन, मुख्य कार्यालय, सोरेङ जिल्ला, पश्चिम सिक्किम


---


A Collection of Stories by **Usha Sharma**

ushasharma1965@yahoo.com

**समर्पण**

मेरा पूज्य आमा-बाबा
जसले मलाई जन्म दिएर संसार देखाउनु भयो
जसले कर्तव्य पालन गरेर कर्म सिकाउनु भयो

श्रीमती भुबादेवी शर्मा
स्व जोगेन्द्रनाथ शर्मा-



लाई
अनुगृहीत छोरीद्वारा
कर्तव्य पालनसितै
सिर्जना गरिएका शब्दहरूको
यो किताबी स्वरूप
**गन्तव्य**
सश्रद्धा
समर्पण गर्दछु।

# प्रकाशकीय

नेपाली कथा लेखनमा **अज्ञात यात्रा**बाट **गन्तव्य**मा पुगेकी कथाकार उषा शर्माका कथाहरूले समसामयिक जीवन भोगाइका सङलो चित्र उतार्न सक्षम बनेका छन्। कला सृजनाको धरातल नै समाज हो। समाजलाई बाँचेर, भोगेर यसलाई सृजनात्मक आकार दिनु साहित्य साधनाको लामो अभ्यास र परिश्रमको प्रतिफल हो। शर्माका कथाशील्पीले यो साधनालाई प्राप्त गरिसकेको देखिन्छ।

कथा सृजना यात्राको गन्तव्य टेकिसकेकी शर्माका कथाले हामीले बाँचेको समाजलाई कथात्मक कारिगरबाट देखाउन सक्षम बनेको छ भन्नेमा हामी विश्वस्त छौँ। उनका कथाहरू प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ। यसले उनको साहित्य सृजनाको मार्गमा अझ नयाँ रङ्गहरू थप्ने छ भन्ने अपेक्षा राखेका छौँ।

**गन्तव्य** कथा सङ्ग्रहका निम्ति कथाकार उषा शर्मालाई हार्दिक बधाई साथै शुभ कामना छ। भविष्यमा शर्माका कथाकारिताले पाठकमा एउटा स्थान सुरक्षित राख्न सकोस् साथै नेपाली कथाको फराकिलो क्षेत्रमा एउटा चहकिलो रङ्ग थप्न सकोस् भन्ने कामना राख्दै यो **गन्तव्य** पाठकसमक्ष सुम्पिँदैछौँ।

**परी प्रकाशन**
सोरेङ, पश्चिम सिक्किम

# शुभ कामना

केही महिना अघि श्रीमती उषा शर्माज्यूले मलाई उनले लेख्नु भएको छोटा कथाहरू सरसर्ती हेरिदिने अनुरोध गर्नुहुँदा मैले "हुन्छ" भनेको थिएँ। केही दिनपछि उनले पठाइदिनु भयो मेरो मोबाइल फोनमा शर्माद्वारा रचित कथाहरू जम्मा चौधवटा रहेछन्। सरसर्ती हेर्नु मात्र होइन मैले ती रचनाहरू पढेर केही लेखी पनि दिनुपर्ने रहेछ। त्यसो भए सरसर्ती पढनु होइन, केही जाँगर चलाएरै पढ़नु पर्ने भयो।

अचेल म दिन बिराउँदै अस्वास्थ रहन्छु। आँखा कमजोर भएको छ-ढल्कँदै गएको उमेरले गर्दा हो। उमेरमा सानो-तिनो उपन्यास सक्नलाई आधा दिन पनि लाग्दैनथ्यो। तर अब ती सब कहाँ! उपचारको निमित्त घरिघरि सोकेथाङ नभए सिलगढी धाउँनु पऱ्यो। त्यही माथि कोभिडको डर। एक त अस्वास्थ शरीर त्यसमाथि यो प्यान्ड्यामिकले गर्दा एक प्रकारको शिथिलता छायो ममाथि। धैरै दिन बितेर गए - - - उषाज्यूका ती कथाहरू मोबाइमानै थन्केर बसिरह्यो। मलाई आभास नभएको होइन उषा बहिनीको भुटभुटी, मलाई केही भन्न पनि सक्नु भएन। उनको धैर्यलाई सम्झँदा मलाई कुरीकुरी नलागेको पनि होइन।

आफूलाई दुई-चार दिनदेखि केही स्वास्थ्य भएको पाएर मोबाइल खोलेँ तर अक्षर मसिना भएकाले पढन असजिलो भयो मलाई। भोलिपल्ट ती कथाहरूको जेरोक्स कपी लिकालेर ल्याएँ अनि पढन थालेँ। ती पन्ध्रवटा कथाहरूको सङ्ग्रह निकट भविष्यमा पुस्तक आकारमा प्रकाशित हुने हो भने एउटा शीर्षक दिनुपऱ्यो जो मैले पाएको पाण्डुलिपिमा दिइएको छैन। ती कथाहरूबारे केही भन्न अघि मलाई रचनाको वर्गीकरण गर्न ठिक लाग्यो। यसो गर्दा पढनेलाई केही सुविधा होला अनि ती कथाहरूको, एक प्रकारले, परिचय जस्तो पनि होला।

यहाँ समाविष्ट कथाहरूलाई मैले विषयका आधारमा पाँच भागमा बाँडेको छु- (१) नशालु पदार्थको दूरोपयोग, (२) प्रेम प्रणय, अनि (३) बाल यौवन शोषण। यस वर्गमा एक-एकवटा रचना परेको छ जो क्रमैले यस प्रकार छन्- 'अनि आकाश उघ्रिन्छ', 'रेडियो' अनि 'सूचिता'। चौथो वर्ग, तृप्त जीवन अन्तर्गत पाँचवटा कथा परेका छन्- (१) 'न्याय अन्याय' (२) 'तृष्णा' (३) 'नयाँ' अनि 'गन्तव्य'। पाँचौं वर्ग, दिग्भ्रमित समाजमा सातवटा कथालाई हालेको छु-(१) 'राजनीति' (२) 'सिभिलाइज्ड' (३) 'तेह्र' (४) 'भ्रम' (५) 'बिर्खबहादुर उर्फ बी बी सर' (६) 'भाँचिएका दुई हाँगा' अनि (७) 'निष्फल इच्छा'। (यद्यपि ६ र ७ मा परेका कथाहरूबारे म केही अन्योलमा छु।)

उपरोक्त वर्गीकरण (ठिक भयो भएन विज्ञजन सामु राखेँ)-ले पाठकलाई कथाको मर्म जान्न अवश्य सहयोग पुऱ्याउने छ भन्ने म आशा गर्छु।

कथाहरू सबै सोझा छन्, सरल भाषामा लेखिएका। यो कथाकारको विशिष्टता हो। थोरै लेखाइमा धेरै कुरा भनिएका छन्। प्रत्येक कथामा समाजप्रति हाम्रो बदलिँदो सोच, रहन-सहन एवम् वैचारिक भिन्नतालाई उत्तम प्रकारले विश्लेषण गरिएको छ।

उषाको कथा लेखनपट्टिको सोचाइ कदर योग्य छ। वर्तमानमा घरभित्र तथा बाहिर विद्यमान विसङ्गतिले ल्याएका उनीभित्रको छटपटी प्रत्येक कथामा स्पष्टतय झल्किएको छ। उनलाई मेरो हार्दिक

बधाई अनि अशेष शुभकामना। लेख्न नछोडने अनि सोचाइ तथा लेखाइलाई निरन्तरता दिने उनीलाई सुझाउ दिन्छु म। नेपाली साहित्यले एक योग्य कथाकार पाउने कुरामा म विश्वस्त छु।

फेरि पनि बधाई र शुभकामना टक्राउदै मेरो विचारलाई यहीँ टुङ्ग्याउँछु

सानु लामा
01/06/2022

## 'अज्ञात यात्रा'-देखि 'गन्तव्य'-सम्म

उषा शर्मा कथाकारसँगसँगै उद्घोषिका, समाचार वाचिका, कथाशिल्पी, कविता सर्जक, गीतकार, सङ्गीत साधक पनि हुन्। रेडियो प्रसारण कर्मीका रूपमा उषा शर्माको ठुलो सफलतासित प्रशस्त योगदान रहेको अनि आजपर्यन्त रहिरहेको हामी पाउँदछौँ। उद्घोषिकाका रूपमा उनले आकाशवाणी गान्तोक सन् १९९० मा प्रवेश गरेकी उनी अहिले आकाशवाणी गान्तोककै समाचार वाचक हुनुहुन्छ। आफ्नो पदको कार्यभार सम्हाल्दै उनले नाटक, रूपक, भजन र अन्य कार्यक्रमहरूमा सहभागी बनिरहिन् अनि उत्कृष्ट कार्यक्रमहरू प्रसारण गर्नमा आफ्नो योगदान दिइरहिन्/दिइरहेकी छन्। यो पङ्क्तिकारले प्रस्तुत गरेका धेरै कार्यक्रमहरूमा उषा शर्माले सहभागी बनेर अब्बल प्रस्तुति दिएकी हुन्। सन् १९९४ मा उषाको पनि सहभागिता पाएको अभिनव रूपक 'पर्यावरण परिवार'-ले राष्ट्रिय स्तरको आकाशवाणी वार्षिक प्रतियोगितामा दोस्रो पुरस्कार हत्याउन सफल भएको थियो। आकाशवाणी गान्तोकद्वारा प्रस्तुत गरिएका धेरै रूपकहरूमा उनी सहभागी बनिन्। प्रसिद्ध कथाकार शिवकुमार राईको शण्ड काव्य 'डाँफे चरी'-लाई रेडियोबाट प्रसारित गर्दा उषा शर्माद्वारावाचन गरिएको पोथीको करुण विलाप र मर्मस्पर्शी सम्वाद अझै यो पङ्क्तिकारको सम्झनामा रहिरहेको छ। आकाशवाणी गान्तोकबाट प्रसारण गरिएको पत्रोत्तर कार्यक्रम 'तपाईँको चिट्ठी' पछिबाट 'पत्र-मञ्जरी'-मा पूर्णिमा बहिनीको भूमिकामा उपस्थित हुनुहुने उनै उषा शर्मा हुन्। यो पङ्क्तिकारलाई पनि सो कार्यक्रममा साइँला दाइको भूमिकामा सहभागी बन्ने अवसर मिलेको थियो। आकाशवाणी खरसाङको प्रख्यात् 'शम्भु दाइको हुलाक' कार्यक्रमको पदछाप पछयाउँदै आरम्भ गरिएको यो कार्यक्रम आज पनि हाम्रा प्रसिद्ध उद्घोषक रूस्तम लेप्चाज्यू र आकाशवाणी गान्तोककी लोकप्रिय माइली बहिनी पात्रा कल्पना बराइलीद्वारा सञ्चालन भइरहेको छ। उषा शर्मा कविता पनि लेख्छिन् तर आफूलाई प्रिय लाग्ने विधाचाहिँ कथा नै हो भनी उनी बताउँछिन्।

उषा शर्माको कथा लेखन सन्दर्भमा कुरा गर्दा उनले नेपाली कथा संसारलाई 'अज्ञात यात्रा'-जस्तो कथा सङ्ग्रह दिइसकेकी छन्। 'अज्ञात यात्रा'-भित्रको 'अज्ञात यात्रा' कथाले यो पङ्क्तिकारलाई मोहित बनाएको हो। वर्तमानमा तीब्र समस्याको रूपमा बढिरहेको मानव तस्करीलाई विषयवस्तु बनाएर बुनिएको यो सुन्दर कथा हो। मानव तस्करीमा संलग्न गिरोहहरूको जाल, षड्यन्त्र र चँगुल अनि यसमा परेका सोझा सीधा नारीको कथाले धेरै कुरा बोकेका छन्। कथाले पाठकको मनलाई सस्पेन्सको डाँडाबाट रहस्योद्घाटनको फेदमा झारिदिँदा पाठक खङरङ बन्न पुग्छन्। उनका कथाहरूमा हामीले भेटेका, देखेका र चिनेका पात्रहरू नै चलायमान बनिरहेका र हामीसित भेट गरिरहेका हुन्छन्। 'अज्ञात यात्रा' कथाकै क्रमागतको रूपमा लेखेकी उनको कथा हो 'गन्तव्य' जो दोस्रो कथा सङ्ग्रहको नाम नै पनि बनेर आएको छ। उनको सकारात्मक सोचले यस कथा पढेपछि पाठकले हताश हुनु परेको छैन। यो कसरी पाठकले कथा पढेपछि नै थाहा गरुन्।

अन्तमा यति भन्न चाहन्छु हामीले उषा शर्माभित्र रहेका धेरै प्रतिभा, गुण र योग्यताहरूसित अवगत हुने मौका पाएका छौँ। उषा शर्मा लेखिरहुन् अनि हाम्रो साहित्य भण्डार उनका रचना र कृतिहरूले समृद्ध बनिरहोस्। अज्ञात यात्रापछि दोस्रो कृतिमा कथाकार गन्तव्यसम्म आइपुगेकी छन्। यहाँ आइपुगेर उनी ढुक्क

परेर नबसुन्। उनलाई अरू कृतिहरू पाठकलाई दिनु हतार र हुटहुटी लागिरहुन्। नवकृति प्रकाशनको निम्ति सर्जक बहिनी उषा शर्मालाई धेरै धेरै बधाईसित हार्दिक शुभकामना व्यक्त गर्दछु।

शुभाकाङ्क्षी
कालूसिंह रनपहेंली
पिन्टेल भिलेज सिलगढी
दिनाङ्क : 21.07.2022

## कथाका कुरा

कुनै पनि पुस्तक पढ्दा त्यसको भूमिकाभन्दा पहिले पुस्तकमा भएका कुरा पढ्नू, कथा पढ्दा भूमिकाभन्दा पहिले कथा पढ्नू, कविता पढ्दा पनि पहिले कविता अनि पछि मात्रै भूमिका पढ्नू भनेर म आफ्ना विद्यार्थीहरूलाई भन्ने गर्छु। यसको एउटा सामान्य कारण छ। कुनै पनि पुस्तकको भूमिका अथवा त्यस पुस्तकबारे केही लेख्दा, लेख्नेले पुस्तक पढेकै हुन्छ। पुस्तक नपढी पुस्तकबारे लेख्न सकिँदैन, यदि कसैले लेख्छन् भने त्यो पुस्तकबारे लेखिएको होइन, लेखिएको मात्रै हो भन्ने बुझ्नु पर्छ। पुस्तक पढिसकेपछि लेख्नेका मनमा उठेका कुरा, पाठ वा पुस्तकमा भएका कुरा, आफ्नो अध्ययन र अनुभवले दिएका कुराहरूको मिश्रण त्यस पुस्तकको भूमिकामा आएको हुँदछ। नयाँ पाठकले पहिले भूमिकाबाट पुस्तक पढ्न सुरु गर्छ भने उसको मानसमा भूमिकामा भनिएका कुरा, विचारले एउटा पूर्वाग्रह निर्माण गरिदिँदछ। त्यसपछि उसले जति जति पुस्तकमा भएका कुरा पढ्दै जान्छ उति उति आफ्नो पठनमा उसले भूमिकामा भनिएका कुराका आधारमा अचेतन रूपले पुस्तक बुझ्दै जान्छ, अथवा पुस्तक उसले भूमिकामा भनिएकै जस्तो देख्दै जाँदछ। त्यसैले कुनै पनि पुस्तक पढेर नयाँ स्वाद लिनु हो भने भूमिका कहिल्यै पनि पहिले नपढ्नुस्। यति लेख्दासम्म तपाईँले यो भूमिका यहाँसम्म पढिसक्नु भएको छ भने अब पढ्नु बन्द गरेर कथा पढ्नतिर लाग्नुहोस्। समय पाउनु भयो भने फेरि यो भूमिका पढ्नुहोस्।

अहिले अध्येताहरू कथा र उपन्यासबिचको भिन्नता छुट्ट्याउनतिर लागेका छन्। कथा लामो लेख्दैमा उपन्यास हुँदैन र उपन्यास छोटो लेख्दैमा कथा हुँदैन भन्ने उनीहरूको विचार छ। उसो भए कथा नै चाहिँ के हो रहेछ त भन्ने प्रश्नको खोज अहिले हुँदैछ। यस्तै खोज अनुसन्धनका बिचमा मलाई कथाकार उषा शर्मा (म उहाँलाई आदर अनि प्रेमले दिदी भन्छु)-ले यस कथा सङ्ग्रहको पाण्डुलिपि दिएर भाषा वर्णविन्यास के कस्तो भयो, कथा के कस्तो भयो त्यो विचार गरिदिने निवेदन गर्नु भयो। प्रोफेसर कविता लामा गुरुआमाले पनि यसमा प्रोत्साहन गर्नु भयो। त्यसपछि मैले कथाहरू एउटा एउटा गर्दै पढेँ। कथा वा उपन्यासलाई हामी आख्यान भन्छौँ। यो पारम्परिक रूपमा बनेको पद भयो तर नयाँ अध्ययनमा आख्यान र इतिवृत्त अलग हुन् र कथा उपन्यास इतिवृत्त हुन् भन्ने अध्ययन आइसकेको छ। कथा हुनाका लागि पहिले घटना हुनु पर्‍यो अनि त्यस घटनालाई रोचक, कलात्मक, प्रभावकारी बनाउनका लागि अन्य ससाना घटनाहरू जसलाई कथानक भनिन्छ त्यो हुनु पर्‍यो। त्यसैले घटनाहरूको शृङ्खलाले निर्माण गर्ने कलात्मक सङ्केत चाहिँ कथा हुन्छ। यसमा समाज, राजनीति, धर्म, प्रेम, प्रकृति आदि विषय बनेर आउँदछन्। साहित्यले समाजलाई अथवा समाजमा भएका, हुँदै गरेका गतिविधिहरूलाई नै लेख्छ तर ती विषय लेख्दैमा साहित्य हुँदैन। मूलतः ती विषयहरू कसरी लेखिन्छ त्यसमा साहित्य रहेको हुँदछ। उषा शर्माको यस कथा सङ्ग्रहमा पनि समाजमा भइरहेका विविध घटना वा गतिविधिहरू नै छन्। समाजमा प्रत्यक्ष र परोक्ष रूपमा हुने घटनाहरूलाई उनले कथाको रूप दिएर प्रस्तुत गरेकी छन्। अलि सूक्ष्म प्रकारले भन्नु हो भने उनले आफ्ना कथामा समय लेखेका छन्। कथामा समय लेख्नु भनेको समयको प्रवाह र त्यसले ल्याउने सामाजिक, मानसिक, राजनीतिक आदि परिवर्तन लेख्नु हो। समाजमा घटना हुन्छ तर घटनाका लागि समय आवश्यक हुँदछ। समय छैन भन्नेहरूले आफ्नो तर्क राख्छन् जुन दार्शनिक हुन्छ तर व्यवहारमा जीवनलाई

प्रभावित पर्ने दुईवटा कुरा छन् त्यी हुन् घटना र समय। आजको समाज परिवर्तनशील छ। परिवर्तन यस कारण छ कि समय गतिशील छ तर समाज परिवर्तन हुनु भनेको समय परिवर्तन हुनु हो वा समय परिवर्तन हुनु चाहिँ समाज परिवर्तन हुनु हो? यसबारे चिन्तन गर्न बाध्य गराउँछ 'गन्तव्य' -भित्रका कथाहरूले। यस सङ्ग्रहमा पन्ध्रवटा कथाहरू छन्। ती पन्ध्रवटा कथाहरूमा सामाजिक विसङ्गति, ड्रग सेवन, अत्याधुनिक संस्कृति, प्रेम, राजनीति र बाल यौन शोषणजस्ता विषयहरू खुल्ला रूपमा आएका छन्। कुन कथा कस्तो छ त्यसबारे म यहाँ चर्चा गर्दिनँ, त्यो पाठकले नै मूल्याङ्कन गर्नु पर्ने हुन्छ तर म यति भन्छु यी कथाहरूले देखाउन चाहेको संसार तपाईँ हाम्रै वरिपरिका हुन्।

समकालीन भारतीय नेपाली कथामा अहिले समाजमा भइरहेका, भएका सामाजिक र राजनीतिक घटनाहरू खुल्ला रूपमा आउन थालेको छ। कथाहरूले राजनीतिलाई, सामाजिक हिंसा, यौन हिंसालाई खुल्ला रूपमा लेख्न थालेका छन्। यो एउटा सकारात्मक सङ्केत मान्नु पर्छ। साहित्यले समाजको प्रत्यक्ष रूप देखाउन सक्तैन भने त्यो साहित्य हुँदैन तर प्रत्यक्ष रूप देखाउनु भनेको मञ्चमा दिइने भाषणजस्तो होइन। ती घटनालाई साहित्यकारले साहित्य बनाएर नै प्रस्तुत गर्नु पर्छ। विषयवस्तुका तुलनामा उषा शर्माका यी कथाहरू उनका पहिलो कथा सङ्ग्रहका कथाहरूभन्दा अलग त छैनन् तर प्रस्तुति र कथनमा भने भिन्नता अवश्य देखिन्छ। कथा जटिल छैन किनभने उषा शर्माले प्रयोग गर्ने भाषामा सामाजिक अनि पारिवारिक संस्कारको प्रभाव देखिन्छ। कुनै कृतिमा भाषाको यस्तो प्रयोग समालोचकका दृष्टिमा दुर्बल र सबल दुवै हुन सक्छन् किनभने व्यक्ति कथाकार र कथामा हुने कथाकारबिच फरक हुन्छ। व्यक्ति कथाकार सामाजिक, पारिवारिक, धार्मिक वा सांस्कृतिक संस्कारमा बाँधिएको हुन्छ र यी सबै भौतिक हुन्छन्। तर कथामा हुने कथाकार भाषिक संसारमा पसेर त्यहाँ हुने प्रत्येक घटना (भाषिक रूपमा हुने) -हरू भाषिक रूपमा नै भोग्छन्। त्यसैले कथाको संसार भाषाद्वारा निर्माण गरिएको संसार हो अनि त्यस संसारका विषय चाहिँ भौतिक संसारको प्रतिबिम्ब हो। यसो हुँदा कथामा हुने कथाकारले भाषिक संसारमा प्रयोग हुने भाषाकै प्रयोग गर्दा स्वाभाविक देखिन्छ। यो आलोचनाको पक्ष भयो। 'गन्तव्य' कथा सङ्ग्रहभित्र पाठकले दुई प्रकारका भाषा पाउन सक्छन्। एउटा व्यक्ति कथाकारको संस्कारगत भाषा अर्को कथाको भाषिक संसारमा पात्रहरूले प्रयोग गरेको भाषा। यसले कथालाई कुनै हानी त गरेको छैन तर इतिवृत्त शास्त्रका दृष्टिले यसको भिन्नै अध्ययन हुन सक्छ।

उनका कथाका पात्रहरू आञ्चलिक छन्। यहाँका पात्रहरू घर गाउँ र सानो सहरमा घुमिहिड्ने, जीवन बिताउने तपाईँहामी जस्तै छन्। प्रत्येक व्यक्तिले आफूभित्र आआफ्नै कथा बोकेका हुन्छन् तर ती कथाहरू लेखिँदैनन्। आफन्त वा परिवारमा कतिपय घटनाहरू भएका हुन्छन् जुन समाजले देख्दैनन्। राजनीतिमा आलोचना हुन्छ, विकास हुन्छ तर राजनीति कसैले देख्दैनन्। उषा शर्मा आफ्ना कथाका माध्यमले यी कुरा देखाउन खोज्छन्। त्यसैले उनका कथाले कथागत परम्पराको धर्म छोडेको छैन। उनी प्रयोगमा भन्दा धेर कथा सुनाउनमा वा कथा भन्नमा रुचि राख्छिन्। भारतीय नेपाली साहित्यमा नारी कथाकारहरू धेरै कम छन्। उनले आफ्नो कलम कथा विधामा नै चलाइरहुन् भन्ने मेरो चाहना छ। भारतीय नेपाली साहित्यमा कविताको बाढी आएका बेला उषा शर्माले गद्याख्यानको बाँझो भूमिमा कथाको हरियाली ल्याउन चाहेकी छन्। उनको यस प्रयासलाई पाठकले सम्मान त गर्ने नै छन् यसका साथै भारतीय

नेपाली कथाले पुनः आफ्नो अनुहार उज्यालो बनाउने अवसर पनि पाउने छ। यस कथा सङ्ग्रहको शीर्षक 'गन्तव्य' राखिएको छ। पाण्डुलिपि मेरामा आउँदा शीर्षक अर्कै थियो। तर जब गन्तव्य पढेँ मलाई शीर्षक ठिक लाग्यो। गन्तव्य कथाले कथाकार उषा शर्माको 'अज्ञात यात्रा' कथासँग सम्बन्ध राख्छ। अहिले देखिँदै गरेको कथागत शैली यसमा देखिन्छ। अज्ञात यात्राकी सविता मानव तस्करीमा परेकी थिइन्। त्यसपछि उसको के भयो होला भन्ने जिज्ञासा त पाठकहरूलाई थियो नै। त्यो जिज्ञासा गन्तव्य कथाले शान्त गराएको छ।

'गन्तव्य' कथा सङ्ग्रहभित्रका कथाहरू राम्रा छन् तर म यसमा कथाकार उषा शर्माको 'मास्टरपिस' कथा छ भन्दिनँ किनभने उनका कथाहरूले मलाई अर्को सम्भावना देखाएको छ। कथाकार शर्माको कलमले भविष्यमा यस्तो कथा दिन सक्ने छ जसलाई नपढी र उल्लेख नगरी भारतीय नेपाली साहित्येतिहास अघि बढ्न सक्तैन। कथा भन्नु र सुनाउनु एउटै लागे तापनि सैद्धान्तिक रूपले कथा भन्नु र सुनाउनुमा भिन्नता हुन्छ। उषा शर्माका कथावचकले हामीलाई कथा भन्छ भने ती कथाले अर्को कथा सुनाउँछ। त्यसैले उनका कथाहरू हाम्रा कथा हुन्। तपाईँको कथा, मेरो कथा, हाम्रो कथा। कथाकार शर्माले हामीलाई अझै राम्रा राम्रा कथाहरू दिने छन्। यसमा म विश्वस्त छु। कथाकार उषा शर्मालाई 'गन्तव्य' कथा सङ्ग्रहका लागि हार्दिक बधाइ अनि शुभ कामना व्यक्त गर्दछु।

डा देवचन्द्र सुब्बा
नेपाली विभाग, सिक्किम विश्वविद्यालय
12.08.2022

# मनका कुरा

मिडियाकर्मीका रूपमा जीवनको यात्रा तय गर्दै जाँदा सङ्गीत र साहित्यको धरातलमा पनि आफूलाई उभ्याउने प्रयास आफूसित निरन्तर जारी रहेको छ। साहित्य सिर्जनामा सर्जकको आफ्नो व्यवसायिक परिवेशको छाया पर्नु स्वाभाविक नै हो। साधारण रूपले हेर्दा पत्रकारिता र साहित्य एउटै लागे तापनि यी दुईमा धेरै पार्थक्य छ। पत्रकारिताले मानिसलाई घटनाक्रमबारे सूचित गर्दै सजग र सचेत गर्ने कार्य गर्दछ भने साहित्यले अन्तर्रात्मामा ज्ञान र चेतनाको प्रकाश प्रज्ज्वलित गर्दछ। दुवै विधाले जीवन-जगत्सित सम्बन्धित विभिन्न विषयहरूलाई सम्प्रेषित गर्दछन्। पत्रकारिता बौद्धिक, तार्किक एवम् वस्तुनिष्ठ हुँदछ भने साहित्यले सहृदयतालाई अँगालेर मानव मन शुद्धीकरणको अभीष्ट बोकेको हुन्छ। आज समाचार बनेका विषयहरू भोलि इतिहास बन्न सक्छन्, साहित्यको विषयवस्तु बनेर लेखिन सक्छन्। आफूले पत्रकारिता क्षेत्रमा बटुलेका कतिपय संवेदनशील विषयवस्तुलाई सिर्जनात्मक रूपमा ढाल्न खोज्दा कथाहरूको अस्मिता बन्न पुगेका रचनाहरू तपाईँका हातमा आइपुग्न सफल भएको छ। सन् २०१५ मा प्रकाशित भएको पहिलो कथा सङ्ग्रह *अज्ञात यात्रा*भन्दा सातवर्ष कान्छो यो कथा सङ्ग्रह गन्तव्य (डेस्टिनेसन)-का प्रायः कथाहरू व्यवसायकै क्रममा नयाँ पुराना समाचारहरूबाट टिपिएका विषयवस्तुलाई साहित्यिक परिधानले सजाउने प्रयासहरू हुन्। यी कथाहरू हामी सबैका साझा भोगाइ र तिता-मिठा अनुभूतिहरू हुन्।

अज्ञात यात्रालाई गन्तव्यमा पुऱ्याउनका लागि प्रकाशनको गहन दायित्व निर्वहन गरिदिए वापत् परी प्रकाशन, सिक्किमप्रति कृतज्ञ बनेकी छु।

यस कृतिका लागि प्रसिद्ध साहित्यकार एवम् पद्मश्री सम्मानले विभूषित श्री सानु लामाले आशीर्वाद स्वरूप आफ्नो गहन मन्तव्य प्रकट गरेर ठुलो हौसला प्रदान गर्नु भएको छ। म उहाँप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु।

मेरा कथाहरूमा पारखी दृष्टिकोण राख्दै आफ्ना विचारहरूले अभिप्रेरित गरिदिनु भएवापत विद्वान् समालोचक एवम् नेपाली विभाग, सिक्किम विश्वविद्यालयका सहायक प्राध्यापक डा देवचन्द्र सुब्बाप्रति म ऋणी बनेकी छु।

परिचयात्मक शब्दहरूसित शुभकामनाका हरफहरू लेखिदिनुहने वरिष्ठ साहित्यकार तथा युग्मककार श्री कालूसिंह रनपहेंलीलाई सहस्र धन्यवाद अर्पण गर्दछु।

लेखन कार्यलाई निरन्तरता दिनुपर्छ भनी सदैव हौसला प्रदान गर्नुहुने प्रसिद्ध साहित्यकार डा जस योञ्जन 'प्यासी', समालोचक डा पुष्प शर्मा, समालोचक डा कविता लामा, डा पारसमणि दङ्गाल, श्री एन पी एस निरौला तथा श्री चन्द्र दुलालप्रति कृतज्ञता अपर्ण गर्दछु।

पुस्तकलाई प्रकाशन योग्य बनाउनमा अक्षर सज्जा गरिदिएर सुन्दर स्वरूप प्रदान गर्ने बहिनी श्रीमती विष्णु गुरुङ र भाइ श्री योगेश लिम्बू अनि आकर्षक आवरण चित्रद्वारा पुस्तकको कलेवरलाई जीवन्त बनाइदिनुहुने प्रसिद्ध चित्रकार एवम् कवि दीपा राईप्रति आभार प्रकट गर्दछु।

अन्तमा मेरा परिवारका सम्पूर्ण सदस्यगण, आफन्तजन, साथीसँगी अनि शुभचिन्तकहरूप्रति म आजन्म ऋणी रहनेछु जसका प्रेरणा र प्रोत्साहनले सदैव मलाई जीवनमा सकारात्मक केही गर्ने संकल्पबोध गराइरहन्छ।

उषा शर्मा
गान्तोक

**कथाक्रम** **पृष्ठ**


- अनि आकाश उघ्रिन्छ
- न्याय/अन्याय
- राजनीति
- रेडियो
- तृष्णा
- सिभिलाइज्ड
- सूचिता
- नयाँ
- तेह्र
- भ्रम
- भाग्यविधाता
- बिर्खबहादुर उर्फ बी बी सर
- निष्फल इच्छा
- भाँचिएका दुई हाँगा
- गन्तव्य

# अनि आकाश उघ्रिन्छ

‘रूपक! रूपक उठ् त नानी। दिन भइसक्यो। के भएको छ कोनि आजकल यसलाई। कुम्भकर्ण जस्तो  दिनभरि सुत्छ। उठ है! भात सेलाएर हिउँ भइसक्यो।’

कोरोना महामारीका कारण एक महिनाका लागि राष्ट्रव्यापी लकडाउन घोषित भएपछि सुनिताको व्यस्तता झन् बढेको छ।

दैनिक कामकाज बाहेक एक वर्षअघि ब्याङ्कको नोकरीबाट सेवानिवृत्त भएका लोग्ने हरिश, कलेज पढ्ने छोरो रूपक र स्कुल जाने छोरी लीनाका भिन्दाभिन्दै मागहरू पुरा गर्नुपरेको छ उनले।

‘रेडियो’ सुनिताको सर्वप्रिय साथी।

रेडियो सुन्दै भान्साको काम गर्दा उनले यसबाट मनोरञ्जन सँगसँगै विविध जानकारी र विश्वभरिकै घटनाहरूबारे अपडेट हुन् पाउँछिन्।

***

‘सिलगढीबाट आवश्यक सामग्रीहरू लिएर सिक्किम आइरहेको मालवाहक ट्रकमा धेरै मात्रामा नसालु पदार्थ भेट्टाइयो। चालक र परिचालक गिरफ्तार।’

विशेष समाचार बुलेटिनका प्रमुख समाचारहरुमध्ये यो अन्तिम खबर कानमा परेपछि सुनिता केही गम्भीर भइन्।

‘कति पापीहरू! यसमा कतिजनाको साँठगाँठ थियो होला। यस्तो विकट स्थितिमा पनि पैसा कमाउने र अरूलाई बिगार्ने ध्येय।’ मन मनै सोचिन्।

***

‘भात पाकेन ?’

एकोहोरिएर के के सोचिरहेकी सुनिता, हरिशको यस्तो प्रश्नले झस्किन्।

‘भइहाल्यो अब ठिक पार्छु। आइहाल्नु है। रूपक र लीनालाई पनि बोलाइदिनु नि।’

डाइनिङटेबलमा खानेकुरा ठिक्क पारेर राखिसकेपछि तीनैजना आए। हजुर आमालाई लीनाले कोठामै खाना लगिदिई।

‘मासुबिना त भातै रुच्दैन हौ, कति सब्जीसित मात्रै खानु।’

‘अँ हौ घाँसपात खाँदा खाँदा वाक्क भइसक्यो। मराउ परेका घरमा जस्तो।’

बाबु र छोराछोरीको गन्थन सुन्दै सुनिताले आफ्ना लागि पनि भात पस्किएर टेबलमा ल्याइन्।

‘आमा आजको खाजा के हो? स्पेसल हुन्छ होला नि, रोटी त म खान्न है।’

लीनाको प्रश्नको उत्तरै दिन नपाइ रूपकले भनिहाल्यो...‘म पनि खान्न। रमेशसित माछा मार्न रानीखोला जाने प्लान छ।’

‘भरे हेर्छु। समय पाएँ भने बन्दाकोपीको मोमो बनाइदिन्छु नि।’

‘सब्जीको मोमो! हुन्छ हुन्छ।’

‘बिहानको भान्सा सकिएको छैन, खाजाको सुर्ता। सिन्को भाँच्ने जाँगर भने कसैको होस् न फेरि।’

दबेको स्वरमा सुनिताको मुखबाट गुनासो निस्कियो।

कसैले सुनेन! सुन्ने गरी वा सुनुन् भनेर पनि सुनिताले भनेकी थिइनन्।

धन्दा गर्न थालेकी मात्रै थिइन् चार्जमा राखेको सुनिताको मोबाइल बज्यो।

'आमा! तपाईँको फोन आयो।'

'छोरी! ल्याइदेऊ न, अफिसबाट कृष्ण सरको होला।'

'आफ्नो फोन आफैसँग राख्नुपर्छ नि।'

रिसले फन्किदै गएर लीनाले फोन ल्याई दिई। कृष्ण सरकै रहेछ। सुनिता अफिस जानुपर्ने भयो।

***

अफिसको काम त छिटै सकियो। तर बडाबाबु पासाङ शेर्पा भाइ र एमटिएस सुरेशसित एकछिन गफ गर्न मज्जा लाग्यो उनलाई।

विषय उही 'कोरोना'।

गान्तोक न हो, पानी छिट्याउन थालिहालेछ। अलिअलि जाडो पनि।

सुनिता घरतिर लागिन्। सिउसिउ गर्दै लाचुङपा आग्याको छ तले भवनको तेस्रो तलामा अवस्थित आफ्नो घर भनिएको ठाउँमा पुगिन्। टिभि हेर्दै गरेका हरिशले ढोका खोलिदिए।

'बल्ल आइपुग्यौ हौ। मिठो चिया खाऔँ ल। आमाको पनि मुख सुकिसक्यो होला।'

थाकेकी पत्नीको अनुहार नहेरी हरिशले चिया पकाउने आदेश छाँटिहाले।

'आमा मलाई पनि कफी है।'

छोरीले पनि हुकुम गरी।

'आफूहरू दिनभरि घर बस्ने। मुख भिजाउन चैँ मेरो बाटो हेर्ने?'

सुनिताले सम्झिइन् मात्र, मुख खोलिनन्।

माइतबाट पाएको संस्कार लत्याउन पनि सकिनन्। एक किसिमले सम्झौता नै भन्दा पनि भयो।

***

आफ्नो कर्तव्य पुरा गरेर दिनले रातलाई अँगाल्ने क्रममा साँझको पालो आएको थियो। तर रूपक घर आइपुगेको थिएन।

'हन यो केटो कहाँ गयो हँ? माछा त दिनमा पो मार्नुपर्छ।'

'रमेशसित गएको थियो, आउँदै होला नि। फोन गरेको पनि आउट् अव् रिच देखाउँदैछ।' हरिशले सान्त्वना दिए।

***

रातको दस बजी दैलोको घन्टी बज्यो, सुनिताले तुरुन्तै दैलो खोलिन्।

'आमा आज भात खान्न है। रमेशकै घरमा खाएँ।'

ऊ हान्निएर कोठाभित्र पसिहाल्यो। सुनिताका वाक्यहरू भान्सा कोठाभित्रै रुमल्लिएर त्यतै हरायो।

राति राति सधैँ अलिकति चिरिप लगाउने हरिश घुर्न थालिसकेका थिए। रूपकका बारेमा लागेको शङ्का व्यक्त गर्नै पाइनन् सुनिताले।

***

शान्त, सुन्दर, हिमाली राज्य सिक्किमको राजधानी सहर गान्तोक छेउमा रहेको आरिथाङ गाउँमा बस्छन् उनीहरू। वरिपरि भवनहरूको खचाखच भए पनि भाडाको घरलाई चिटिक्क राख्ने बानी छ सुनिताको।

पच्चिस वर्षअघि दार्जिलिङबाट आएर ब्याङ्कमा सेवारत हरिश र महालेखाकार कार्यालयकी साधारण कर्मचारी सुनिता दुवैलाई यही घर-गृहस्थी चलाएर बिताएका पच्चिस वसन्त औधी नै प्यारो लाग्छ।

घरको सानो बरन्डामा रङ्गीबिरङ्गी आकर्षक फुलहरू फुलेका छन्। आकाश खुल्ला हुँदा बिहान पाऽऽऽरी सेतो हिउँले सिङ्गारिएको कञ्चनजङ्घा मुसुक्क हाँसेको देखिन्छ। रक्षकदेव मानिने विश्वकै तेस्रो सर्वोच्च शिखरमा सूर्यको सुनौलो किरण छर्रिंदै जाँदा स्वर्णमय प्राकृतिक परिदृश्यले अलौकिक आनन्दानुभूति हुन्छ सुनितालाई। पवित्र हिमशिखरको दर्शन गरेपछि दस पन्ध्र मिनट भए पनि फुलहरूलाई सुमसुम्याएर दिनचर्यामा व्यस्त हुन्छिन् उनी।

***

‘खर्याक खर्याक...खरक...।’

कलमा पानी आएछ। सङ्केत पाउने बित्तिकै खाने पानी थापेर चिया बसाइन्।

हरिश रमिता हेर्दै चिया पिउन थाले।

सधैँझैँ सुनिता पनि आफ्नो चिया लिएर त्यतै गइन्।’

‘रूपकका व्यवहार हिजोआज निकै बद्लिएको छ, याद गर्नु भएको छ तपाईँले? हाम्रो सामु पर्दैन, त्यत्ति गफ पनि गर्दैन, साथीहरूसँग बरालिन्छ, कताको सामाजिक दुरी?

‘अँ म पनि देख्दैछु। एकजना कालो चस्मा लगाउने अलिक ठुलै केटाले सरकारी गाडीमा आएर हर्न बजाएपछि ऊ हतार हतार बाहिर निस्किन्छ।’

‘अन्त बेला बेला यहाँ पनि आउँछ त त्यो, तल छगन भैय्याको छोरो श्यामसित।’

‘घरमै अलिक अलमल्याएर, राख्नुपर्छ। यसलाई मनपर्ने मिठा मिठा खाना खुवाएर यतै भुल्याउनुपर्छ। यसरी केटाहरूसँग बाहिर जानदिनु हुँदैन हौ।’-सुनिता बोल्दा बोल्दै बाबु नै भएर भने हरिशले।

कुकरको सिटीले प्रसङ्ग टुङ्ग्याउने सङ्केत दियो। तर रूपकका व्यवहारमा आएको परिवर्तन दुवैका लागि ठुलो चिन्ताको विषय थियो।

***

‘आमा भात खाने बेला भयो ?’

घाम छिप्पिएपछि मात्र उठ्ने रूपक त्यसदिन छिटै उठेछ। अनुहार उज्यालो पनि थियो।

उमेरले खुम्चिँदै गरेको हरिश र सुनिताको गाला तनक्क तन्किए।

दुवै ढुक्क भए।

‘अरे आज घाम पश्चिमबाट झुल्किएछ है।’

लीना पनि छक्क परी।

‘आजको खाजा न्युट्रिला र पनिरको मोमो है।’

सुनिताले खाजाको पूर्व घोषणा गरी मात्र सकेकी थिइन्, हरिशले लीनालाई मैदा बेल्नु सघाउने आदेश दिइहाले।

‘आमा! बजारबाट सौदा ल्याउनुछ? मेरो प्रोजेक्टको एक दुईवटा सामान किन्नु छ, म जान्छु।’

‘छ त। बाबा र हजुरआमाको दवाई पनि ल्याउनु छ। जाँगर चल्यो भने लालबजार पनि जाऊ, सब्जी लिन।’

अरू बेला लालबजारको नाम सुन्नै नमान्ने रूपकले आज नाइनास्ती नगरी मान्यो।

मौका पारेर हरिशले अनलाइन क्लासको होमवर्क गर्नमा बहिनीलाई सघाउनु पनि भने।
उसले टाउको हल्लायो।

***

आइतबार हुनाले अफिस छुट्टी थियो।

दिउँसो समाचार पत्र पढ्ने र फेसबुक हेरेर अनलाइन काव्यगोष्ठी र विभिन्न प्रतियोगिताहरूको आनन्द लिने समय पाइन् सुनिताले। एक दुईवटा फेसबुकका कविता र खबर पढिसकेको मात्रै थिइन्- हरिशको चियाको तलतल मेटाउनु पर्ने भयो।

‘चियाको टाइम भएन? एक बजिसकेछ।’

हेर्दै गरेको फेसबुक बन्द गरी ‘ल्याउँदै छु’ भनेर सुनिता किचनतिर गइन्।

चियाको झन्झट सकिए पनि मोमोको झन्झटले पर्खिरहेको थियो।

अभ्यस्त र निपुण सुनिताले सबैका लागि मोमो बनाइन्।

लीना घर आइसकेकी थिई। बजारबाट रूपक पनि आइसकेको थियो।

सबैले तात्तातै मोमो खाए।

उब्रिएको पैसाबाट रूपकले कलेजको सिनियर विवेकबाट सापटी लिएको पैसा तिर्छु भनेर रूपकले पाँच सय रुपियाँ माग्यो।

अब उसो अरूबाट बाँकी नलिने वाचा गराएर गाली र मायासँगै सुनिताले रूपकले भने जतिनै दिइन्।

‘एकछिन दीपकको घरमा पुगेर आउँछु ल। पटनामा बस्ने उसको बडा खसेछन् नि, एक्सिडेन्ट भएर।’- भएकै जस्तो तर कसैले नसुनेको कुरा गरेर रूपकले अनुमतिको औपचारिकता देखायो।

‘जानु त जानु तर छिटै घर आइहाल्नु नि।’ सुनिताले उसलाई रोकिनन्।

***

समयको गतिलाई कसले रोक्ने? भोलिपल्ट नयाँ दिन जन्मियो कसैका घरमा हाँसो खुसी र कसैकामा दुख पीडा लिएर...।’ तरै पनि दिन नयाँ थियो।

‘स्ट्रोक भएर रमेशका काकाको अचानक देहान्त भएछ, म सिङ्गताम जान्छु ल’- भन्यो रूपकले।

साथीकै काका भएकाले रूपकलाई नजा भनेनन् कसैले पनि।

खाना खाइवरी एक हजार रुपियाँ र ब्याग प्याक भिरेर ऊ घरबाट निस्कियो।

कालो चस्मा लगाउने त्यही केटो विवेकको रहेछ गाडी।

***

साँझ परेपछि सब्जी काट्ने, अचार बनाउने, ...मसला पिस्ने...यस्तै के के गर्दा गर्दै ठुलो रात पर्‍यो।

'समाचारको समय पनि कति छिटो भएको हौ।'

रेडियो खोलिन् सुनिताले।

प्रमुख समाचार थिए...

केन्द्र सरकारले गर्‍यो तेस्रो चरणको लकडाउनको घोषणा।

रम्फू नजिकै टिस्टा नदीमा डुबेर चारजना युवकहरू बेपत्ता।

सिक्किम र बङ्गालको सीमा बन्द भएको हुनाले नदीमा पौडिएर नसालु पदार्थ ओसारपसार गर्न सक्रिय ठुलो तस्कर समूह घटनामा सङ्लग्न रहेको आशङ्का, यसमा निर्दोषहरू फँसेको रिपोर्ट।

धैर्यसँग दस मिनटसम्मै समाचार सुने उनीहरूले।

छगन भैय्याले त्यतिखेर मात्र रूपकहरू त्यस दिन फर्किन नपाउने सूचना दिए। रूपकले दिउँसो मेसेज पनि पठाएको रहेछ।

मङ्गलबार दुई तीन घन्टाका लागि अफिस गइन् सुनिता। फर्कँदा, बाटामा च्याउ बेच्न राखिएको देखेर किनिहालिन् चार प्याकेट। रूपक र लीनालाई मन पर्ने।

बेलुकीको खाना रूपकलाई पर्खिएर नै खाने सल्लाह भयो।

***

लीना पढ्दै थिई। धेरै मेहनत गर्दिन तर पढ्नमा राम्रो छे ऊ।

रूपकको पनि दसौँ र बाह्रौँ श्रेणीको बोर्ड परीक्षाको परिणाम सन्तोषजनक नै थियो। विज्ञान विषय लिएर पढ्दैछ ऊ।

विश्वविद्यालयको प्राध्यापक हुन्छु भन्छ तर त्यो हुन सक्नु नसक्नु बेग्लै कुरो हो।

***

रूपकको एकै दिनको अनुपस्थितिमा पनि घरमा शून्यता छरिएको थियो। नानीहरूको अनुपस्थितिमा साँझको वातावरण त झन् उराठलाग्दो। अझै बिजुली पनि जाँदा त...कहालीलाग्दो हुन्छ।

***

हरिशको मोबाइल बज्यो।

'पक्कै रूपकको हुनुपर्छ।'

उताको स्वरै नसुनी सम्बोधन गरिहाले 'अँ रूपक...हल्लो...'

'हल्लो! हरिशज्यू बोल्नु भएको?'

'हरिश कुमार कार्कीज्यू होइन?'

'हो बोल्दैछु, के थियो होला?'

'रूपक कार्की तपाईँको छोरो हो?'

‘हो त’,

मोबाइलको स्पिकर अन् थियो। सुनिता दौडिँदै आइन्।

‘म, रम्फू थानाबाट बोलेको। एउटा खबर थियो रम्फू नदी दुर्घटनाको। ...तपाईँ थानामा आउनुपर्छ।’

हरिशले रहल कुरा सुन्न सकेनन्...

सुनिताको होस उड्यो। लल्याकलुलुक भइन्। अर्धचेतमै टेबलमाथि राखिएको जगको पानी टाउकामा खनियो ख ल ल ल...।

कोविडले प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभावित लाखौँ मानिसहरूको दुख-कष्ट, पिर-व्यथा साम्य होस् भन्ने कामना लिएर सधैँ ईश्वरसित प्रार्थना गर्ने सुनिताको स्वच्छ र कोमल हृदयमा कोरोनाको घात कहिल्यै निको नहुने गाढे घाउ भएर ट्याप्प टाँसियो।

***

पल्लो घरमा आकाशवाणी गान्तोक रेडियो बोल्दै थियो...

‘हिजो, पूर्व सिक्किमको रम्फू नजिकै टिस्टा नदीमा डुबेर मर्ने चारजना युवकहरूको शव भेट्टाइयो...।

‘यस घटनाबाट नसालु पदार्थसँगै मानव तस्करी गर्ने ठुलो समूहको भन्डाफोर गर्नमा सहयोग हुने पुलिसको दाबी’...।

## न्याय/अन्याय

हिउँदको घाम कसलाई मन पर्दैन र। झन् उमेर उकालिँदै गएपछि त मसिनरूपी शरीरका कलपुर्जाहरू खिइँदै जाँदा मानिसलाई गर्मी पनि धेर र जाडो पनि औधी लाग्छ।

आफ्नो भव्य घर अगाडिको फराकिलो आँगनमा बिहान घामले न्यानोपन छर्नेबित्तिकै श्यामप्रसाद ठन्डाले चिसिएको शरीर सेकाउन बसिहाल्छन् ठुलो आरामदायक चौकीमा। हातमा अङ्ग्रेजी, हिन्दी र नेपाली दैनिक समाचार पत्रहरू त हुन्छन् नै। मर्निङ्ग वक र व्यायाम गरेर समाचार पत्र पढेपछि मात्र शरीर र मन दुवै स्फूर्त भए झैँ लाग्छ उनलाई।

दीपाले पूजापाठ सकेपछि घरकी काली देवकीले चिया-बिस्कुट र ड्राइ फ्रुट्स ट्रेमा सजाएर आँगनमै ल्याई।

"बुबासँग सल्लाह गरेर भन्छु नि। सकेसम्म आउने कोसिस गर्छौं फुच्चेलाई पनि त्यहीँ आएर हेर्न मन लागेको छ।"

छोरीसँग फोनमा कुरा गर्दै दीपा श्यामप्रसाद भएतिर गइन् सँगै बसेर चिया पिउनलाई। दिनचर्याको एउटा हिस्सा हो यो उनीहरू दुईको।

'प्रशान्तिले अर्को महिनातिर अमेरिका बोलाउँदैछे। कामले गर्दा ज्वाइँको दुई महिना अस्ट्रेलिया जानुपर्ने भयो अरे। ऊ एकलै हुने रहिछ।"

दीपाको कुरा श्यामप्रसादले सुने तर उत्तर दिएनन्।

'हेर न बुबाले जजमेन्ट रिजर्भ राख्नुभो। पछि सल्लाह गरेर भनौँला। मेरो चिया सेलायो, अहिले राखेँ ला।'

'हुन्छ।'

दुवैले चियाको घुट्कीसितै बिहानको स्वच्छ वातावरणको आनन्द लिए।

श्यामप्रसादले आफ्नो जीवनकालमा कोर्ट रुमभित्र थुप्रै मुद्दाहरू देखेका थिए। राजनीतिक, धार्मिक, पारिवारिक, हत्या आदिका मुद्दाहरूको इमानदारीका साथ निर्णय दिएका थिए। तर केही दिनदेखि श्यामप्रसादको मनमा अन्योल, अलमल, दोधारको खैलाबैला भइरहेको थियो। दीपाले पनि त्यो अनुभव नगरेकी होइन। श्यामप्रसाद घरमा अफिस वा कोर्टको कुरा चर्चा गर्दैनन् तर यसपालि भने उनी चिन्तित, भावुक र अन्योलमा देखिन्थे। कुनै निर्णयमा पुग्न नसकेर थाकेको योद्धाजस्तै....।

***

जिल्ला अनि सत्र न्यायालय...। मुद्दा कारबाहीको पहिलो दिन...। तारिक ६ अगस्त...।

'योर अनर! मनमायाले आफ्नो लोग्ने धनबहादुरको हत्या गरेकै हो। यो मुद्दा सङ्लो पानीजस्तै छर्लङ्ग छ। पुलिसले हत्याकाण्डस्थल धनबहादुरकै घरको कोठाबाट भेटेको कच्चेट, जगट्याउँदा उखेलिएको कपालको मुठो र खुन लागेका लुगाहरूबाट सत्य कुरो प्रमाणित भइसकेको छ। प्रयोगशालाको

जाँचपछि प्राप्त एनालिटिकल रिपोर्टमा पनि धनबहादुरको र कच्चेटमा लागेको ब्लड ग्रुप ओ पोजेटिभ नै पाइयो।'

सरकारी वकिलको तर्कपछि मनमायाको तर्फबाट बचाउ पक्षका वकिलले आफ्नो तर्क राख्न चाहेनन्।

मनमाया विरुद्ध आरोप तय भयो। न्यायाधीश श्यामप्रसादले सुनुवाइको अघिल्लो तारिक सात जुलाई तोके...।

धनबहादुर र मनमायाको सुखी परिवारमा विवाहको पाँच छ वर्षपछि दुखको ग्रहण लाग्न थालेको हो। गाउँको सरकारी स्कुलकी शिक्षिका प्रभादेवीको तीन तल्ले भवन नजिकै एउटा कच्चा घरमा उनीहरू सरेको पनि चार वर्ष नाघिसकेको थियो।

होचो कद, घुँघुरिएको कपाल, भुँडी अलिकति बाहिर निस्किएको, शरीरको मोटाइका तुलनामा खुट्टाहरू साना-साना तर फुर्तिलो र बलियो नै देखिन्थ्यो धनबहादुर। फर्साइलो, हँसिलो, छिमेकीका दुख सुखमा दिलोज्यानले सघाउने...। लाग्थ्यो। धनबहादुरबिना कुनै पनि काम अधुरो पो भइहाल्छ कि जस्तो...।

'यहाँ आउन अघि तिमी कहाँ थियौ धनबहादुर?'

गाउँका मानिसहरूले यस्तो प्रश्न गर्दा ऊ आफ्नो ठेगाना कहिले मानपुर, कहिले चरिकोट, कहिले बुधबारे र कहिले फुवागडी बताउँथ्यो। यस्तो उत्तरबाट उसको स्थायी ठेगाना छैन र जहाँ जहाँ काम पाइन्छ त्यही नै बसाइँ सर्ने गरेको स्पष्ट हुन्थ्यो।

'धनबहादुर' काम र मामका लागि यायावर जीवन बिताउनुपर्ने विसङ्गतिपूर्ण नियतिले पिरोलिएको व्यक्ति। तर आफूभित्र उकुसमुकुसिएका पिरहरू ऊ हाँसेर लुकाउँथ्यो...कुनै न कुनै दिन सपना, कल्पना, उमङ्ग र महत्वाकाङ्क्षा पूर्ण हुनेछ भन्ने आशा लिएर…।

स्वास्नी मनमाया लठेप्री। स्पष्ट सुन्न-बोल्न सक्दिन। होची, गहुँगोरो वर्णकी, लामो कपाल र हिस्सी परेकी। घरेलु काममा सिपालु। दिनभरि गिट्टी कुटेर घरखर्च पुऱ्याउनमा सहयोग गर्छे। धनबहादुरलाई पनि चिया खाजा पठाउन बिर्सिन्न।

ठुली छोरी सात वर्षकी निरालाई घर मालिकनी प्रभादेवीले सरकारी प्राथमिक स्कुलमा भर्ना गरिदिएकी छन्।

भुँडी भर्न र ओत लाग्नका लागि भाडामा लिइएको एउटा कच्चा छहारी छँदैछ। ठुलो सपना देखेका छैनन् उनीहरूले। सुख सुविधा सम्पन्न नभए पनि तह मिलेकै देखिन्छ धनबहादुर र मनमायाको संसार।

***

जीवनको गाडीसधैँ सिधा बाटो भएर गुड्दैन। कहिले उकालो, कहिले ओह्रालो, कहिले भिर पाखा त कहिले पैह्रो।

स्वभावले सोझो भए पनि धनबहादुरले रक्सीखान थालेको थियो...। साथीहरूसँग बसेर अलिक पिउने बानी लत हुँदै गयो। धेरै समय लागेन। यही लत मनमायाका लागि अभिशाप बन्दै गयो।

***

'सब्जीमा किन नुन नहालेको?'

'खोई त आज मासु?'

'कति नमिठो दाल। भात कसरी खानु?'

साँझमा रक्सी खाएर घर आएपछि सानो सानो निहुँ गरेर मनमायालाई गाली गर्ने र कुटेर कचिङ्गल गर्ने बानी पनि लत परेको जस्तै हुनथाल्यो।

दिनभरिको थकाइ मार्नसम्म नपाउनु र कुटपिटको चोट सहनु मनमायाका लागि पनि भाग्य नै हो जस्तो भइसकेको थियो तर जानु कतै थिएन। सहेरै बसेकी थिई।

सुरुसुरुमा छिमेकीहरू आएर छुट्ट्याउँथे। रुँदै गरेका नानीहरू र मनमायालाई प्रभादेवीले आफ्ना घरमा लैजान्थिन्...। पछिपछि दिनहुँको झगडा अरूका लागि सामान्य बन्दै गयो। हस्तक्षेप गर्न छोडिदिए।

***

एघार जुलाई...।

असारे झरी नथामिएकाले बाटो खन्ने काम भएन..., माथिबाट झर्ने पैह्रोको जोखिम पनि थियो...। दुवैजना घरैमा थिए।

धनबहादुरले मनमायालाई निकै काम सघायो, त्यो दिन। माया पनि देखायो...। एक अँगालो माया र आत्मीयतापूर्ण सुम्सुम्याइले मनमाया मख्ख भई। छोरीसित पनि खेल्यो...। धेरै दिनपछि घर उज्यालिएको अनुभव गरी मनमायाले...।

लागेको बानी छोड्न गाह्रो हुन्छ। साँझमा धनबहादुर घरबाट बाहिरियो...अशुभ लक्षणको सङ्केत दिँदै। त्यो रात छिट्टै फर्कियो पनि...तर सधैँभन्दा धेरै लड्खडिँदै...।

'प ड् या क् क'

भान्साघरमा धनबहादुर बसेको पिरा भाँचियो। ऊ भुइँमा थेचारियो। उठ्न खोज्दा फेरि डङ्ङ लड्यो। टाउको बजारिएछ। झन रिसायो।

'एई अलच्छिनी! तैँले मलाई मार्ने जाल रचेकी होस्? कच्चा पिरा किन यहाँ राखिस्? लाटी देख्दादेख्दै पनि तँसँग बिहे गरेको होइन? बिर्सिस् मेरो गुन, डङ्किनी..., म...म...तँलाई हेर न के गर्छु...।' धरखरिँदै उठेर धनबहादुरले मनमायाको चुल्ठो समातेर...घिसार्न थाल्यो।

दुखाइ असहनीय हुँदै गएपछि सहनशीलताले सीमा नाघ्यो। आँखा तिरमिर भयो। मनमायाले अगेनामा भएको कच्चेट टिपेर हानी...छयाक आवाज आयो। चल्नीमै लागेछ। ढुन्मुनिँदै लड्यो। धनबहादुर ठहरै भयो।

हल्ला शान्त। चकमन्न वातावरण...। छिमेकी पनि आश्चर्यमा। लामो झगडा भएन त्यो दिन...।

'किन! सुनसान भइहाल्यो त। जाऊ होइन? एकपल्ट चिहाउन!'

प्रभादेवी र सुमन सरले ढिलो गरेनन्। भित्ता भत्किएको इक्राको घरको प्वालबाट चियाउँदा...मनमाया भात खाइरेहकी थिई...,आफ्नै धुनमा...।

तर अर्को अविश्वसनीय दृश्यले उनीहरू आत्तिए। धनबहादुर अचेत भएर भुइँमा लडिरहेको थियो...मुढा जस्तै...।

धनबहादुर मरेको हल्लाको डढेलो लाग्यो।

***

मुद्दा कारबाही अर्को दिन...।

'योर अनर...। हत्याको पुष्टि गर्ने अर्को प्रमाण...। घटनाकी एक मात्र साक्षी धनबहादुर र मनमायाकी ठुली छोरी निराले पनि बाबुले आमालाई कुटिरहेका बेला आमाले छेउमा भएको कच्चेटले हिर्काउँदा बाबु लडेको बयान दिएकी छ।'

अभियोजन पक्षका वकिल आफ्नो तर्क राखिरहेका थिए...।

'आ...मा...'

कोर्ट रुममा प्रभादेवीका काखमा बसेकी मनमायाकी पाँच वर्षकी सानी छोरीले मनमायालाई धेरै दिनपछि देख्दा खुसीले चिच्याएको आवाजले सबैको ध्यानाकर्षण गऱ्यो।

प्रभादेवीकै छेउमा बसेकी निराले ट्याप्पै हत्केला राखेर बहिनीको मुख बन्द गरिदिई।

मनमायाले एकटक लगाएर सानी छोरीलाई हेरिरही। अनौठो भावभङ्गीसितै। लगाएको मैला लुगा, केस नकोरेको कति भएको थियो एकपट्टी फुस्केर अर्कापट्टि बाँधिएको थियो। टाउको हल्का दाहिने तिर झुकेको, दुई चारवटा केसहरू आँखालाई नाँघेर तल झुन्डिएका थिए। तर आँखा भने सिधै छोरीमाथि थियो। केही भन्न मन लागेको जस्तो देखिन्थ्यो। रोएकी थिइन तर रुँदै रुँदै आएकी हो भन्ने आँखाले बताउँथ्यो। मनमायालाई देखेर सबै भावुक थिए तर ऊ अहिले न्याय र अन्यायको सँघारमा उभिएकी थिई।

यतिका वर्षसम्म कोर्टमा अनेकौँ केसहरू देखेका श्यामप्रसादले मुद्दाको पहिलो दिन नै मनमायाको स्थिति बुझिसकेका थिए। तर कोर्ट भावनाले चल्दैन प्रमाण र तथ्यले चल्छ भन्ने ज्ञान उनलाई थियो। मनमायाको स्थिति र दुई छोरीहरूको अवस्थाले श्यामप्रसादलाई भावुक बनायो। तर आफैलाई सम्हाल्दै कठोर हुन खोज्दै उकिलको तर्क सुन्न थाले।

'हनरेड पर्सेन्ट हत्याकै मामिला हो।'

एकातिर मनमायाको प्रतिक्रियारहित निर्दोष अनुहार, विवश स्थिति, पुलिस, कानुन, अदालत, न्याय, वकिल तथा न्यायाधीशदेखि...अनभिज्ञ...।

अर्कातिर टुहुरा बन्न सक्ने दुईजना अबोध बालिकाहरू र उनीहरूको अनिश्चित भविष्य...।

अन्योलमा थिए श्यामप्रसाद।

उनको मनभित्र रुमलिएको अन्तर्द्वन्द्व स्पष्ट झल्किन्थ्यो अनुहारमा।

'मनमायाले हत्याको आशयले होइन, आत्मरक्षाका लागि हिर्काएकी हो...। चल्नीमै ताकेको पनि होइन पक्कै..., दुर्भाग्यवश लागेको हो।'

तर अन्योलमय स्थिति के थियो भने मनमाया बोलेर आफ्नो पक्ष राख्न असमर्थ थिई।

हत्याको सजाय सुनाएर बाबु गुमाएका नानीहरूबाट आमाको काख पनि खोसिदिने आँट श्यामप्रसादमा थिएन। उनी यसो गर्न चाहँदैनथे। उनको न्यायका तराजुमा कारावासको सजायभन्दा मानवताको नाता नै धेरै गहकिलो बन्यो। कानुनी पक्षलाई भावनात्मक पक्षले परास्त गऱ्यो।

त्यस दिनको कारबाही स्थगित भयो।

***

'तेस्रोचोटि ल्याएको चिया पनि सेलाएछ त। फेरि अर्को पठाइदिउँ?' दीपाले सोधिन्।

कुनै पनि मामिलाको फैसला गर्नु अघि दुबिधामा पर्दा आफ्नो बेड रुममा ओल्लो कुनादेखि पल्लो कुनासम्म ओहोरदोहोर गरिरहने, टेबलमा भएका खबर कागज र भित्तामा झुन्ड्याइएका क्यालेन्डरहरूको टुप्पो च्यातेर मुखमा हाल्ने श्यामप्रसादको स्वभावदेखि दीपा अवगत थिइन्...।

सन्तोषजनक निष्कर्षमा नपुगेसम्म यो प्रक्रिया चलिरहने कुरो बुझेकी दीपाले डिस्टर्ब गर्न चाहिनन् श्यामप्रसादलाई। मनमा एउटै डर के थियो भने कुनै ठोस नतिजामा नपुगेसम्म श्यामप्रसाद रातभरि छटपटाउँछन्।

त्यो रात पनि त्यस्तै भयो।

***

भोलिपल्ट, श्यामप्रसादले अभियोजन र बचाउ पक्षका वकिलसँग परामर्श गर्ने निधो गरे...।

तेह्र सितम्बर...।

धनबहादुर हत्या मामिलाबारे अन्तिम सुनवाइ गरेर फैसला सुनाउने दिन।

श्यामप्रसादका अघिल्तिर एकापट्टि सरकारी वकिल र अर्कापट्टि बचाउ पक्षका वकिल उभिएका थिए। मनमाया कठघरामा थिई।

'योर अनर! मनमायाले रक्सी पिएर होसमा नभएको लोग्नेलाई कच्चेटले जानीबुझी हिर्काएकी हो र चल्नीमा लागेकाले धनबहादुरको तत्काल मृत्यु भयो।'

सरकारी वकिलको यस्तो तर्कपछि बचाउ पक्षका वकिलले मनमायालाई इसाराले...केही न केही बोल्न लगाउने लगातार प्रयास गरे।

'...म..लाई...ज..गा...टो...अनि...।' लट्याँग्रो लबजमा अड्किँदै मनमायाले यत्ति मात्र बोल्न सकी।

'योर अनर! मनमायाले भर्खरै दिएको बयानबाट कुटाइ र जगटा लुछेको दुखाइ खप्न नसकेर आफ्नो रक्षाका लागि हिर्काएको प्रमाणित हुँदछ। बुद्धि नभएकी माइनर बालिकाको बयानलाई हत्याको ठोस आधार बनाउन सकिँदैन।'

'योर अनर धनबहादुर पिराबाट थेचारिएपछि उठ्ने प्रयास गर्दा लडेर टाउको बजारिएको थियो। यो पनि उसको मृत्युको कारण हुनसक्छ।'

'लोग्नेलाई मार्ने मनमायाको मनसाय थिएन। लाटी-सोझी मनमायाले कहिल्यै धनबहादुरमाथि हात उठाइन। न त कुनै आपराधिक मामिलामा ऊ संलग्न रहेको रिकार्ड छ।'

'योर अनर! आत्मरक्षाका लागि चालिएका पाइलामा मनमायालाई निर्दोष सिद्ध गरेर बरी गरिदिया जाओस्।'

यसै क्षणको दीर्घ प्रतीक्षामा रहेका श्यामप्रसादले तुरुन्तै आफूले हृदयबाटै चिताएको फैसला सुनाए। यस्तो अप्रत्याशित निष्कर्षबाट मनमायाका शुभचिन्तकहरूको नियास्रो अनुहारमा खुसीको लहर देखियो भने धनबहादुरका साथीहरूको नाक खुम्चियो।

तर सबैभन्दा हर्षित थिए श्यामप्रसाद।

धेरै ठुल्ठुला मुद्दाहरूमा ऐतिहासिक फैसला दिएर रिटायर हुन लागेका श्यामप्रसादका लागि धनबहादुर हत्याकाण्डमा दिएको न्याय आफ्नो सेवाकालकै सर्वाधिक सन्तोषप्रद निर्णय थियो।

***

त्यस घटनाका पात्रहरू मनमाया र दुई बालिकाहरू सम्झेर श्यामप्रसादले आफ्नै छोरी प्रशान्ति र नातिलाई सम्झिए।

श्यामप्रसादलाई आफ्नै छोरी प्रशान्ति र नातिको याद आयो।

'दीपा! अप्रेल महिनातिर जाऔँ न ल क्यालिफोर्निया। मौसम राम्रो हुन्छ नि त्यतिबेला।'- श्यामप्रसादको बोलीमा सन्तोषको आवाज थियो।

'ए! अन्त यति चाँडै 'रिजर्ब्ड जजमेन्टको फैसला गरिहाल्नु भएको? हुन्छ म प्रशान्तिलाई खबर गर्छु।'

श्यामप्रसादले आँखा चिम्म गरे अनि के सम्झेर मुसुक्क हाँसे-उनैले मात्र बुझ्ने गरी।

# राजनीति

प्रजातन्त्रको सबैभन्दा ठुलो चाड 'चुनाउ'। जनताका इच्छा, आकाङ्क्षा समेटिएको सपना साकार हुनसक्ने आशाको एउटा किरण। असल समाज निर्माणका लक्ष्यप्राप्तिमा सहायक।

चुनाउबारे मेरो विचार यस्तै थियो सानो छँदा। '...लाई भोट देऊ,...लाई...को चिह्नमा भोट हालौँ...' भन्दै राजनैतिक पार्टीको उम्मेद्वारका पक्षमा भोट मागेर झन्डा लगाएका गाडीहरू गाउँमा ओहोरदोहोर गर्दा अनौठो रौनकको अनुभव गर्थ्यौँ...निमा, लाक्पा, महेश, रवि र म। ती गाडीहरूको पछिपछि कुदेर निकै अगाडिसम्म 'भोट देऊ..., भोट देऊ..., भन्दै कराउँथ्यौँ...।

भोट आएपछि हामी खुबै रमाउँथ्यौँ।

***

आफू जवान भइसक्दा पनि भोटको मोह घटेको थिएन...ममा। समाजमा सबैलाई समानता र न्याय सुनिश्चित भएको हेर्न चाहने मन भएर हो वा नेताले जनहितलाई सर्वोपरि राखेर काम गर्छन् भन्ने ठानेर।

तर उमेरको रुख अग्लिँदै जाँदा ममा त्यो जोस र उत्साह मर्दै गयो। स्कुले छँदा कुनै धनी र बलियो साथीले गरिब कमजोर मित्रलाई हेपेको, दबाएको देख्दा उम्लिने मेरो रगत अहिले सेलाएर हिउँजस्तो भएको छ।

***

'सूरज! आज तिमीले जनशक्ति पार्टीको चुनाउ प्रचार अभियानको रिपोर्टिङ गरिदेऊ न ल। नयन बिमार भएछ।'

'म पनि आउन सक्दिनँ होला दाजु, अलिक बिसन्च छु।'

राकेश दाजुलाई छोटो उत्तर दिएर फोन राख्न खोजेँ।

'त्यसो नभन त भाइ, रुलिङ पार्टीको क्याम्पेनिङ्ग हो। बुढोकै भाषण छ अरे। तिमी सिनियर भनेर नि...। नयाँ भाइहरूले अलिक सक्दैनन् होला...। फेरि झटारो आइहाल्छ, तिमीलाई थाहा छ त।'

'होइन दाजु..., सक्दिनँ नै होला, रीना पनि बिसन्च छिन्।'

'ल त्यसो हो भने म आफैँ जान्छु।'

कुनै काम अह्राइनसकी स्वीकृति जताउने निष्ठावान कर्मीबाट यस्तो नकारात्मक उत्तर पाउँदा राकेश दाजु छक्क परे होलान् तर प्रतिक्रिया जनाउने समय नै पाएनन्। त्यसपछि फोन आएन।

समाचार प्रकाशन गृहमा एक हप्ता अवकाशको आवेदन पठाएँ। त्यो साता बितेपछि अझै पन्ध्र दिनको छुट्टी मागेर...। थाहा थियो भोटका बेलामा राकेश दाजुमाथि पर्ने भारबारे...। प्रधान सम्पादक भए पनि म अनुपस्थित रहँदा न्युज कवरेजमा राकेश दाजु नै जानुपर्थ्यो।

साप्ताहिक रूपमा पाइने एक दिनको बिदामा पनि एकपल्ट अफिस पुग्ने मान्छेले यसरी खुरुखुरु छुट्टी लिएको राकेश दाजुलाई पचेन। तर म विवश थिएँ। एकातिर परिवार पाल्नुपर्ने बाध्यता त थियो नै अर्कातिर मानसिक विक्षिप्तता। एउटा अकल्पनीय घटनाले म चोइटिएको थिएँ...। त्यस्ता घटनाहरू सामान्य हुन सक्छन् तर मेरो अनुभवमा पहिलो थियो।

***

रुलिङ पार्टी समर्थित एउटा स्थानीय दैनिक समाचार पत्रको रिपोर्टर 'म'। भाषामा निकै पकड भएकाले विभिन्न राजनैतिक पार्टीहरूका पर्चा, चुनाउ घोषणा पत्र र अरू कतिपय दस्ताबेज तयार पार्ने काम पनि आउँथ्यो समय समयमा...। सबैलाई सहयोग गर्थें, पैसाबिनै।

एक दिन एकजना मन्त्रीका निजी सहायकले फोनबाट मन्त्री महोदयले भेट्ने इच्छा गरेको जानकारी दिए। एक प्रकारले आदेश नै थियो त्यो। भोलिपल्ट बिहान पुग्नुपर्ने भयो मन्त्रीको निवासस्थानमा।

चाँडै उठेर तोकिएको समयभन्दा एक घन्टाअघि नै मन्त्रीको बङ्गलोमा पुगेँ...।
धेरैबेर प्रतीक्षा गर्नुपर्ने हो कि जस्तो लागिरहेथ्यो। तर अचम्म...,भव्य बैठक कोठामा उनी एक्लै बसिरहेका रहेछन् मलाई नै पर्खिएर। मन्त्रीको पी ए-बाट म पुगेको खबर पाउनेबित्तिकै कक्षमा पस्ने अनुमति पाएँ।

केहीबेर यताउताका खबर लिएपछि मन्त्रीले अचानक एउटा अनौठो काम अह्राए।

'भाइ! एउटा पोस्टर तयार पार्नुपर्‍यो।'

'कस्तो पोस्टर सर ?' - सोधेँ

'मलाई बेस्सरी गाली गरेर।'

सुनेकोमा विश्वास लागेन फेरि सोधेँ...,

'कान कमजोर भए जस्तो छ मेरो। सरलाई घरिघरि प्रश्न गर्नु पनि अप्ठ्यारो। ENT स्पेसलिस्ट कहाँ जानैपर्छ होला।'

मनले भनिरहेथ्यो...।

'सूरज! कतिसम्म सक्छौ मलाई गाली गर्नुपर्‍यो...।'

म भित्रभित्रै आत्तिएको थिएँ।

'के सुन्नु परेको नि यस्तो, खेताला लगाएर आफैँलाई गाली गर्न अह्राउने।'

मन्त्रीको आदेश...नाइँ भन्न सकिनँ। त्यहीँ बसेर ड्राफ्ट बनाएँ। उनले पनि केही थपे। यो लेख, त्यो लेख पनि भने। मैले उस्तै उस्तै लेख्दै गएँ।

'...मन्त्री चोर, कुर्सी छोड। पापी, हत्यारा, भ्रष्टाचारी, बलात्कारी, हाम्रो पार्टी सत्तामा आएपछि तेरो एकएक कर्तुतको हिसाब हुनेछ।'

'...मन्त्री! मुर्दाबाद मुर्दाबाद...।'

पोस्टर छिटै चाहिएकाले भोलिपल्ट बिहानै पुर्‍याइदिएँ। खुसी भए उनी। मन्त्री महोदयको आँखा धपक्क बलेको सहजै देख्न सकिन्थ्यो।

'भाइ भेट्दै गरौँ है।'

यति भनेर उनी फोनमा एकजना पार्टी समर्थकसित बात मार्न थाले। म 'नमस्ते' गरेर बाहिरिएँ।

'यत्रो विश्वास गरे मलाई!'

मन्त्रीको काम गर्न पाएकामा मख्ख थिएँ...। तर आफैलाई नराम्रो गाली र बदनाम गर्न लगाएको रहस्य भने बुझ्न सकेको थिइनँ। सोध्ने धृष्टता पनि राखिनँ।

***

दिउँसै बजारका गल्ली गल्लीमा,  ठुल्ठुला भवनका भित्ताहरूमा जताततै त्यही पोस्टर टाँसिएको रहेछ..., ती मन्त्रीको नाम र फोटोसहित...। धुइरो थियो मानिसहरूको...पोस्टर हेर्नलाई।

***

त्यसै साँझ मन्त्रीले पत्रकार सम्मेलन डाके एउटा विशाल होटलमा। कवरेजमा मैरै ड्युटी पर्‍यो। त्यही पोस्टर काण्डलाई लिएर प्रेसलाई बोलाइएको रहेछ।

इलेक्ट्रोनिक, प्रिन्ट र सोसल मिडिया कर्मीहरूको भिड थियो होटलमा।

मन्त्री पुगेर आसन ग्रहण गर्ने बित्तिकै सम्बन्धित पार्टीका एकजना कार्यकर्ताले सबैलाई स्वागत गर्दै आफ्नो वक्तव्य राख्न सुरु गरे।

उनले माननीय मन्त्री महोदयको छवि धमिल्याउन विपक्षी पार्टीका कार्यकर्ताहरूले पोस्टर टाँसेको आरोप लगाए। त्यसपछि मन्त्रीले त झन् सीमा पार गरेर धम्काइरहेका थिए...‘एक जनप्रिय नेताको बदनाम गर्न यस्तो घृणित कार्यमा संलग्न हुने असामाजिक तत्त्वहरू विरुद्ध कानुनी कारबाही गरिनेछ।’

‘म अक्क न बक्क थिएँ।’

घरि मन्त्रीतिर र घरि पत्रकार मित्रहरूतिर हेर्नु बाहेक अर्को विकल्प थिएन मसित।

‘सर! तपाईँलाई कुन पार्टीमाथि शङ्का छ?’

माइक मुखैमा पुर्‍याएर प्रश्न गर्ने सोसल मिडियाका एकजना पत्रकारलाई मन्त्रीले यस्तो उत्तर दिए..., ‘हामीले चिनेका छौँ यस्तो नराम्रो काम गर्ने मान्छेहरूलाई। छोड्ने छैनौँ कसैलाई पनि। तपाईँहरूले पनि चाँडै थाहा पाउनुहुनेछ।’

अचानक मसँग मन्त्रीको आँखा जुध्यो। म लाजले पानी पानी भएको थिएँ। मन्त्री भने अत्यन्त प्रसन्न मुद्रामा थिए। मुसुमुसु मुस्काइरहेको उनका मुहारमा ग्लानिबोध अलिकति पनि देखिएन।

अर्का एकजना कार्यकर्ताले धन्यवाद ज्ञापनको औपचारिकता पुरा गरेपछि पत्रकार सम्मेलन समाप्त भयो...।

साथीहरू महङ्गो विदेशी रक्सिको मज्जा लिँदै डिनर गर्ने तर्खरमा थिए। म होटलबाट सुटुक्क निस्किएँ र घरतिर लम्किएँ..., छातीभित्र उम्लिएको ज्वारभाटालाई साथमा लिएर...

सामाजिक सन्जालमा पोस्टर प्रकरणको समाचार तुरुन्तै प्रसारित भयो। विभिन्न समाचार पत्रहरूमा भोलिपल्ट सोही खबर छापियो। हाम्रो समाचार पत्रमा भने पर्सिपल्ट मात्रै अन्य समाचार पत्रलाई साभार गरेर प्रकाशित भयो।

***

ट्रिङ...।

दैलामा घन्टी बज्यो।

मनमा एक प्रकारको चिसो पस्यो। टिभि अफ् गरेर दैलो खोलेँ।

‘अलिक फुर्सद पाएर हेर्न आएको नि। लामो बिमारी भयौ त...! अहिले कस्तो छ?’

हातमा कर्नफ्लेक्स र रियल जुसको एउटा प्याकेट बोकेर राकेश दाजु ठिङ्ग उभिएका रहेछन्।

‘ठिकै छु...ठिकै छु दाजु, फोन गर्नु भएको भए हुन्थ्यो नि।’

दुई भाइ भित्र पस्यौँ।

'रीना...! राकेश दाजु आउनु भएको छ।'

'हजुर..., आएँ।' भान्साघरबाटै रीनाले उत्तर दिइन्।

'रीना बहिनी पनि बिसन्च भनेको होइन? के भयो हौ एकैचोटि।'

'हो दाजु पाँच दिन सुतेँ नि...।'

'ट्रे मा पानी लिएर रीना आइन्।'

केही बेरमा चिया र बिस्कुट पनि आइपुग्यो। चियाको घुट्कीसितै राकेश दाजुसित गफ गर्न पाउँदा ताजा अनुभव भइरहेथ्यो। टिभि र मोबाइलको एकोहोरोपनदेखि भिन्दै...।

खुलेर दुख सुखका कुरा गर्‍यौँ।

***

'अन्त कहिलेदेखि ड्युटी जोइन गर्ने?' राकेश दाजुको यस्तो अप्रत्याशित प्रश्न सुन्दा आत्तिएँछु र सोच्दै नसोची भनिहालेँछु...

'दाजु काम छोडुँ कि जस्तो लाग्दैछ। भोलि आएर आवेदन बुझाउनेछु।'

'हैट मोरा! यति सामान्य बिमार हुँदा पनि कसैले काम छोड्छ? परिवारलाई भोकै राख्ने?'

'दाजु! बस्ती गएर सागसब्जी र फुल रोपेर जीवन धान्ने सोचेको छु। गाउँमा बारी बाँझै छ। गोठ रित्तै छ। बजार मन परेन।'

'म चैँ पत्याउँदिन। तिम्रो दाजुलाई नढाँट ल। तिमीलाई अहिलेदेखि चिनेको हो मैले? सानैदेखि समाज सुधारको चाहना राख्ने, पत्रकारितामा धेरै वर्षको अनुभवी। म तिमीलाई त्यसो गर्नु पटक्कै दिन्नँ। काम चैँ छोड्नु हुँदैन।'

'ठिकै हो दाजु। तर अब इच्छा छैन। मन मर्‍यो।'

'के भएको छ र मन मर्‍यो? तिम्रो कामको प्रशंसा भइरहेछ। वेतन समयमा नै पाइरहेछौ। असली कारण त मलाई बताउनैपर्छ। त्यति जान्ने मेरो हक छ।'

अभिभावक सरह सहकर्मी राकेश दाजुलाई मन्त्री काण्डबारे जानकारी दिन मलाई कर लाग्यो।

'भाइ यस्ता सानातिना कुरालाई महत्त्व नदेऊ। म बुझ्छु नि तिमीलाई। अबदेखि डेस्कमा मात्रै काम गर्नु।'

'दाजु! यस घटनाले मेरो आत्मसम्मानमा ठेस लाग्यो। आफैँलाई दोषी पाएको छु। मैले सत्य कुरा साझा गर्नसक्नु पर्ने थियो। पत्रकारको धर्म.. पालन गर्नुपर्थ्यो।'

राकेश दाजु चुप थिए। म एक्लै बोलिरहेको थिएँ...

'त्यस घटनापछि प्रोग्राम कवर गरेर पनि भोलिपल्टै समाचार पत्रमा छापिएन भनेर मलाई भिन्नाभिन्नै आवाजबाट फोनमा धम्कि आइरहन्छ यसरी...'तँलाई हेर्छु नि नाथे , कहिलेसम्म हाम्रो न्युज लुकाउँछस्? चुनाउ मात्रै सकियोस् त, तेरो र तेरो परिवारको के अवस्था हुन्छ हेर न!'

आधा रातमा फोन आउँदा रीना पनि धेरै डराउँछिन्, तर्सिन्छिन्। अस्ति डाक्टरलाई देखायौँ। उनलाई पनि यहाँ बस्नु मन छैन।'

'आवेशमा आएर निर्णय नलिनु, अलिक दिन सोच।' यति भनिराखेर राकेश दाजु हिँडे।

राकेश दाजुले त्यस घटनालाई गम्भीर मानेनन्। त्यस्ता कुराहरूलाई पचाइसकेका रहेछन् क्या र! तर मेरो संवेदनशील हृदयको उतार चढाउ शान्त भएको थिएन। खल्बलिएको मस्तिष्कको असर देखायो हातले र स्वतः टेबलमाथि भएको टिभिको रिमोर्टमा पुग्यो। मन भुलाउन च्यानल छान्दै समाचार हेर्न थालेँ। राष्ट्रिय समाचारमा लोकसभा र केही राज्यहरूमा विधानसभा चुनाउसम्बन्धी खबरहरू मात्रै थिए। सम्बन्धित पार्टी प्रायोजित निजी च्यानलहरूले तिनै दलका बढिबढाउ र विपक्षीको खोइरो खनिरहेका थिए। वाक्क लागेर विश्व समाचारतर्फ ध्यान अड्याएँ।

त्यसमा बर्मामा सैनिक शासनको मनमानी, इज्रायल र फिलिस्तिनबिचको अविराम सङ्घर्ष, युक्रेन र रसियाको महासङ्ग्रम युद्धले गरेको विनाशर दुई शक्तिबिचको भिडन्तमा निर्दोषहरूको मृत्युले झन् विचलित तुल्यायो। ती दृश्यले शक्तिलाई सर्वोपरि ठानेर गरिएको रामायण महाभारत कालको युद्ध, पहिलो र दोस्रो विश्वयुद्ध, आर्मेनिया-अजरवैजान अनि इरान-इराकबिच लडाइँको दुष्परिणाम र अफगानिस्तानको दयनीय स्थितिले अझै मन पोल्यो।

यति मात्र नभएर विश्वभरिकै प्रत्येक राष्ट्र, राज्य र ससाना निकायहरूमा पनि पदका लागि हुने होडबाजी सम्झेर ल्याउँदा राकेश दाजुको सल्लाह एकप्रकारले सही लागिरहेथ्यो। चौकी ओगट्ने होड र पाएपछि छोड्नै नचाहने प्रवृत्तिलाई मानव प्रकृतिको एउटा कालो पाटो नै ठानेँ।

मन अमिलो भयो...।

'दाजुले उचित परामर्श दिएका रहेछन्। पत्रकारिता गर्नलाई नै गाउँ छोडेर आएको..., किन फर्किनु र...! ती मन्त्रीले जे सुकै गरुन्, मलाई के खाँचो। राजनीति यस्तै त रहेछ नि! डेस्कमा बसेर काम गर्छु।'

विचारको उडानले अर्को दिशा लिएपछि...रीनालाई फकाउने र राकेश दाजुलाई सूचित गर्ने निश्चय गरेँ। फोन अर्को कोठामा चार्जमा थियो।

***

'गडडड..., ड्याम ड्याम...छिस् छिस्...' गोली बारुद, अत्याधुनिक अस्त्र शस्त्रको आवाजले कान भरियो...। फेरि च्यानल परिवर्तन गरेँ। स्थानीय च्यानलमा झलक्क ती मन्त्रीको अनुहार देखियो। चुनावी जनसभालाई सम्बोधन गरिरहेका थिए। रिमोट, त्यसैमा टक्क अडियो।

'चुनाउमा हारजीत एउटा सामान्य प्रक्रिया हो। हारबाटनै हामीलाई जीवनमा अघि बढ्ने प्रेरणा र हौसला प्राप्त हुन्छ। हारदेखि डराएर भाग्ने मानिस आफ्नो कर्तव्यसित त हार्छ नै, जनसेवा गर्नबाट पनि ऊ टाढा रहन्छ। पराजयबाट त्रसित हुने कुतत्त्वहरूको सिकार म पनि बन्न पुगेँ...।'

मेरा आँखाहरू झिम्किनै मानेका थिएनन्। मन्त्रीका पैँचो लिएका शब्दहरू तीर बनेर छातीमा गाडिइरहेका थिए।

'हाम्रो पार्टीले जनकल्याणकारी कामहरू गर्दै आइरहेछ र गरिरहनेछ। आफू विजयी हुनलाई अरूको बदनाम गरेर कमजोर देखाउन खोज्नु विपक्षको चाल हो।'

मन्त्री अझै भट्याइरहेका थिए स्वयम्को र उनका पार्टीको गुणगान विपक्षलाई गालीको माध्यम बनाएर। एक एक शब्दहरूमा पोस्टर प्रकरणको परिणामस्वरूप गाउँ गाउँमा पक्ष विपक्षका समर्थकहरूबिच

भएको भिडन्त, एकाअर्काको घर भत्काउने, गाडी जलाउने कुकृत्य अनि घाइतेहरू हस्पिटलमा भर्ना हुनुपरेको स्थिति र तिनै मन्त्रीद्वारा पीडितहरूलाई सहयोगको हात बढाइएका दृश्यहरू झलझली देखेँ मैले। बढाइएका दृश्यहरूको कल्पना गरेँ मैले।

बिर्सिने प्रयास गरेको अतीत फेरि बल्झिएछ। अनायासै राजीनामा पत्र लेखिसकेछु।

# रेडियो

'नमस्कार सर।'

'म विनोद, आकाशवाणी खरसाङबाट।'

'हजुर नमस्कार।'

'सर, आउँदो बाह्र जनवरीमा नेपाली उद्घोषक उद्घोषिकाहरूको स्वर परीक्षा छ। त्यसका लागि निर्णायकका रूपमा आइदिने निवेदन गरौँ भनेर नि। म चिट्ठी पनि चाँडै ई-मेल गरिदिन्छु।'

कार्यक्रम निष्पादक विनोद दाजुले गरेको निवेदन टार्न सकिनँ।

समय समयमा यस्तै अडिसन अथवा कुनै कार्यक्रममा विशेषज्ञका रूपमा आमन्त्रण गरिएपछि चार पाउ टेकेर भए पनि स्टेसन पुग्ने गर्छु। विद्यार्थी जीवनमा 'नानीको मेला' कार्यक्रमदेखि नै जोडिएको हुँ म रेडियोसित।

बिहान नौ बजेर पाँच मिनटमा कोलकाताबाट सम्प्रसारित बङ्गला समाचार सकिएर नानीको मेला प्रत्यक्ष प्रसारणका लागि स्टुडियोको रातो बत्ती बल्दा एकछिन त मुटुनै बाहिर पो निस्किहाल्छ कि जस्तो हुन्थ्यो। तर केही बेरमा सबैजना सहज भइहाल्थ्यौँ।

छ वर्षपछि युवावाणी कार्यक्रममा चर्चा परिचर्चामा सहभागी हुने अवसर जुऱ्यो। अहिले भने व्यवसायका क्रममा दार्जिलिङ बस्नु परे पनि केन्द्रबाट निम्त्याइएपछि सकेसम्म पुग्ने नै प्रयास गर्छु। सानैदेखिको रेडियो सुन्ने बानी बदलिएको छैन। विशेष गरी समाचार र अन्य जानकारीमूलक कार्यक्रमहरू सधैँ सुन्ने गर्छु।

'आ! त्यो रेडियो बन्द गरिदिनु नि हौ। टिभीमा कति राम्रो धारावाहिक आउँदैछ। डिस्ट्रब भयो रेडियोको हल्लाले।'

''बाबा! छ्या ताजा समाचार फेसबुकमा नहेरेर किन रेडियो खोल्नु भएको? घ्यार...घ्यारर..., कानै खाने गरी। मोबाइलमै रेडियोको एप डाउनलोड गर्दा पनि भइहाल्छ त।'

प्रायः दिनहुँ पत्नी र छोरीको यस्तो कचकच सुन्नुपर्ने हुनाले मेरो पुरानो मर्फीको रेडियोलाई कुनाको एउटा साना कोठामा राखेको छु र त्यहीँ गएर सुन्ने गर्छु। त्यस कोठामा भएका टेबलमा मेरा पुस्तकहरू पनि छरपस्टिएका हुन्छन्। धन्य! हत्तपत्त कोही पनि पस्दैनन् त्यहाँ।

***

जनवरी महिनाको ठिही। सडकमा सेतै तुसारो...। पानी जमेर ऐनाजस्तै भएको। मीन पचासको खप्नै नसकिने जाडोमा पनि बिहानै उठेर तयार भएँ।

'साह्रै ठन्डा छ। टोपी, मफलर र पन्जा लगाउन नबिर्सनुहोस् है। फेरि...खोक्ने मान्छे। अब त कति ठाउँमा नगए पनि हुने हो नि। ऊ नपुग्दा कामनै रोकिन्छ जस्तो।'

'त्यसो नभन न। भारतमा नेपाली भाषामा मुख्य रूपले कार्यक्रम प्रसारण गरिने पहिलो रेडियो स्टेसन पो त आकाशवाणी खरसाङ। भारत र चिनीको लडाइँ हुँदा जन्मिएको यो केन्द्र खोलिने गाइँगुइँ सुन्दा हाम्रा बाबा, काकाहरू कत्ति खुसी हुनुभएको थियो अरे।'

‘भयो भयो...भाषण नछाँट्नुहोस्। बरु छिट्टै निस्किएर समयमानै घर आइपुग्नु। हिउँदको दिन फुस्सै जान्छ।’

गालीसँगै आत्मीयतामिश्रित स्वास्नीको प्रवचन पुरा हुनअघिनै म तयार भइसकेको थिएँ।

सुख्खा रोटी, रायो साग र तातो फिक्का चिया खाएर म खरसाङ जानका लागि मोटर स्ट्यान्डतिर लागेँ। पुग्ने बित्तिकै गाडी पनि पाएँ। एउटै ठाउँ रहेछ। स्वाट्टै चढि पनि हालेँ।

मुटु कमाउने जाडोले नै होला केही बेरसम्म त सबै यात्रीहरू चुपचाप थियौँ। बतासे लुप पार गरेर घुम पुगेपछि मात्रै अगाडिको सिटमा बसेका दुईजना अधबैँसे लोग्ने मान्छेहरूको बातचितले परिवेश तताउन सुरु गर्‍यो। दुवैजना, वाक्यहरूको एक्सप्रेस छुटाउन खप्पिस् रहेछन्।

‘खोई त हौ, हाम्रा ठाउँमा त कहिल्यै खुसीको घाम नझुल्किने रहेछ। धुम्म परेको दिनजस्तै हाम्रो अवस्था पनि।’

‘हो नि, सबै आआफ्नै दुनु सोझ्याउने मात्र। पहाड र पहाडवासीको समस्या कहिले सुल्झिने? कसले सुल्झाउने?

उनीहरूबिच कहिले विश्व, राष्ट्रिय र क्षेत्रीय राजनीति त कहिले आम जनताका भोगाइहरूबारे चर्चा हुन्थ्यो भने बिचबिचमा खस्कँदो वयको प्रभावले पारेको स्वास्थ्य समस्या पनि साझा गर्थे। कुरा बुझ्दा एकजना आफ्नै चिकित्सा उपचारका लागि र अर्का व्यक्ति सिलगढीको एउटा प्राइवेट हस्पिटलमा भर्ना भएका बिमारी आफन्तलाई हेर्न गएका रहेछन्।

“यो जाडो महिनामा त नि अनुहार र हात खुट्टा फुटेर हेर्नु नहुने हुन्छ हौ।”

“राती मन तातो पानीले हात मुख धोएर किरिम लगाउन अल्छी गर्नु हुँदैन।”

‘गिलसिरिन र गुलाबजल मिसाएर त सधैँ लगाउँछु। तर खोई कति स्याहार गर्दा पनि फुट्नु छोड्दैन।’

‘होइन पोन्डस् किरिम लाउनुपर्छ हौ। तर निकै मज्जाले...।’

छेउमा बसेका दुईटी बहिनीहरू सौन्दर्यमा निखार ल्याउने धुनमा थिए।

ड्राइभरको झ्यालबाट छिर्ने चिसो हावाको स्पर्शले बेलाबेलामा जाडोको अनुभव त गराइरहेकै थियो। थरी थरीका कुराहरू सुन्दा र मौका परेपछि फोन खेलाउँदा खरसाङ पुगेको पनि पत्तै भएन।

ठिक दस बजी म रेडियो स्टेसन पुगेँ।

विनोदज्यू पनि त्यहीँ भेटिए।

नमस्कारको साटासाट भएपछि भित्र गयौँ। एकछिन पर्खने अनुरोध गरेर उनी भित्र अफिसमा पसे। म त्यहीँ टेबलमा भएको स्थानीय दैनिक समाचार पत्र ‘हिमालय दर्पण’ पढ्न थालेँ।

ढाका टोपी लगाएको परिचित नेताको चोर औँली ठाडो थियो। गलाका नसाहरू देखिन्थे। मुख आँ गरेर के भनिरहेको थियो नक्सा। हेडलाइन थियो “युवाहरू आमरण अनशनमा बस्ने”। खबर पढ्न लागेको थिएँ आवाज आयो-

‘दिनेश होइन?’ ‘नमस्ते।’

परिचित स्वरले झस्काएपछि टाउको उठाएर आवाजतिर हेरेँ। आवाजलाई देखेपछि एकछिन अलमल परेँ।

चस्मा उचालेर आवाज आएतिर आँखा डुलाउँदा एकछिन त म किंकर्तव्यविमूढ भएँ।

'सीमा' रहिछन्।

गोरी, चिटिक्क परेको शरीर, गुलाबी ओठ, अग्लो नाक, राता राता पोक्चे गाला भएकी सीमाका अनुहारमा जिन्दगीको उकाली ओह्रालीहरूका भोगाइ छयापछयाप्ती रहेको पाएँ। आवाज भने उस्तै सुन्दर, मनै लोभ्याउने।

अपर्झट भेट हुँदा दुवैजनामा खुसीको सीमा रहेन। उनलाई वार्ता रेकर्ड गराउनका लागि एक दिन अगाडिनै बोलाइएको रहेछ। तर विशेष कामले गर्दा अघिल्लो दिन नआएर म आएकै दिन आएकी रहिछन्।

धेरै वर्षको भेटघाटमा धेरै वर्षका कुराहरू गर्दा गर्दै बिस पच्चिस वर्षअघिको घटना हिन्दी पिक्चरजस्तै एउटा एउटा गर्दै आँखामा नाच्न थाल्यो।

***

क्लास टुयल्भको इक्जाम पास गरेपछि मामा घर बसेर खरसाङ कलेजमा पढ्न आएकी सीमा बराइलीसित मेरो घनिष्ट सम्बन्ध थियो। प्रायः धेरै कुराहरूमा हाम्रो मन मिल्ने।

एक दिन खरसाङ रेडियोबाट एउटा परिचर्चामा भाग लिन एकजना साथी पनि लगेर जानुपर्ने थियो। मैले सीमालाई लिएर गएँ।

तर जानअघि उनलाई त्यहाँ जाने आँटै थिएन।

'म जान्नँ दिनेश! मैले कहिले पनि रेडियोमा बोलेकी छुइनँ। सक्दिनँ होला।'

'जाऔँ न, म पनि त हुन्छु नि।'

'समाज निर्माणमा युवाहरूको भूमिका' विषयको परिचर्चामा भाग लिनुपर्छ हामीले। स्टुडियोमा पसेपछि केहीबेर सङ्कोच लाग्छ, तर त्यो अप्ठ्यारोपन हटिहाल्छ नि'-मैले उसलाई सम्झाएको थिएँ।

मेरो ढिप्पी र निवेदन उसले मानेपछि हामी रेडियो स्टेसन आएका थियौँ।

सीमा ज्ञानी थिइन्। अभिव्यक्ति क्षमता तउनमा छँदै थियो। कलेजमा तर्क प्रतियोगितामा सधैँ उनी सर्वश्रेष्ठ वक्ता हुन्थिन्। समाज सेवामा उसको रुचि भएकाले त्यस दिनको परिचर्चाको विषय सीमालाई सुहाउँदो थियो।

स्टेसनमा पुगेर युवावाणी कार्यक्रमकी प्रभारी मेनुका दिदीलाई भेट्यौँ। आरम्भमा त सीमा केही हिचकिचाइन् तर उनको प्रस्तुती मैले सोँचेभन्दा धेरै राम्रो थियो।

'कार्यक्रम राम्रो भयो।' मेनुका दिदी पनि खुसी हुनुभयो।

अनुबन्ध पत्रमा हस्ताक्षार गरी कार्यक्रममा पाइने पैसाको खुल्ला चेक थापेका थियौँ।

'साथी एकछिन् ब्याङ्क जाऊ न ल।'

सीमालाई पैसाको खाँचो परेको रहेछ भन्ने ठानेर म राजी भइहालेँ।

ब्याङ्कबाट सोझै रेडियो दोकानमा गएर उनले रेडियो किन्ने कुरा गरिन्। किनिन् पनि।

यसअघि सीमाले रेडियो किन्ने कुरा गरेकी थिइनन्। उनले त्यो रेडियो आफ्ना गाउँलेहरूलाई भेला गरी निर्धारित मितिमा प्रसारित त्यस परिचर्चाको कार्यक्रम सुनाउनका लागि किनेकी रहिछन् भन्ने पछि थाहा पाएको थिएँ। त्यो कार्यक्रम प्रसारित हुँदा गाउँकाहरू सबै खुसी भएको कुरा मैले सीमाबाट नै सुनेको थिएँ।

त्यसपछि एक दुईवटा कार्यक्रम हामीले गरेका थियौँ आकाशवाणी खर्साङमा।

कलेजको तीन वर्षे स्नातकको पढाइ सकिएपछि। हाम्रो लक्ष्य बेग्ला बेग्लै थियो। नचाहँदा नचाहँदै पनि हामी छुट्टिएका थियौँ।

म बनारस हिन्दू विश्वविद्यालय गएँ भने उनले एनबीयुबाटै एमए र पिएचडी गरिन्। अहिले उनी बिजनबारी कलेजको प्रिन्सिपल छिन्।

***

'अन्त सीमा! तिम्रो त्यो फिलिप्सको रेडियोले काम गर्दैछ?'

पुरानो कुराको सम्झना गर्दै मुखबाट निस्कियो। सोधेर नसोधेको भए हुन्थ्यो लाग्यो।

'अर्को नयाँ रेडियो किनेकी छु नि। त्यो पुरानो रेडियो पनि मसँगै छ। मेरो पहिलो कमाइको पहिलो चिज। पहिलो आत्मीय प्रेमको चिनो।'- कविता जस्तो थियो उत्तर।

मैले नसुन्ने गरी भनिएको उसको अन्तिम वाक्य ट्वाक्कै मेरो कानमा पर्‍यो।

तर मैले दोहोर्‍याएर सोधिनँ।

तर मेरै कारणले उनी आजसम्म एक्लो जीवन बिताइरहेकी रहिछन् भन्ने लाग्दै आएको कुरा विश्वासमा बद्लियो। आफैलाई यो क्षण दोषी पाइरहेको थिएँ।

'आकाशवाणी खरसाङमा परिचर्चाको त्यो पहिलो कार्यक्रमबाट मेरो आत्मविश्वास बढेको हो। जीवनमा अघि बढ्ने प्रेरणा प्राप्त भएको शुभ दिन थियो त्यो। रेडियो किनेर आफूलाई बढोत्तरी गरिरहे मैले। तिमीलाई पुनः धन्यवाद।'- सीमाले यति भन्दा म झस्किएँ...। झस्किएरै मुसुक्क हाँसेँ।

***

'दिनेश सर! जाऊ भित्र।'

विनोदज्यूले बोलाएपछि सीमासित फेरि भेट्ने पुरा नहुने बचन दिएर म स्टुडियोभित्र पसेँ।

## तृष्णा

उमेरमा मभन्दा एक वर्ष मात्र कान्छी भएकीले होला हामी दुईमा प्रगाढ सम्बन्ध थियो। दसैँ तिहार अथवा कुनै पनि पर्व आउन लाग्दा मेरो मन खुसीले पुतलीझैँ नाच्न थाल्थ्यो..., तृष्णासँग भेट्ने कल्पनाले।

दसैँमा एकादशीको दिन, नभए द्वादशीमा आएर कोजाग्रत पूर्णिमासम्म फुपू माइत बस्नुहुन्थ्यो। तृष्णा पनि आउँथी।

***

विन्टरको छुट्टिमा पनि तृष्णा मामा घर आउँथी।

शरद्‌ऋतुमा मधेसको वातावरण साह्रै रमाइलो हुन्छ। मौसम पनि सफा। न धेरै जाडो, न गर्मी। धुलाबारी बजारमा सस्ता चिनियाँ सामग्रीहरू किन्न आउने मानिसहरूको घुँइचो देख्दा हामी रमाउँथ्यौँ।

घर नजिकैको निन्दा खोलामा गएर नुहाइधुवाइ गरेका पलहरू। खेतमा पहेँलपुर भएर पाकेको धानका बाला, आलीमा दालका झ्याङहरू, बारीमा रुखभरि फलेका अम्बकको दृश्य। दाइँ गरेपछि खाली भएका खेतमा नाङ्गा खुट्टा लिएर अम्बल डम्बल, पाँचढुँगे, अमराइट र कबड्डी खेलेका क्षणहरू बिर्सन सक्दिनँ।

धुलोमा दिनभरि खेलेर मैलो लुगासँगै साँझमा डराउँदै डराउँदै घर फर्किँदा आमाले हात खुट्टा धुन लगाएर गालीको साटो माया पस्किएर खाने कुरा दिँदा खेलेका समयमा हराएको भोक जाग्थ्यो। सुत्दा पनि एकाअर्कालाई कथा सुनाउनै पर्थ्यो। कति रमाइलो थियो त्यो समय। जीवनको बोझ नभएको, जिम्मेवारीको अर्थ नबुझेको, खेलेरै बढ्न उमेरको त्यो बाल्यकाल....।

***

‘अमृता! अझै पनि केही बितेको छैन, बिग्रिएको छैन। तिमीले आफ्नो हृदयको ढोका खुल्ला राख।’

‘उमेर ढल्दै गएपछि एकलोपन पनि बढ्दै जान्छ। त्यो बेला त आफ्नो सम्झनाको घाउमा मलम लगाउने मान्छेको पनि खाँचो पर्छ नि!’

‘बाबा आमाको सहयोग र आशीर्वाद अनि आफ्नो कठोर परिश्रमले तिमी यस ठाउँसम्म पुगेकी छौ। नारी गौरव त हौ नै। बिहे गरेर पनि बाबा आमाको सेवा गर्न सकिन्छ। अब यसरी एकलो नबस।’

अरूले प्रायःजसो दिनहुँ दिने यस्तो सल्लाह सुझाउमा आमाले पनि मुन्टो हल्लाउनु हुन्थ्यो।

‘हो त छोरी, भनेको मानिदेऊ। हामी पनि ढुक्क हुनेछौँ।’ आमाको यस्तो भाव म अनुहारमा पढ्न सक्थेँ।

एसोफेगल क्यान्सर भएकाले बाबाले दस वर्षअघि आमा र मलाई छोडेर जाँदा हामीमाथि समस्याको पहाड खसेथ्यो। समयको हुरीमा हुत्तिँदै आमा छोरी जीवनमार्गमा अघि बढिरह्यौँ। आमाका लागि बाँच्ने आड म अनि मेरा लागि आमा नै आधार हुनुहुन्थ्यो।

अफिसबाट फर्किँदा सधैँ मूल ढोका खुल्ला राखेर पर्खिरहने मेरी आमाको हँसिलो, उज्यालो अनुहार देख्दा म दिनभरिको शारीरिक र अझ बढी मानसिक थकाइबाट निवृत्त हुन्थेँ। दुवैजना सँगै बसेर

चिया खाजा खान्थ्यौँ। घरबाट निस्केदेखि फर्किन्जल सम्मका प्रत्येक कुरा रित्तो नबिराइ सुनाउँदा पनि आमालाई दिक्क लाग्दैनथ्यो।

'अनि त्यसपछि के भयो त?' आमाको उत्सुकताले म उत्साहित हुन्थेँ।

सानैदेखि पढाइमा अब्बल, सबै क्लासमा फस्ट हुने म, यौवनको सँघारमा पुग्दा पनि केटा साथीहरूसित आकर्षित भइनँ। एउटै लक्ष्य थियो...ठुलो पदको नोकरी पाएर मेरो उज्ज्वल भविष्यका लागि हड्डी खियाएर मलाई पढाउने आमा बाबालाई सुख दिनु।

केमिस्ट्रिमा पिएचडी पुरा गर्ने बित्तिकै काठमाडौँको पद्म कन्या क्याम्पसमा नोकरी पाएँ। केही शोधकार्य, विभिन्न परियोजनाका काम र कहिले काहीँ विदेशमा आयोजन हुने सङ्गोष्ठीहरूमा देशकै प्रतिनिधित्व गर्नुपर्ने हुँदा विवाह बन्धनमा बाँधिन रुचि जागेन।

मैले स्थायी नोकरी पाएपछि धुलाबारीको घर र खेत बिक्री गरेर हामी काठमाडौँ नै स्थायी रूपमा सरुवा भयौँ। सहरदेखि अलिक टाढा पाटनमा थोरै जमिन किनेर सानो घर बनाएका थियौँ। अलिकति बारी थियो...बाबा आमाको दिन बिताउने मेलो...। परिश्रम गोढ्ने...माटो...।

***

'अमृतालाई सम्झाउनुपर्छ, विवाह गर्नका लागि। उमेर बित्दै जाँदैछ। मैले मात्रै कत्ति सुऱ्याउनु तपाईँले पनि सम्झाइ हेर्नु नि। छिमेकी प्रधान दाजुले आफ्नो छोराका लागि राख्नु भएको प्रस्ताव राम्रो थियो। त्यसलाई पनि उसले मानिन।'

'छोडिदेऊ न, उसलाई मनै छैन। आफै शिक्षित, जान्ने बुझ्ने छोरी। आफ्नो जीवनबारे स्वयम् निर्णय लिन सक्ने क्षमता भएकालाई हाम्रो इच्छा थोप्नु हुँदैन। कर लगाउँदा नकारात्मक असर पर्न सक्छ।'

आमा र बाबाबिच हुने यस्तो कुराकानीलाई सामान्य रूपमा लिन्थेँ म। आमा बाबाको हस्तक्षेप र चिन्ता स्वाभाविक पनि हो।

***

बितेका ती रमाइला दिनहरूको संस्मरण हुन्छ अहिले मलाई। निष्ठुरी कालले आमालाई पनि टपक्कै टिपेर लगेपछि साँच्चै म एक्लो भएकी छु। फगत...एक्लो...। क्याम्पसबाट घर फर्किन मन लाग्दैन। बाबा आमा जीवित हुँदाको सुनौला दिनहरूको स्मरण गर्दै घन्टौँ रोइरहन्छु। चाडपर्व र लामो छुट्टिको समय बिताउन निकै हम्मे पर्छ।

***

यस्तो गाह्रो परिस्थितिमा तृष्णाको स्थानान्तर भएको खबर पाउँछु। उसको धरानबाट काठमाडौँ स्थानान्तरणले मेरो चोइटिएको मनलाई जोड्नमा केही हदसम्म सहयोग पुऱ्याएको छ।

हुन त उसको आफ्नै प्रकारको व्यस्तता छ। दूरसञ्चार कार्यालयमा सहायक प्रबन्धकको पदमा छे ऊ। घर परिवार सम्पन्न। तर पनि मेरा लागि समय निकाल्छे।

'अमृता दिदी! कस्तो हुनुहुन्छ? आज हाम्रो घर जाऊ है। यस पालिको दसैँ उतै मनाउनुपर्छ। रमाइलो गर्नुपर्छ। बाबा आमा इलाम जानुभएको छ। चावेलमा प्रीतम र म मात्र छौँ।'

दसैँको छुट्टि भइसकेको थियो। घरमै आएर तृष्णाले आग्रह गरी। तर उसको आग्रह अस्वीकार गरेँ मैले।

'बहिनी! जान्न ल। मलाई कहीँ कतै जान मन लाग्दैन।'

'त्यसो हो भने गोदावरीतिर घुम्न जाऊ न त।'

'पछि जाऊ न।'

ऊ थाक्दिन, मलाई फकाउनमा।

तृष्णाको मायालाई तिरस्कार गरे जस्तो लागिरहेथ्यो। तर उसले मेरो मनोदशा बुझेकी छे। ढिप्पी गरिन।

'दिदी आज म यहीँ बस्छु है। होइन, आफ्नै घर जा भन्न पाउनुहुन्न है।'

म जान्दथेँ तृष्णा मेरो व्यथित हृदयलाई शीतल पार्न आएकी हो भनेर।

ऊ मसँग बस्ने नै भई।

मेरी आमा बित्नु भएको समयमा पनि झन्डै एक महिनासम्म मसँगै बसी। आमासँग जोडिएको पलपलका घटनाहरूको सम्झनाले विक्षिप्त भएको मेरा हृदयमा सान्त्वनाको मलम लगाउने त्यसबेलाको तृष्णाको गुण म कहिल्यै बिर्सन सक्दिनँ।

मेरी बहिनीलाई म बत्तिस लक्षणयुक्त पाउँछु। मानवीय संवेदना हराइसकेको यान्त्रिक युगमा पनि ऊ सहारा बनेर मलाई समय दिन्छे। कत्रो विशाल हृदय! आमा बन्न नसक्नु उसका लागि अभिशाप हो वा नियति! अरूका दृष्टिमा उसमा रहेको कमी-कमजोरी भनेको यही एउटा थियो। आमा बन्ने सौभाग्य नपाए पनि उसको हृदयमा मानवीय गुणको पौल छ।

तर कसलाई के थाहा जानीबुझी सन्तान नजन्माएको पो हो कि? अरूको व्यक्तिगत र वैचारिक स्वतन्त्रतामा हस्तक्षेप गर्ने मेरो स्वभाव नभएकाले उसका कोखको अधिकारबारे प्रश्न कहिल्यै गरिनँ।

***

शनिबार बिहान। छुट्टि भएकाले अबेर गरेर उठेँ। किन हो किन तन र मन दुवै भारी थिए। दुई गिलास तातो पानी पिएँ। केही क्षणमा रातो चिया बनाएँ र चियासँग बिस्कुट खाएँ। खाना पकाउन अल्छी लाग्यो। पाउरोटी खाएर छाक टार्ने विचार गरेँ।

'दिदी तयार भइराख्नु है, पशुपती जानुपर्छ।' तृष्णाले अधिकार जमाएर फोनबाटै अह्राइ।

मेरी आमा प्रत्येक शनिबार बिहान पशुपति मन्दिर जानुहुन्थ्यो..., त्यस दिन मेरो छुट्टि थियो। मलाई केही अपठ्यारो थिएन पशुपति जान। आमालाई सम्झिएँ। नाइँ भन्न सकिनँ।

'जन्म दिनको धेरै धेरै बधाई र शुभकामना।'

माघ अठाह्र गते। मेरो जन्मदिन रहेछ। प्रीतम र तृष्णाको स्वर एकैचोटि सुन्दा तर्सिएँ म।

मैले आफ्नै जन्मदिन पनि बिर्सिएकी रहेछु। सम्झना गराए सबैले तर आमा नहुँदा जन्म दिन जन्म दिनजस्तो थिएन। तर सबैलाई सम्झिएँ र उनीहरूसित पशुपति गएँ। दर्शन गर्‍यौँ। त्यत्ति भिड थिएन। लन्चका लागि सोझै अन्नपूर्णतिर लगे प्रीतमले। त्यहाँबाट निस्किएर किनमेल गर्‍यौँ। त्यसपछि प्रीतमको गाडी पाटनतिर नगुडेर महाराजगञ्जतिर हाँकियो। कुनै विशेष काम होला भन्ने सम्झिएर चुपचाप थिएँ। एउटा पुरानो पुरानो घरको अगाडि गाडी रोकियो।

'एकछिन भित्र जाऊ ल दिदी।' यति भनेर तृष्णाले गाडीको पछाडिपट्टि राखिएका प्याकेटहरू निकाली। म अलमल्ल थिएँ। तीनैजना भित्र पस्यौँ। ती लुगाफाटा र खानेकुराको पोकापोकी बोकेकी रहिछे। त्यहाँका वृद्ध-वृद्धाहरूलाई बाँड्न लगाइ। मन परेका चिजबिच पाउँदा उनीहरूका अनुहारमा छाएको खुसीले म तृप्त भइरहेकी थिएँ।

त्यहाँ कोही गरिब घरका, दुख पाएका र आफन्त नभएकाहरू थिए भने कोही उच्च घरानाका तर छोरा छोरीले हेला गरेर लत्याइएका वृद्ध-वृद्धाहरू थिए। कोही रोगी, कोही स्वस्थ, कोही मझौला उमेरका र कोही पाको उमेरका।

एउटा अँध्यारो कुनामा बसेर टोलाइरहेकी एकजना वृद्धामा मेरो आँखा पऱ्यो। मलाई उहाँले इसाराले बोलाउनु भयो।

'छोरी! बल्ल आइपुग्यौ नि तिमी! मलाई थाहा थियो तिमी आउँछौँ भनेर। नानी यहाँ बस्न पटक्कै मन छैन। घरमै लैजाउन मलाई।'

मानसिक रूपले विक्षिप्त जस्तो लाग्ने ती वृद्धाले मेरो हात च्याप्प समातेर अनुहार मुसार्न थाल्नु भयो।

प्याकेटमा उहाँको ध्यान गएन।

'ए!..आमै...आमै।' वृद्धाश्रमकी एकजना बहिनी परबाट कुदेर आइन्।

'छोड्नुहोस् हात।'

उनले तानेर आमैलाई अर्को कोठातिर लागिन्।

'म यहाँ बस्दिनँ गीतु...। निकाल न मलाई यस नर्कबाट...।' आमै कराइरहनु भएको थियो।

बुझ्दै जाँदा छोरा-बुहारीले नहेरेर छोरी ज्वाइँसँग बस्दै गरेकी आमालाई उनीहरू अमेरिका जाने भएपछि वृद्धाश्रममा छोडेर गएका रहेछन्। हृदय कुटुक्क भयो।

***

मलाई पाटन पुऱ्याएर ती दुईजना चावेलतर्फ लागे।

जन्मदिन फलप्रद भएको अनुभूत गरेँ। सरसामान किन्दा लागेको खर्च तृष्णाले लिन मानेकी थिइन। तर त्यसको रकम तृष्णालाई हात लगाएपछि मात्र ढुक्क भएँ।

***

वृद्धाश्रमको दृश्य र ती बुढी आमैको अवस्था मेरो मस्तिष्कबाट हट्नै सकेको थिएन। यताउत्ति के के गरेर अल्मलिने प्रयास सफल भइरहेको थिएन। 'छोरी...,छोरी..., गीतु...मलाई लैजाऊ' भनेका शब्दहरू कानमै गुञ्जिरहेका थिए। ती हजुरआमाको आँखाभरिका आँसु छाया बनेर पछ्याइरहेका थिए।

***

बिहानीपख निदाएँछु। घाम झ्यालको पर्दाबाट छिरेर कोठा झलमल्ल हुँदा मात्र ब्युँझिएँ। मन रातभरिको मन्थनमा अर्कै भइसकेको थियो। अरू सोच्ने कुरा थिएन। मोबाइल खोजेँ, तृष्णा-लेख्दा देखिएको नम्बरमा कल गरेँ।

'तृष्णा आज पनि वृद्धाश्रममा जाऊ न।'

'हुन्छ दिदी। मलाई थाहा थियो। I knew that...तर यति चाँडै जानुपर्ला भन्ने चाहिँ सोँचेकी थिइनँ।'

तृष्णा साथी जाने भएपछि ढुक्क भएँ। क्याम्पस पुगेर दुईवटा क्लास पढाएपछि वृद्धाश्रममै भेट्ने सल्लाह अनुरूप म निस्किएँ। ऊभन्दा अगाडि पुगेछु। आँगनको चौकीमा बसेर तृष्णालाई पर्खिएँ।

ऊ नयाँ कालो गाडीमा आई। गाडीको मालिक नै ड्राइभर रहेछन्। तृष्णाकै आफिसको अधिकारी। पहिला पनि दुईचारचोटि भेट भएकाले म परिचित नै थिएँ ती अधिकारीसित। 'भिक्टोर' घरमै पनि आएका थिए एकपल्ट।

'तृष्णा म ती आमैलाई घर लैजान चाहन्छु।'

वृद्धाप्रतिको संवेदना र भावुक मनले मलाई निरन्तर आमैको उद्धार गर्न उक्साइरहेको थियो। केही नसोँची फ्याट्ट भनिहाले।

'दिदी ठिकै हो। तर उनी मनोरोगी जस्तो लाग्यो।'

'होइन, तृष्णा! मायाको अभाव हो। आफ्ना आफन्तहरूको बिछोडले दिएको पीडा हो त्यो। उहाँलाई घरमा लगेर सेवा, माया-प्रेम गरेर निको पार्न सकिन्छ। तर एकचोटि मनोरोग विशेषज्ञसँग पनि परामर्श लिनुपर्छ होला।' तृष्णालाई आफ्नो विचार सुनाएँ। ऊ मुसुमुसी हाँसी।

वृद्धाश्रम अफिसमा गएर त्यहाँको प्रमुखसँग सरसल्लाह गरेर कागजपत्रको औपचारिकता पुरा गर्न थाल्यौं। सबै थोक मिलेपछि आमै भएकी ठाउँमा गयौँ हामी। खुसी देखिनुहुन्थ्यो उहाँ। 'छोरी मलाई घर लैजाऊ' भन्ने वाक्य पनि आमैबाट सुनिएन।

'आमा! घर जाऊ ल।'

'आमा! सम्बोधनले उहाँको आँखा रसायो। मैले देखेँ उहाँका आँखामा हजारौँ कुरा थिए चुपचाप बसेका। मेरो कुरा सुन्नेबित्तिकै 'ल' भनेको सङ्केतमा टाउको हल्लाउनु भयो। के सोचेर छेउमा भएको आलमारीबाट आफ्नो सानो, पुरानो टिनको बाकस निकाल्न थाल्नु भयो। अलिक ठुलो सुटकेस पनि रहेछ। सुटकेस भिक्टोरले बोकेर गाडीमा हालिदिए। पुरानो बाकसलाई आफै हातमा लिनु भयो। आमैले वृद्धाश्रममा भएका मन मिल्ने साथीहरूसित समय समयमा भेट्न आउँछु है भन्दै गाडीमा चढ्नु भयो।

***

जाडो महिना सुरु भइसकेको थियो। छुट्टि पनि थियो। त्यसैले नयाँ पाहुनालाई मेरो घरको परिवेशमा ढल्न गाह्रो परेन। पन्ध्र दिनपछि आमैको स्वास्थ्य पनि राम्रो हुँदै गयो। डाक्टर देखाउन परेन। मैले सानो नानी दत्तक ग्रहण होइन तर आमा ग्रहण गरेकी थिएँ। आमाबिनाको जीवन मैले भोगिसकेकी थिएँ। घरमा सबै हुँदा पनि आमा नहुँदा कोही छैन जस्तो लाग्छ। घरभरि आमा, आमा, आमा शब्दहरू घुमिरहन् लाग्छ। कसरी छोडेर जान सकेका हुन् आमाहरूलाई यसरी..। मैले आमैमा आफ्नै आमाको प्रतिरूप पाएँ। उहाँले पनि सायद छोरी गीतुकै प्रतिबिम्ब पाउनु भयो होला।

निकै वृद्ध देखिने आमाका चाउरिएका गाला भरिला हुँदै आए। शरीर पनि फेरिँदै आयो। म क्याम्पस गएका समयमा टिभीमा धार्मिक धारावाहिक हेर्दै अनि घरका मसिना काम गरेर उहाँको दिन

बित्छ। म पुगेपछि हामी चिया खाजा खान्छौँ, दुख सुखका कुरा गर्छौं, कहिले हाँस्छौँ, कहिले भावुक हुन्छौँ...यस्तै...यस्तै...।

***

मर्न लागेको मेरो खुसीको बिरुवा पुन मौलाउनुको सम्पूर्ण श्रेय तृष्णालाई जाँदछ। म उसलाई धन्यवाद दिएर थाक्दिनँ। मलाई विश्वास छ...म जत्तिकै खुसी तृष्णा पनि थिई। मसँग कहिल्यै विवाहको प्रसङ्ग नउठाउने तृष्णाले मेरा लागि उचित निर्णय लिएकी थिई।

उसले पछि गएर जुन फैसला गरी त्यो समाजका लागि अस्वीकार्य थियो होला। तर म आश्चर्यचकित भइनँ। आत्मसन्तुष्टि मानिसको अधिकार हो। आत्मसन्तुष्टिको चाहनालाई कसैले छिन्न सक्दैन। Whatsapp मेसेज पठाएकी रहिछ...

'अमृता दिदी! भिक्टोर र म काठमाडौँ छोडेर अन्यत्र जानेछौँ। यो हामी दुवैको साझा निर्णय हो। अरूले मलाई गलत सम्झे पनि तपाईँले पक्कै सोच्नु हुन्न। वास्तवमा मेरा शरीरमा कुनै कमी छैन। प्रीतममा यौन दुर्बलता छ। उनीबाट मैले माया-प्रेम, हर सुविधा सम्पन्नता पाएकी हुँ। भौतिक सुखको पनि स्थायीत्व र निश्चितता छैन। भिक्टोरले मलाई प्रीतमले जति माया नगर्लान्। तर उनीसँग रहन पाउँदा तृप्त हुन्छु। प्रीतमले पनि यो कुरो बुझ्नेछन्। भविष्यमा भेट्ने आशा साँचेकी छु।

'तृष्णा'।

***

# सिभिलाइज्ड

दिक्षालाई सधैँ नै लामो बाँच्छु लाग्थ्यो। अझै पनि उसलाई लामो बाँच्छु लाग्छ। सानैदेखि घरेलु दिक्षालाई एउटा राम्रो परिवार होस् भन्ने लाग्थ्यो। गाउनु र नाच्नु उसलाई खुबै मन पर्थ्यो। रेजिनासँग उसले कतिपल्ट स्टेजमा नाचेकी थिई। दुवैजना मिल्ने साथी।

कलेज पुग्दा दिक्षालाई माग्न विनयको परिवार आएको थियो। एकै भेटमा दुईजनामा माया बस्यो तर कलेज सकेर मात्रै बिहे गर्ने निर्णय भएकाले मङ्गनी आएको दुई वर्षपछि सन्तानहरूले कसार खान पाएका थिए।

राले बस्तिबाट पाकिम आई दिक्षा। ससुराली त नाम मात्रै हो... दिक्षाले त्यसलाई घर नै बनाइ। दिक्षाले कसार खुवाएको तीन वर्षपछि रेजिना पनि पाकिम पुग्न अघि अँधेरी काटेर आउने आहुमा आइ। तर उसको कसार बाँडिएन।

विनयका बाबा त सानैमा बितेका थिए... आमाले पनि विनयलाई छोडेर गएपछि विनयको संसारमा सुरेश र दिक्षा मात्रै थिए। सबै भनेजस्तै थियो जीवन...एउटा सरल रेखा जस्तै।

बर्खा...।

चार दिनदेखि पानी परेको परेकै थियो।

दिन उज्यालो भए पनि सिमसिम पानी आइरहेको थियो। फेसबुकतिर पहिरो गएको, घर पुरिएको, बाटो बिग्रिएको, ढुङ्गा झरेको नाक्साहरूसँग खबरहरू हुन्थे। बर्खामा फेसबुक पनि पुरै भिजेको हुन्थ्यो।

झरीको मौसममा एक दिन घाम लागे पनि दुई दिनदेखि दिक्षाको अनुहारमा भने कालो बादल थियो।

रेजिना पाकिम केही कामले गएकी थिई। बजारमा रेजिनालाई देखेर बोलाई।

सधैँजस्तो फर्साइली लागेन त्यो दिन दिक्षा, रेजिनालाई।

घर गाउँको कुरा गर्दै दुईजना चिया खाजा खान होटलतिर गए।

स्कुलकै साथी भए पनि दिक्षा र रेजिना दिदी बहिनीजस्तै थिए। दिक्षाको मनमा केही छ भन्ने अड्कल त रेजिनाले गरेकै हो तर सोध्न भने अपठ्यारो लागिरहेको थियो। धेरै बात गर्न नखोजेको जस्तो लाग्यो। तर रेजिनाले आफैलाई रोक्न सकिन र सोधी...

'के भयो दिक्षा ? के सोचेको त्यस्तो..के छ मनमा हँ? किन अघिदेखि नै टोलाइरहेकी छेस् त?'

अनायासै रेजिनाको यस्तो प्रश्नले दिक्षा तर्सी...।

'हँ! के अरे ? फेरि भन् त। मैले सुनिन रहेछु।'

'भोलि लिङ्के जाने होइन ? शान्ता म्याडमको बाबाको काम हो नि भोलि। एउटा गाडी लिएर जाऊ न।'

'अँ हौ जानैपर्ने थियो, तेह्र दिन कति छिटो बितेछ। भरे घर सल्लाह गरेर भन्छु नि ला।'

प्रत्येक शनिबार दिक्षा अफिसबाट घर फर्किँदा बजारबाट सब्जी लिएर जाने गर्छे।

तर त्यो दिन दिक्षा घरै जाने भनेर रेजिनालाई अलि माथिसम्म छोडेर तेसैं लागी।

दिक्षाको मनमा केही त छ भन्ने रेजिनालाई लागिरह्यो। तर भन्न कर गरिन उसले। केही दिनपछि दिक्षा आफैले भन्छ भन्ने उसलाई लागिरहेको थियो।

बजारमा सौदा गर्न व्यस्त भई रेजिना...।

***

दिक्षा आफ्नै गतिमा अघि बढिरहेकी भए तापनि उसको मनका तलाउमा छोरो सुरेशले बिहान फोनमा मेसेजद्वारा जनाएका कुराहरूले पौडी खेलिरहेका थिए।

एक हप्ताको छुट्टीमा घर आउँछु भनेको छोराले अचानक त्यस्तो मेसेज पठाउँदा विनय र दिक्षाले केही सोच्नै सकिरहेका थिएनन्। नयाँ जमानाको नयाँ संसार र संस्कार छ। आमा बाबु अब सम्बोधन मात्रै बनेका छन्। गाउँ घरमा सहर पसेको छ अनि सहरले गाँउलाई नयाँ नयाँ गीतहरू सिकाएको छ। यसलाई सहरमा 'सिभिलाइज्ड' भनिन्छ।

पूर्व सिक्किमको पाकिमस्थित सेन्ट जेभियर्स स्कुलमा पढेर र कलकत्ता युनिभर्सिटिसीबाट उतै एउटा कम्पनीमा एसिस्टेन्ट डाइरेक्ट्र भएर काम पाउँदा विनय र दिक्षाले गाउँमा सबैलाई मिठाई बाँडेका थिए। आमा बाबुहरू छोरा होस् वा छोरी समयमा नै बिहे गर्नुपर्छ भन्ने विचार राख्छन्। यो उनीहरूको डर पनि हो, कतै यता उता हुन्छ कि भन्ने। विनय र दिक्षा पनि सुरेशको बिहे गरिदिनु पर्छ भन्ने सल्लाहमा एक भइसकेका थिए। एक दुईपल्ट सुरेशसँग कुरा पनि गरिसकेका थिए तर अहिले बिहे गर्दिनँ भनेर सुरेशले अरू केही भनेको थिएन।

'दिदी अफिसबाट फर्किनु भएको?'

आफ्नै सोँचको भुँवरीमा घुमिरहेकी दिक्षालाई अघाडि पछाडि को छ त्यो केही थाहा थिएन। अघाडिबाट आएको आवाजले झन्डै झन्डै ठोक्किन लागेकी छिमेकी तारा बहिनीलाई आफू अघिल्तिर पाउँदा आफैलाई सम्हाल्न खोजी दिक्षाले।

'हो बहिनी, तपाईँ नि कता ?...

'बजार गएकी दिदी! सौदा लिन...।

ताराका वाक्यहरूलाई टुङ्गिनै नदिइ दिक्षाले छिटो छिटो निस्कन खोजी। हिड्न नसकेको हो वा जिउ भारी भएको हो तर उसलाई पछिल्तरबाट कसैले धकेलिरहेको जस्तो लागिरहेको थियो। छेउबाट चिनेकाहरू जाँदा पनि दिक्षाले कसैलाई चिनिरहेकी थिइन्।

आज अफिसबाट घर पुग्न उसलाई गाह्रो परिरहेको थियो। कति लामो लागिरहेको थियो घर - दिक्षालाई

***

थकाइ सँगसँगै चिटचिट पसिना भए पनि गरम भने उसलाई लागेको जस्तो थिएन उसलाई। घर पुगेपछि दिक्षाले ताला खोल्नुपरेन।

विनय ऊभन्दा अघि नै घर पसिसकेका थिए। तिर्खा र भोक बिर्सेका थिए दुवैले। चिया खाजा खानुपरेन त्यस दिन दुवैले। राति पनि बिहानकै खाने सल्लाह गरे।

धेरै बेरसम्मको शून्यता भङ्ग गर्दै विनयले भने -

अब के गर्ने त! होस्। एउटै छोरा..। पढेको छ, जानेको छ, के गर्दैछु भन्ने हामीले सिकाउनु र!

दिक्षाले चुपचाप सुनिरही।

हामीले दिएको संस्कार त त्यस्तो होइन नि.. तिमीले दिएको माया त्यस्तो हो र! आफैलाई किन यस्तो पार्छौं तिमी...। होस् त्यसको जीवन हो, त्यसकै मर्जी नि!

'त्यसको मर्जी?' हामी चै कोही होइनौँ? हाम्रो बारेमा सोच्नु पर्दैन त्यसले? गाउँ घर, शाखा सन्तान, इष्ट मित्र हेर्नु पर्दैन? आमा बाबालाई कस्तो लाग्छ होला? अरूले के भन्छन् होला भन्ने डर हुँदैन? त्यति पनि डर नबोक्ने? अब सिभिलाइज्ड भाको त्यो? - दिक्षाले मनको भारी बिसाउन खोजी.. रिस र दुखका शब्दमा... यति भनिसक्दा आँखाभरि आँसु थियो उसको।

जमाना नै त्यस्तो छ -अहिले हामीले के गर्नु र...! विनयले भन्यो।

जमाना त जस्तो सुकै होस् न अनि... त्यसको जमनामा हामी चै कोही होइनौँ...? हामीलाई पनि सोध्नु पर्ने होइन त्यसले...? तिनीहरूको सपना चै सपना हामीले छोरा छोरीका लागि देखेको सपना चै केही होइन? सानो हुँदा लड्छ कि भनेर, बिमार हुन्छ कि भनेर... पछि पछि कुद्नु, ठुलो भएपछि बिग्रिन्छ कि भनेर पछि पछि लाग्नु..। केही खाइदिन्छ कि, केही गरिदिन्छ कि..भनेर सुर्ताउनु..। दुख पाउँछ कि भनेर दुख गरेर सम्पत्ति जमा गरिदिनु..। ऋण लिएर पढाउनु, भनेको, मागेको सबै पुरा गरिदिनु...अहिले आएर चै हामीलाई नसोधी त्यस्तो गर्नु? त्यसलाई हाम्रो माया लाग्दैन?

यति सुन्दा विनयको मन पनि अमिलो भइसकेको थियो...। घाँटीको भित्र कता कता दुखेको जस्तो भइरहेको थियो आँखा चिसो थियो तर आँसु निकाल्न सकिरहेको थिएन।

सानामा फुटबल ल्याइदिनु भनेर जिद्दी गर्दा किसन भैयाको दोकानबाट प्लास्टिकको गोली ल्याएपछि उफ्री उफ्री नाचेको सुरेश विनयको आँखामा आउन थाल्यो।

कोठामा छक...छक...छक गरेर वालमा झुन्डिएको घडीको आवाज मात्रै आइरहेको थियो...

दिक्षाले ब्याग तानेर मोबाइल निकाली...फोनमा सुरेशको जन्म तारिक र सालको दुईटा नम्बर लेखी। सुरेश विनय र आफ्नो नक्सा भएको वाल पोस्टर देखियो उज्यालो भएर।

थुप्रै एप्लिकेसनहरूको बिचबाट उसले वाट्सएपमा छोई। खोलिएर थुप्रै नामहरूका बिचमा 'छोरा' लेखिएकोमा हल्का छोई। थुप्रै मेसेजहरूको सबैभन्दा अन्तमा रहेको हिजो सुरेशले पठाएको मेसेज पढ्न थाली दिक्षाले -

'बाबा आमा! मलाई बिहे गर्न कर नलगाउनु होला। म र अनिता दत्त तीन वर्षदेखि साथमा छौं। हामी लिभिङमा छौं। धेरै खुसी पनि छौं। ऊ कोलकाताकै हो। उसको बाबा ठुलो बिजनेस म्यान हो। आमा छैनन्, हामी एउटै अफिसमा काम गर्छौं उसले मलाई माया गर्छ र म पनि गर्छु। बङ्गाली नै भए पनि राम्रो छे। बिहे गरिहाल्ने भन्ने कुरा होइन, हामी सिभिलाइज्ड सोसाइटीका हौँ त्यसैले बिहेमा हाम्रो विश्वास छैन। जीवन खुसी बनाउनु बिहे नै गर्नु पर्दैन नि....। हामी आफ्नै तरिकाले बाँच्न चाहन्छौं.......

***

# सूचिता

'सूचिता तिम्रो ध्यान कहाँ छ? पढ्नु मन छैन तिमीलाई? भन त, नौ गुणा नौ कति हो?''

रेणु गुरुआमाको यस्तो खेऱ्याइले भुइँतिर हेरेर टोलाइरहेकी सूचिताले आँखाभरि आँसु पारेर घरि गुरुआमातिर घरि क्लासभित्रका साथीहरूलाई हेरी र घोप्टिइरही।

कोही ऊ तिरै हेरेर हाँसिरहेका थिए, कोही ध्यानै नदिइ आफ्नै धुनमा थिए।

'के भएको छ हँ? आजकल तिम्रो मन पढाइमा छ जस्तो लाग्दैन? स्कुल आउँदा पनि जुरुक्क उठेर आए जस्तो...। कपाल कोरेकै हुँदैन। लुगा हेऱ्यो मैला। जुत्ता पनि धुलैसरिको फुस्रो। जिउ र सुइटरले कति दिन भयो साबुन नदेखेको। मोजा कोठै गह्नाउने। भोलि बिहान गार्जियन लिएर आउनु...।'

रेणु गुरुआमातिर नहेरी उसले भनी, 'मिस! गार्जियन हुनुहुन्न। बाबा बिहानै टाटा लिएर गइहाल्नु हुन्छ।'

'अन्त आमा?'

'उसको आमा हुनुहुन्न मिस', प्रीतिले उत्तर दिई।

'कहाँ जानुभयो?'

'स्वर्ग' भन्दै सूचिताले हिक्हिक् गरी।

दुई तीन महिनाअघि मात्र गान्तोकको सिच्छे प्राथमिक स्कुलबाट नामोङ आरिथाङ निम्न माध्यमिक विद्यालयमा सरुवा भएर आएकी रेणु गुरुआमाले अचम्भित हुँदै सोधिन्, 'अन्त बाबा बिहानै हिँडे पनि घरमा अरू कोही त होलान् नि, दाजु-दिदीहरू...!'

सूचिताले घोप्टिएरै उत्तर दिई 'अहँ, कोही पनि हुनुहुन्न।'

'कोही आफन्त?'

'अहँ...।'

'त्यसो भए बाबालाई एक दिन गाडी नचलाउनु भन्नु र बोलाउनु...।'

सूचिताले मुन्टो मात्र हल्लाइ। त्यस दिन जसरी भए पनि बाबालाई पर्खिएर गुरुआमाले आउनु भन्नु भएको छ भन्छु -मनमनै सूचिताले आफैलाई भनी।

घरमा पुगेर उसले आफ्नो सधैँ गर्नु पर्ने काम गरी। कलमा पानी आएपछि थाप्ने, दुईचारवटा जुठा भाँडाहरू माझ्ने र चामल-दाल एकै ठाउँमा मिसाएर भोलिपल्ट बिहानसम्मका लागि खिचडी पकाउने अनि अरू साना मसिना। बाबाले बाहिरै खाना खाएर आउने गरेका हुनाले उसले आफ्ना लागि मात्र पकाउनुपर्छ। सूचिताले आइतबार मात्र उसको बाबाले पकाएको खान पाउँछे।

'आज त बाबालाई पर्खिएरै बस्छु। भोलि पनि बिहानै हिँडिहाल्नु हुन्छ, गुरुआमालाई फेरि के उत्तर दिनु?' सूचिताले आँखाअघि आमाको हँसिलो अनुहार कल्पना गरी।

'आमा हुनु भएको भए...'उसले आमाको अनुपस्थिति बोध गरी।

सूचिताकी आमा खसेकी एक साल भएको थियो। पेटमा नानी उल्टा बसेकाले कम्प्लिकेसन थियो। प्रसव पीडा सुरु हुनेबित्तिकै सूचिताका पिता श्यामले समयमा नै हस्पिटल पुऱ्याएका थिए। तर

हस्पिटल पक्षको लापरवाहीले हो वा के कारणले हो आमा र नानी दुवै रहेनन्। वास्तविकताबारे श्याम अनभिज्ञ थिए तर उनीमाथि त वज्र नै परेको थियो।

'उठ्नुहोस् न आमा, किन सुतिरहनु भएको? हस्पिटलबाट भाइ कि बहिनी ल्याउँछु भन्नुहुन्थ्यो नि, खोइ त?' सेतो कपडाले छोपेको आमाको शरीर छाम्दै सूचिताले उठाउने प्रयास गरेकी थिई।

'आज म खेल्न जान्नँ ल, आमा उठिहाल्नु हुन्छ होला भनेर पर्खेकी नि।'

रेजिनाले स्कुल छेउका मैदानमा खेल्न जाऊ भन्दा पनि उसले मानिन।

'आमाले भन्नु भएको यशोदा काकी त अब कहिले पनि उठ्नुहुन्न अरे। उहाँ त स्वर्ग जानुभयो अरे। स्वर्गबाट फर्केर त कोही पनि आउँदैन अरे त।'

सूचितालाई त्यसबेला रेजिनाको यस्तो भनाइ असत्य लागेको थियो।

'हाम्रो आमा त उठ्नुहुन्छ...। नत्र मलाई कसले भात दिन्छ, कसले नुहाइ दिन्छ, कसले लुगा धोइदिन्छ, स्कुल जानलाई कसले तयार पारिदिन्छ र कसले होमवर्क गर्न सिकाइदिन्छ?'

उसलाई त्यसबेला आफ्नै मात्र माया लागिरह्यो।

'सूचिता, तिमी यता आऊ। छोड त त्यहाँ। अब आमालाई लैजानुपर्छ। तिमी नसुर्ताऊ न, हाम्रो घर नजिकै छ त। कहिले यहाँ बसौँला। कहिले त्यहीँ बसौँला नि। धीरज र जीवन दाजु पनि छन्।'

मामाको यस्तो आश्वासनबाट सूचिताले के बुझी कुन्नि, थपक्क त्यहाँबाट पछि सरेर बाबाको हात समाती।

'छोरी हेर न, तिम्री आमाले हामीलाई छोडेर गइन्।'

'बाबा! आमालाई स्वर्गमा कसले माया गर्छ?'

'आमालाई त ईश्वरले माया गर्छन् छोरी...। तिमीलाई म माया गर्छु, तिमीले मलाई माया गर्नू।'

बाबु-छोरीबिचको कुराले वातावरण अझै शोकमय बन्न पुगेको थियो।

सूचितालाई अचानक भोक लागेको अनुभव भयो।

भान्साघरमा केही बासी खानेकुराहरू थिए तर पस्किएर दिने कोही थिएन। आमाले पस्किएर दिएको भात-दाल सम्झेर सूचिताले चित्त बुझाइ।

उसको भोक पचेजस्तो भयो। फेरि रुन थाली।

***

'हिजो बाबालाई भन्नै पाइन, रेणु मिसले गाली गर्नुहुन्छ होला।'

मनमा यस्तो कुरा खेलाउँदै बासी खिचडी र पानी खाएर सूचिता स्कुलतिर हिँडी। त्यस दिन रेणु गुरुआमाको क्लासमा उसले पढाइमा निक्कै ध्यान दिई। कल्पना रूपी चराहरू यताउता उड्न खोजे तापनि दृढताको डोरीले चराहरूको पखेटा समात्ने प्रयास गरी। क्लासमा सोधिएका प्रश्नको उत्तर पनि दिई। गुरुआमाले अभिभावक ल्याउने कुरो बिर्सिइछन्। उसको मन ढुक्क भयो। त्यस दिनको दशा टऱ्यो।

***

अर्को दिन

टङ... टङ....टङ...टङ। स्कुल पुग्नै नपाइ बाटैमा दोस्रो घन्टी लागेको सुनेर सूचिता खुरुरुरु दगुर्न थाली। बिहानको एसेम्बली सकेर साथीहरू क्लासभित्र पसिसकेका रहेछन्। डराउँदै डराउँदै ऊ पनि स्वाट्ट क्लासभित्र पसी। मीना गुरुआमा पनि क्लासमा पसिसकेकी रहिछन्।

'के भयो सूचिता! स्कुल आउने समय यो हो?'

अङ्ग्रेजी र इतिहास पढाउने मीना गुरुआमाको प्रश्न सुन्दा उसले लामो जिब्रो मात्र निकाली। घोसेमुन्टो लगाएकी सूचिताबाट कुनै उत्तर नपाउँदा मीना गुरुआमा अग्निशर्मा भइन्। टाउको उठाएर गालामा थप्पड हिर्काउन खोज्दा उनले सूचिताको घाँटी र छातीमा नङले कोरिएका घाउ र दागहरू देखिन्।

'के भयो? कसले चिथोर्‍यो?'

एक्कासी यस्तो प्रश्न सोधिएको हुँदा उसले डराउँदै उत्तर दिई-'लडेर।' बिस्तारै मीना गुरुआमाको रिस त मर्‍यो, तर उनले पनि अभिभावक ल्याउनू नै भनिन्।

***

'कस्ता कस्ता विद्यार्थीहरू छन् हौ हाम्रो स्कुलमा। अहिले मान्छेको जीवनस्तर बढेर कहाँ पुगिसक्यो तर सरकारी स्कुलका नानीहरूको दुर्दशा देख्दा हरेस लाग्छ। दिनदिनै झन झन अवस्था चिन्ताजनक देखिन्छ।'

'हो त, अभिभावकहरूलाई आफ्ना छोरा-छोरीहरूबारे चिन्ता छैन, जसरी होस् स्कुल पठाएर आफ्नो जिम्मेवारी पन्साउन पाए भइगयो। न पढाइको पिर, न सरसफाइको ध्यान।'

'अन्त आजकल त बजारका सरकारी स्कुलतिर धेरजसो अर्काका घरमा काम गर्ने गरिब परिवारका नानीहरू मात्र पढ्न थालेका छन्, यसो विचार गर्नुहोस् त।'

'हो नि, उनीहरूलाई घरमा कसैले गाइड गर्दैन र नै सरकारी र प्राइवेट स्कुलहरूमा पढ्नेहरूको क्वालिटीमा फरक देखिन्छ नि। फेरि दोष चाहिँ सरकरी स्कुलको टिचरहरूलाई..।'

'क्या त वीरेनका बाबुले भारी बोक्ने काम गर्दा रहेछन् र आमा पनि अर्काका घरमा भाँडा माझ्छिन् अरे। दुवैजना अनपढ। वीरेनलाई पढाउन सक्दैनन्, न त घरको काम नै गराउन सक्छन्। अनुशिक्षण वा शैक्षिक मार्गदर्शन गर्ने स्थिति पनि छैन उनीहरूको'

'क्लास चारको धनेसको पनि यस्तै अवस्था छ। बाबुले बजारमा सानो दोकान खोलेकाले स्कुल छुट्टी हुने बित्तिकै ऊ कुदेर बाबुलाई सघाउन बजार पुग्नुपर्छ। उनीहरू राती आठनौ बजीतिर मात्र घरमा फर्किन्छन्। पढ्ने समय नै हुँदैन।'

'क्लास टुकी सूचिताको त झन् पढाइमा ध्यानै हुँदैन। आमा छैनन् अरे, बाबु राती दस-एघार बजीतिर मात्र घर आइपुग्छन् अरे।'

'कहाँ त्यतिमात्र हो र, बिहान उठेर सकिनसकी घरका मसिना कामकाज सिध्याएर बासीभात खाएर स्कुल आउँछे अरे।'

'धन्य! स्कुल चाहिँ आउँदैछे, कुन दिनदेखि त्यो पनि कोनि। धेरै दुख भएर स्कुल आउन छोडी भने उसको भविष्य चौपट्टै हुन्छ।'

'अहिले पनि उसको के भविष्य छ र। आमा छैनन्, अरू आफन्तको सहयोग पनि छैन। बाबा राती रक्सी खाएर आउँछन् होला।'

'कुरा ठिकै हो, आजकल तिमीले सूचितालाई याद गरेकी छौ,उदास र निराश देखिन्छे। त्यत्ति ज्ञानी केटी पढाइमा मन पनि लगाउँदिन। केही सोध्दा कुनै उत्तर दिन्न...। साथीहरूसित खेल्दिन पनि...।'

'केटाहरूसित त ऊ खेल्दिन थिई। आजकल केटीहरूसित पनि खेल्न, बस्न छोडेकी छे।'

स्टाफ रूपमा सर गुरुआमाहरूको गफ चलिरह्यो।

***

एक दिन सेकेन्ड पिरियडको समय सकिएपछि हुने पन्ध्र मिनटको ब्रेकमा सूचिता र सरिता बात गर्दै गरेको छयास्स रेणु गुरुआमाका कानमा पऱ्यो।

'सरिता तिम्रा घरमा दाजुहरू छन्?'

'छन् त दुईजना। एकजना भाइ पनि छ...।'

'दाजुहरूले तिमीलाई माया गर्छन्?'

'अँ, गर्छन् त।'

'कसरी माया गर्छन्?'

'चकलेटहरू ल्याइदिन्छन्, मोबाइल खेल्नु दिन्छन्, कम्प्युटरमा फोटाहरू देखाउँछन्...।'

'अन्त तिम्रो जिउतिर हात लाउँदैनन्?'

'लाउँदैनन् है, किन?'

'दिसा-पिसाब गर्ने ठाउँतिर छुँदैनन्?

'अँह'

'सुताएर के-के गर्दैनन्?'

'हन किन यस्तो सोधेकी?'

रेणु गुरुआमाले अझ चङ्खो भएर कान थापेर सुनिरहिन्।

'होइन, त्यसै सोधेकी नि...।'

टङ्...टङ्...टङ्...टङ्...'घन्टी लाग्यो। अब क्लासभित्र जाऔ' भन्ने घन्टीको सङ्केत पाएपछि सबै विद्यार्थीहरू हुरुरुरु क्लासभित्र पसे।

सूचिता सबैभन्दा पछाडि भई।

***

'मधु...मधु...ऊ त्यो फुटबल फ्याँक न।'

'अहँ फ्याँक्दिन', मधु कुदेर गइहाली।

'सूचिता तिमीले फ्याँकिदेऊ न...।'

आफ्नै क्लासको साथी दीपकतिर हेर्दै ऊ डराएर त्यहाँबाट हिँडी...मानौँ सिकारीलाई देखेर सिकार भागिरहेछ।

'के भयो सूचिता? फ्याँकिदेऊ न, नालीमा पस्नु आँट्यो।'

सूचिता केही नबोली चुपचाप क्लासभित्र गई।

***

'छोरी आज पनि स्कुलबाट सिधै मामाका घरमा जानु ल तिमी।'

'किन बाबा? तपाईँ सिलगढीमै बस्नुहुन्छ?'

'अँ नानी, काम सकेर भोलि आइहाल्छु नि। आफ्नै मामाको घर त हो। टाढा छैन...। अङ्मूसित जाऊ न।'

'अन्त जीवन र धीरज दाजुले...'

'झन् राम्रो त, तिमीलाई खेल्ने साथी हुन्छन् नि। होमवर्क पनि सिकाइमाग्नु, पढाइमाग्नु...।'

'होस् बाबा सिकाइ माग्दिनँ, म आफै गर्छु। मलाई उनीहरू मन पर्दैन..., वाक्कै लगाउँछन्...।'

'आफ्नै दाजुहरूले जिस्काउँदा के हुन्छ त। घरमा तिमी कसरी एकलै बस्छौ? मेरो मन भुटभुटिन्छ नि त...। हिंड हिँडजाऊ..., ढिलो भइसक्यो।'

श्यामको बाहिर बस्ने काम परेको बेला सूचितालाई गह्रौँ मन लिएर मामा घर पठाउनुपर्ने बाध्यता थियो। आफन्त हुँदाहुँदै अरू विकल्पको आवश्यकता बोध गर्दैनन् उनी।

दिनभरि क्लासमा सूचितालाई मामा घर जानुपर्ने पिरले सताइरह्यो। स्कुल छुट्टी भएपछि पनि ऊ टोलाउँदै निस्की।

'सूचिता किन ढिलो गरेकी...? छिटोछिटो घर जाऊ। अहिले एकक्षणमा पानी पर्छ...हेर त आकाशको गड्याङगुडुङ!'

मीना गुरुआमालाई एकलै देख्दा उसले आँट पुऱ्याएर भनी, 'मिस, आज बाबा घरमा आउनुहुन्न..., म तपाईँसितै जान्छु नि र भोलि त्यतैबाट स्कुल आउँछु।'

सूचिताको यस्तो अप्रत्याशित आग्रह सुनेर मीना गुरुआमाले सोधिन्, 'अन्त बाबा नआउँदा मामाका घरमा जान्थ्यौ त...। आज के भयो...? जाऊजाऊ छिटो।'

मीना गुरुआमाले पनि कर लगाएर पठाइहालिन्।

***

ढक ढक ढक...। 'सूचिता..., सूचिता दैलो खोल त। हामी धीरज र जीवन दादा। हामीसित धेरै मिठाई छ, म्यागी र भुजा पनि छ।'

मामा घरमा बैठक कोठामा सुतेको बेला धीरज र जीवनले देखाएको लोभले होइन उनीहरूका धम्कीको डरले दैलोको चुक्कुल खोलिदिई।

***

पहाडी राज्य सिक्किमको राजधानी गान्तोकबाट प्रायः दसबाह्र किलोमिटर उँभोतिर भएको त्यस गाउँमा घरहरू टाढा टाढामै छन्। तीनचार कोठा भएका काठको एकतले घरमा प्रत्येक सदस्यका लागि अलग्गै कोठा उपलब्ध गराउन नसकिने हुनाले मामा घरमा सूचिता बैठक कोठामा सुत्छे। सात वर्षकी बालिकालाई दैलो बन्द गर्न आवश्यक नपरे तापनि धीरज र जीवनदेखि टाढा रहनका लागि मुढामा चढेर भए पनि ऊ चुक्कुल लगाउँछे।

‘सूचिता आज बदम मिठाई छ।’

‘आज हेर त क्याडबरी...।’

‘दैलो खोल न, आज गुडिया र भाँडाकुटी ल्याइदिएका छौं।’

एक वर्षअघि आमाले किनिदिएका खेलौनाहरू थोत्रिएका हुनाले उनको मन लोभिन्थ्यो।

आमा-बाबाको गोजीबाट चोरेको पैसाले यस्ता कुराहरू किनेर ल्याई सूचितामाथि यौन दुर्व्यवहार गर्न बढ्दो उमेरका, बुद्धि त्यति नछिप्पिएका आफ्नै दाजुहरू पल्किँदै गए।

साँझका समयमा श्याम नआएसम्म सूचिता घरमा एक्लै रहने कुरा थाहा भएकाले उनीहरू बिस्तारै त्यहीँ जान थाले। सूचिता थाकेर सुतिसकेकी छ भने पनि उनीहरू खिडकीको भेन्टिलेसनबाट वा भान्साघरको खिड्कीबाट पस्ने गर्थे र श्याम आइपुग्नअघि नै त्यहाँबाट सुइँकुच्चा ठोक्थे।

***

‘अइया...दादा के गरेको..., दुख्यो..., भोलि बाबालाई भनिदिन्छु...। धीरज दादा मेरो अन्डरपेन्ट नै च्यातियो।’

‘जीवन दादा...छोड्नुस् न...अहिले चैं तपाईंहरूले भनेको सबै कुरा मान्छु, यस्तो चैं नगर्नुहोस् न...साह्रै दुख्यो, खुन आउँदैछ होला।’

त्यो राती ती दुईजनाले सैतानकै रूप लिए। ड्रग्सले उनीहरूको होस थिएन। सूचिता आफ्नै बहिनी हो भन्ने बिर्सेर उनीहरूले सूचितालाई बलात्कार गरिरहे...।

आमा बिनाकी टुहुरी बालिकासँग रुन, कराउन र चिच्याउनबाहेक अर्को विकल्प थिएन। मुसलधारे पानी परेकाले उसको आवाज घरकै भित्तामा मात्र ठोकिन पुग्थ्यो। उनीहरू त्यहाँबाट भागे। आफ्नो पाप सकिएपछि सूचिता अचेत भएर सुतिरही।

लिखुभिर नजिकै पैह्रो गएर ट्रक बाटैमा राख्नु परेकाले श्याम बिहानीपख मात्र घर फर्किए। तिर्खा र थकाइलाई दुई गिलास पानीले मेटेर ऊ सुते...।

बिहान आठ बजीतिर मात्र सूचिता ब्युँझी। रातीको घटना उसलाई सपनाजस्तो लागिरहेथ्यो। ज्वरो सँगसँगै जिउ दुखिरहेथ्यो। उसले झल्याँस्स स्कुल सम्झी। त्यस दिन हिसाबको टेस्ट भएकाले अर्को चिन्ता पनि उमाथि थपियो।

‘ला, कसरी स्कुल जानु...। मीना गुरुआमालाई फेरि के उत्तर दिनु। टेस्ट छ, जानीजानी नआएको सम्झिन्छिन् होला।’

लाचार भएर ऊ फेरि निदाइ हाली..., तर डरले उसको लाचारीलाई जित्यो र केही बेरमा उठेर भोकै स्कुलतिर हानिइ।

हिसाबको टेस्टको उत्तर लेख्ने पन्नामा उसले आफ्ना मनका उद्गारहरू मात्र कोर्न सकी, ‘आमा तपाईँ कहाँ जानुभयो... मलाई छोडेर। कहिले आउनुहुन्छ...? आउनु नि आमा छिट्टै...बाबा पनि राती मात्र घर आइपुग्नु हुन्छ...।’

मीना गुरुआमाले याद मात्रै गरिन्, तर केही भनिनन्।

अर्को क्लासको समयमा पनि रेणु गुरुआमाले पढाएको एउटै कुरा पनि उसको दिमागमा घुसेन। उसले गुरुआमाका तीनचारवटा टाउको, चारपाँचवटा हातहरू देखी र आँखाको बिर्को आफैँआफ बन्द भयो।

***

'सूचिता...सूचिता...किन सुतेकी...? गुरुआमाले मार्नुहुन्छ है...' छेउकी साथी रेखाले आफ्नो टुम्बलेटबाट पानी निकालेर सूचिताको आँखामा छम्किदिई।

क्लासवर्क दिएर गुरुआमा केही क्षणका निम्ति बाहिर निस्किन्।

सूचिताको शारीरिक र मानसिक अवस्था, निन्याउरो अनुहार, साथीहरूदेखि टाढा रहने प्रवृत्ति सम्झिएर उनले मीना गुरुआमालाई सूचिताबाट थाहा लागेका कुराहरू सुनाइन्।

दुईजनाले सल्लाह गरेर हेडमास्टरलाई यसबारे अवगत गराउने निश्चय गरे।

'घरमा कोही छैनन् भने हामीले नै समस्याको जड खोदल्नुपर्छ होला। विद्यार्थीको स्थितिबारे जानकारी राख्ने कर्तव्य हाम्रो पनि हो।'

'हो त, हामी शिक्षकहरूले जिम्मेवारी बोध गर्न सक्यौँ भने मात्र सरकारद्वारा बालिकाहरूका हितमा सुरु गरिएका योजनाहरू सफल हुनेछन्।'

'कुरा त ठिकै हो। मलाई त बाटाबाटामा झुन्ड-झुन्ड भएर, कहीँ जोडी जोडी बाँधिएर कसैलाई नटेरी ड्रग्स खाने केटाकेटीहरू देख्दा पनि साह्रै रिस उठ्छ। कसरी तिनीहरूलाई सपार्नु पर्ने हो भन्ने चिन्ताले सताउँछ।'

'हो त केटा न केटी, प्राइमेरीका नानीहरू त गाँजा तान्न, ट्याबलेट खान, धुम्रपान गर्न रिप्पु छन्। छसात क्लासदेखि नै नराम्रो लतमा परिहाल्छन्।'

'माध्यमिक र एचएस इक्जाम दिने ठिटा-ठिटीहरूलाई त झन् ट्युसनको बहाना भइहाल्छ।'

'घोप्टिएर हातको मोबाइल खेलाउँदै के हेरेको हेरेको..., स्वात्तै तानेर फुटाइदिनु जस्तो...।'

'साइबरको प्रभाव'। 'अत्याधुनिक युगको असर...।'

'प्रौद्योगिकीको सदुपयोग मात्र गर्नुपर्ने चेतना हामीमा कहिले आउँछ होला।'

'युवा पिँढीलाई सकारात्मक मार्गतिर डोऱ्याउन त शिक्षकगण, अभिभावक, प्रशासन, जनप्रतिनिधि, सरकार र व्यक्ति विशेष एकजुट हुनैपर्छ अब। नत्र भविष्य अन्धकारमय छ।'

वर्तमान स्थितिमाथि दुवैजना दुखी भए। सूचिताको अवस्थाबारे स्टाफ रुममा पनि चर्चा गरेपछि सबैले हेडमास्टरसित सल्लाह लिने निर्णय लिए।

***

लन्च ब्रेकका समयमा रेणु गुरुआमा र मीना गुरुआमा हेडमास्टरको अफिसभित्र पसे।

'सर हामी तपाईँको अलिकति समय लिन चाहन्छौँ, एकजना विद्यार्थीबारे कुरा गर्नु छ।'

'हुन्छ हुन्छ, आउनुहोस् न। के छ? कसको?'

'सर क्लास टुमा पढ्ने सूचिताले लेख्नु-पढ्नुमा ध्यान दिन छोडेकी छ। सधैँ झोक्रिरहेकी हुन्छे। होमवर्क पनि ल्याउँदिन, क्लासमा दिएको काम पनि गर्दिन। अस्ति हिसाबको टेस्ट पनि नगरेर 'आमा तपाईँ कहिले आउनुहुन्छ? कहाँ जानुभयो?' भनेर लेखेकी थिई। शारीरिक शोषण पनि हुँदो रहेछ।'

'त्यसो हो भने अभिभावक बोलाउनुपर्छ र कुरा गर्नुपर्छ।'

'सर पहिला पनि बोलाएको हो..., तर कोही पनि आएनन्। आमा छैनन्, बाबु ट्रक ड्राइभर अरे। आफन्तहरूलाई पनि के खाँचो होला र...।'

'ए...,त्यो पोहोर साल आमा बित्ने नानीको कुरा गर्नु भएको? अन्त घरमा कोही छैनन्, अभिभावक पनि आउँदैनन् भने उसैलाई राम्ररी सम्झाउनुपर्छ होला।'

'होइन सर, कुनै ठुलै समस्या पो हो कि जस्तो लाग्छ। कसैले कुटपिट गरेर शारीरिक यातना दिँदैछ, कि त यौन दुर्व्यवहार हुँदैछ ऊमाथि पक्कै पनि।'

'ए त्यसो भए कारण पत्तो लगाउनुपर्छ।'

रेणु गुरुआमा र मीना गुरुआमाले सासै नबिसाइ आआफ्नो विचार व्यक्त गरेपछि विद्यार्थीहरूको भविष्यलाई गम्भीर रूपमा लिने हेडमास्टर र रविचन्द्र सरले सूचिताको चर्चामाथि नै आफ्नो पुरा ध्यान केन्द्रित गरे।

'बाबुले मातेर त कुट्दैनन्?'

'ठेगान छैन सर, त्यस्तो पनि हुनसक्छ।'

'दोस्रो विवाह गर्ने चक्करमा छन् र सूचितालाई पन्साउन चाहन्छन् कि?'

'सूरज सरले भन्नुभएको, सूचिताका बाबु सोझै छन् अरे...। रक्सी पनि खाँदैनन् अरे।'

यस्तो चर्चालाई बिचैमा टुङ्ग्याएर उनीहरूले त्यसैदिन सूचिताबाटै पक्का कुरो बुझ्ने सल्लाह गरे।

***

टङ...टङ...टङ...टङ...टङ...स्कुलको छुट्टी हुने घन्टी लागेको सुन्ने बित्तिकै सबै विद्यार्थीहरू तैँछाड र मैछाड गर्दै बाहिर निस्किन थाले। रेणु गुरुआमाले सूचितालाई छुट्टी भएपछि हेडमास्टरका कोठामा बोलाएकी थिइन्।

एक मनले उसलाई कुदेर घर जाऊ जस्तो लागेको थियो, तर अर्को मनमा भोलि सरको गाली खाइने डर थियो।

ऊ आउली कि नआउली भन्ने ठानेर रेणु गुरुआमा उसैलाई लिन आउँदै थिइन्।

'सूचिता आऊ आऊ। हेडमास्टरले बोलाउँदै हुनुहुन्छ...।'

गुरुआमाको आदेशपछि ऊ सुरुसुरुसरको कोठाभित्र पसी।

त्यहाँ मीना गुरुआमा, शोभा गुरुआमा, सूरज सर र अन्य एकदुईजना प्राइमेरी पढाउने सर-गुरुआमा पनि थिए।

हेडमास्टरले सूचितालाई बिस्तारै उसको दिनचर्या, परिवारका सदस्यहरू र रुचिबारे प्रश्नहरू सोद्धै गए। सुरुमा त सूचिताले सबै प्रश्नको उत्तर सही ढङ्गमा दिँदै गई। तर पछि उसको बाल चरित्रले वास्तविक रूप लियो। झर्को मान्दै उत्तर दिन बन्द गरी। घरि घोप्टिरहन्थी, घरि रुन्चे अनुहार बनाएर घर जाने जिद्दी गर्थी।

उनीहरूले एकैपल्टमा सत्य कुरा थाहा नलाग्ने छाँट देखे।

'सर, भारतीय सामाजिक स्वास्थ्य सङ्घ अर्थात् एसोसिएसन फर सोसियल हेल्थ इन् इन्डिया (ASHI)-का सदस्यहरूसित सल्लाह गरौँ होइन? अस्ति क्या त, सचेतना कार्यक्रममा उनीहरूले यस्ता विभिन्न प्रकारका पीडितहरूको उद्धारबारे पनि चर्चा गरेका थिए नि।'

'ठिकै भन्नुभयो', हेडमास्टरलाई मीना गुरुआमाको यस्तो सुझाउ उचित लाग्यो।

केही दिनअघि मात्र त्यस सङ्गठनका प्रतिनिधिहरूले गाउँगाउँ गएर विभिन्न सामाजिक तथा घरेलु समस्याहरूबारे सचेतना ल्याउने पहलअन्तर्गत नामोङ आरिथाङ स्कुलमा 'यौन उत्पीडन'-को रोकथामबारे नै चर्चा गरेका थिए।

सूचितालाई घर जाने अनुमति दिएर रविचन्द्र सरले फोनमा आशीकी प्रमुखसित कुराकानी गरे। उताबाट पनि तीन दिनभित्रमा उनीहरू स्कुलमा नै आउने निधो दिए।

सूचिता घर गएर सुतिहाली। पानी थाप्न र भाँडा माझ्न पनि सकिन। यौनाङ्ग सुन्निएकाले पिसाब फेर्दा पनि उसलाई कष्ट भइरहेथ्यो।

भोलिपल्टै 'आशी'-का प्रतिनिधिहरू स्कुलमा आए। सूचिताको अवस्था देखेर उनीहरूले यौन दुर्व्यवहार भएकै अडकल काटे। ऊबाटै सत्य कुरा ओकल्ने उनीहरूको प्रयास सफल पनि भयो। प्रायः सबैका मनमा बाबुप्रति शङ्का भए पनि उसले डराउँदै डराउँदै जीवन र धीरजको नाउँ लिई। तर सिक्किम सरकारको सामाजिक न्याय तथा अधिकारिता विभागअन्तर्गत महिला एवम् बाल कल्याण प्रभागमा सम्पर्क गरी चिकित्सा जाँच नगराएसम्म यो कुरालाई गोप्य राख्ने सल्लाह भयो।

'हाम्रो बारेमा कसैलाई पोल हाल्यौ भने तिमीलाई केही पनि ल्याइदिँदैनौँ, बेस्सरी कुट्छौँ, फुपालाई पनि मारिदिन्छौँ।' जीवन र धीरजका यस्ता धम्कीहरू सूचिताका कानमा गुञ्जिरहन्थे।

***

'बाबुले होइन भने पनि यसमा उनको दोष उत्तिकै छ। सात वर्षमात्र पुगेकी छोरीलाई आधा रातसम्म कसरी एक्लै छोड्न सकेका होलान्। बजारको ठाउँ भए पनि एउटा कुरा। कि चैँ कोही आफन्तलाई राख्नुपर्छ नि।'

'नभए आइतबारको दिन घरमा बस्दा स्कुलको पढाइ, साथीहरू र अरू खबर सोध्नुपर्छ। यसो खाताहरू हेर्नुपर्छ। छोरी दिनदिनै दुब्ली र पहेँली हुँदै गइरहेकी देख्दा बिमारी भएकी हो वा त केही समस्या छ भन्ने शङ्का त हुन्छ है सबैलाई।'

'आफू नहुँदा मामाकै घरमा राखे पनि छोरीको इच्छा त बुझ्नुपर्छ नि। कस्तो जबरजस्ती गरेको।'

त्यहाँ उपस्थित सर-गुरुआमाहरू र आशी-का प्रतिनिधिहरूमाझ भइरहेको यस्तो बातचितको सूचिताले कुनै अर्थ लगाउन सकिन।

***

घमाइलो आइतबार। धेरै दिनसम्म पानी परेर बिहानैदेखि आकाश खुल्ला भएकाले वातावरण रमाइलो थियो। श्यामको मनको अँध्यारोलाई सूर्यको प्रकाशले उज्यालो बनाइदियो। सूचिताले दुई तिन

दिनदेखि पानी नथापेकी र भोकै सुतेकी अडकल काटेर उनले दाल-भात, सब्जी मेहनतसँगले पकाएर खुवाउने निश्चय गरे।

'यशोदा गएदेखि नै मेरी छोरीले राम्रो खान पाएकी छैन...। हप्तामा एक दिन मैले जस्तोसुकै पकाएर दिएकाले के हुन्छ? र त विचरा कति दुब्लाएकी छ। पढ्नु पनि आफै पढछे। स्कुलमा के गर्दैछे होली। एक दिन मालिकसित छुट्टी मागेर सूचिताको स्कुल जानुपऱ्यो। अस्ति रामु भाइले जानकीका लागि अभिभावक बोलाइएको छ भन्दै थिए। म पनि गएर यसो बुझिहेर्छु।'

***

'घरमा को हुनुहुन्छ?'

सूचिता र स्कुलकै बारेमा सोचिरहेका बेला हेडमास्टर रविचन्द्र सरलाई नै साक्षात आफ्नो अघि पाउँदा श्याम आश्चर्यचकित भए।

'हजुर! नमस्कार सर। कता पाल्नु भएको? आउनुहोस् न भित्रै सर'- श्यामले आत्तिएर हात जोडिरहे।

हेडमास्टरलाई चौकीमा बसाएर उनले तुरुन्तै एक गिलास पानी पनि दिए।

'पर...सूरज सर बस्ने घरमा जाँदै थिएँ, तपाईँको घर खुल्ला देखेर पसेको नि। सूचिताका बारेमा कुरा गर्नु थियो।'

'सर किन दुख गर्नु भएको। मालिकलाई छुट्टी मागेर म नै स्कुल आउने थिएँ नि।'

श्याम र रविचन्द्र सरमाझ निकैबेर कुराकानी भयो। सूचिताका बारेमा रविचन्द्र सरले वृतान्त सुनाएपछि श्याम छाँगोबाट खसे। उनका लागि त्यो अकल्पनीय कुरा थियो। सूचिताको हात-खुट्टा र घाँटीमा चोटहरू, मामाघर जान गाह्रो मानेकी, समय समयमा भान्साघरको खिडकी खुल्ला रहेको र छोरीको तर्सिएजस्तो अनुहार श्यामका आँखाअघि छाइरहे। ऊ केही बेरसम्म अलमल्ल परे।

'सर, मैले किन याद गरिनँ...। यस्तो घटना भइसकेछ। आफ्नै मान्छेहरूको पनि विश्वास रहेन। जीवन र धीरजको मति बिग्रिए पनि ललित दाजु र भाउजूले याद गर्नुपर्थ्यो नि। अब के गर्नु सर?'

सामाजिक न्याय तथा अधिकारिता विभागको बाल एवम् महिला कल्याण प्रभाग र आशी (ASHI) सङ्गठनको पहलमा प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सा जाँच गराउँदा यौन शोषण गरी बलात्कार गरेको प्रमाणित भयो। त्यसपछि पुलिसमा जीवन र धीरज विरुद्ध प्रथम सूचना रिपोर्ट दर्ता गरियो।

दोषीहरूलाई गिरफ्तार गर्ने पक्का प्रमाण थिएन। चौधपन्द्रह वर्षका ठिटाहरूलाई ठोस प्रमाणबिना सूचिताकै बयानका आधारमा मात्र पक्रिन पनि नहुने। सल्लाहअनुरूप सूचितालाई सधैँझैँ घरमा एकलो पारेर उनीहरू आएपछि पक्राउ गर्ने उपाय गरियो।

दुईतीन दिनसम्म त जीवन बिमार भएका हुनाले धीरजले एकलै आउने आँट गरेन। भाइरल फिवर थियो क्यार झन्डै एक हप्तासम्म उद्धार टोलीको योजना विफल भयो।

***

'ला... यसरी कतिदिन टाटा नचलाउनु, पेटमा पटुका कस्ने बेला भइसक्छ त। उता मालिकको गनगन थपिन्छ।'

‘एकदुई दिन अझै पर्खौँन। यस्ता काममा हतारिनु हुँदैन। अपराधीलाई पक्रिनु सजिलो छैन। कति पापड बेल्नुपर्छ।’

‘मालिकले गाली गर्छन् भने तपाईँ भोलिदेखि काममा जानुहोस्, हामी ढुक्छौँ।’ टोलीका सदस्यहरूको यस्तो आश्वासनपछि श्याम शान्त भए।

***

योजनाको अन्तिम दिन...।

‘सूचिता दैलो खोल न...। आज त हामीले तिमीलाई राम्रा-राम्रा लुगाहरू ल्याइदिएका छौँ। थुप्रै मिठाई पनि छ...।’

‘मैले पोल लगाएको थाहा पाएर कुट्न आएका त होइनन्?’ सूचिता यस्तो सोचेर डराउनु स्वाभाविक थियो।

‘सूचिता खोलिहाल न, मोमो र चाउमिन पनि छ। फेरि चिसो भइहाल्छ’-दैलो ढकढक्याउने बित्तिकै खोलिहाल्नु भन्ने आदेशको सम्झना भएपछि उसले चुक्कुल खोलिदिई।

‘हेर न धेरै दिनपछि आएकाले तिमीलाई थुप्रै चिजबिच ल्याइदिएका छौँ।’ उनीहरू रमाउँदै भित्र पसे।

लुकेर बसेका पुलिस, हेडमास्टर, सरकारी विभाग र गैरसरकारी सङ्गठनका प्रतिनिधिहरूलाई घरभित्र पस्न हतार लागे पनि रेडह्यान्ड पक्रिने सल्लाह भएकाले केहीबेर प्रतीक्षा नै गर्नुपर्ने थियो। भान्साघरपट्टिको चुक्कुल पहिला नै खोलेर राखिएको हुँदा लगभग दसपन्ध्र मिनटमा उनीहरूको क्रियाकलाप सुरु भएपछि सबैजना गऱ्यामगुरुम भित्र पसे। रिसको पारा सबैमा चढेको थियो। ती ठिटाहरू अत्तालिएर भाग्नु खोजे तर दैलोको चुक्कुल बाहिरबाट लगाइएको थियो। निकैबेर सोधीखोजी गरेर उनीहरूलाई राति नै पुलिस थानामा लगियो।

भोलिपल्ट किशोर न्याय अदालतमा प्रस्तुत गरिएपछि मजिस्ट्रेटले जाँच प्रक्रिया चलुन्जेलसम्मका लागि दुवैजनालाई बाल सुधार गृहमा राख्ने आदेश दिए। सूचिताका मामा-माइजू आफ्नै छोराहरूका पक्षमा बोलेका थिए।

यस्ता घटनाहरू दिनदिनै बढिरहेको तथ्यलाई ध्यानमा राखेर होला, उनीहरूको तर्कलाई त्यति महत्त्व दिइएन।

किशोर न्यायालय बाहिरको भिडको प्रतिक्रिया पनि कताकता सुनिदै थियो।

‘कस्ता बाबु आमा, आफ्ना नानीहरूको सिधै ओड थाप्ने...गल्ती छ-छैन त्यो त बुझ्नुपर्ने हो नि। फेरि आफ्नै भान्जीमाथिको उत्पीडन। आफन्तहरूले गरेका अपराधहरूलाई ढाकछोप गरेर नै त हाम्रा समाजमा विकृतिहरू बढ्दै गइरहेछन्।’

‘आफ्नो मान्छेको भुलबारे आँखा चिम्लिने बानीले गर्दा त अपराध र अपराधीहरूको सङ्ख्या दिनदिनै वृद्धि भइरहेछ।’

‘अस्ती क्या त आफैले काम गर्ने स्कुलमा पढ्दै गरेकी नाबालिकासित बलात्कारको मामिलामा गिरफ्तार भएका शिक्षककी श्रीमतीले आफ्नै श्रीमानका पक्षमा बोलेकी...।’

'हुन त घरको इज्जत सम्झिएर होला...तर अहिले संसार कहाँ पुगिसकेको छ। यस्ता क्रियाकलापहरूमा आफ्नै घरबाट सुधारका उपायहरू गरिनुपर्छ। साँचो कुरा प्रकाशमा ल्याएकै राम्रो। यसरी कुरा लुकाउँदा अरू पनि यस्ता घटनाहरूले आड पाउन सक्छन्।'

यस्तै तर्कहरू धेरै बेरसम्म चलिरहे।

***

'दुईजना यौन दुराचारीहरूबाट त अलिक दिनसम्मका लागि भए पनि छुटकारा पाइयो। तर अझै पनि यस्ता घटनाहरू नहोलान् भन्न नसकिने रहेछ। सूचितालाई कसरी हुर्काउनु, पढाउनु र सुरक्षित राख्नु होला। झन् ठुली हुँदै गएपछि अझैपिर थपिँदै जाला।' श्याम गहिरो चिन्तामा डुबे।

अपुग, आवश्यकता, परिश्रम आदिको प्रभावले आफ्नो उमेरभन्दा पाको देखिने श्यामको निधार अझै खुम्चियो।

'भाइ के भयो? के सोच्नु हुँदैछ? अब ढुक्क हुनुहोस् न। समस्या टऱ्यो त।'

सामाजिक न्याय विभागका एकजना कर्मचारीसमक्ष उनले आफ्नो मनको व्यथा पोखे।

सूचिताको शारीरिक र मानसिक अवस्था, घरको परिस्थिति र श्यामको बाध्यतालाई ध्यानमा राखेर सम्बन्धित सबैका सल्लाहमा सूचितालाई एउटा गैरसरकारी बाल कल्याण केन्द्र 'शुभलक्ष्मी बालगृह'-मा आश्रय दिएर सरकारी खर्चमा पढाइने तय भयो।

छोरीको सुरक्षा र सुखी भविष्यका लागि श्यामले गह्रौँ हृदयले भए पनि सबैको कुरा मान्यो।

'बाबा! नाइँ म कहीँ पनि जादिनँ, तपाईँसँगै बस्छु। मेरै स्कुलमा पढ्छु।'

जीवन र धीरज नआउने, एक्लै बस्नु नपर्ने र थुप्रै केटी साथीहरू सम्झिँदा उसको बालमन फुरुक्क भइहाल्यो। ऊ राजी भई।

***

आफूसँग भएको गलत कुरा सूचितालाई बिर्सन केही समय लाग्यो। मनभित्रबाट नै भत्किसकेको भए तापनि बाल सुलभ मन बिस्तारै ठिक हुन थाल्यो। सूचितालाई 'शुभलक्ष्मी बालगृह' राखेर नै उसको उपचार गरेपछि श्यामले उसलाई गान्तोकको चानमारी स्कुलमा भर्ना गरिदिए।

***

'बाबा! कतिबेला आइपुग्नु भयो?'

'भर्खरै आएको छोरी।'

हप्तामा एक दिन मात्र सूचितासित भेट्न पाइने बालगृहको नियम भएकाले व्यस्त दिनचर्यामा पनि श्यामलाई आइतबारले निकै प्रतीक्षा गराउँछ। छोरीसँग बिछोडिएर एकलै बस्नुपरेको पनि छ महिना बितिसकेको थियो। एक हप्ताका प्रतीक्षामा एकै क्षण पनि उनको मन सूचिताको सम्झनाबाट ओझेल हुँदैन।

त्यस घटनादेखि श्यामले प्रत्येक बालिकामा सूचिताको छवि देख्छन् र उदण्डजस्ता देखिने ठिटाहरूमा जीवन र धीरजको प्रतिरूप पाउँछन्। आफ्नो मनोदशालाई सामान्य गराउन उनलाई चर्को पर्छ। तर स्कुलका हेडमास्टर तथा शिक्षक-शिक्षिका, गैरसरकारी सङ्गठनका सदस्यहरू, विभागीय कर्मचारीवर्ग,

पुलिस, न्यायाधीश र 'शुभलक्ष्मी बालगृह'-को यथासम्भव व्यवस्थापन र सहयोगले अनुगृहीत बनेका श्यामको अधिरता र आवेगको ज्वारभाटा सेलाउँदै जान्छ। ।

***

'बाबा!'

सूचिताको आवाजले श्याम झस्किए।

'हौ छोरी, तिमी राम्ररी पढ्दैछौ के त?'

'पढ्दैछु।'

उसले दगुरेर आफ्नो स्कुलको ब्याग ल्याई र बाबालाई दिई। साथीहरू, बालगृहका कर्मी र स्कुलका शिक्षक-शिक्षिकाहरूबारेमा पनि सबै कुरा सुनाई। सूचिताको हँसिलो र उज्यालो अनुहार, बालसुलभ चञ्चलता, स्वास्थ्यमा सुधार र खाताहरूमा रातो डटपेनले दिइएका 'राइट' चिह्नहरू मात्रै देख्दा श्याम सन्तुष्ट भए। प्राणभन्दा प्यारी यशोदाको अंश 'सूचिता'-सँगको बिछोडको पीडा पनि सहजै खप्न सकिने ऊर्जा थपिएको अनुभव गरे उनले।

मानव मनका पिर र व्यथाहरूलाई निको पार्ने एकमात्र अचुक औषधि 'समय'-को शक्तिमाथि श्यामको विश्वास बढ्यो। केही वर्षसम्म कठोर परिश्रम गरेर आफैले सानो व्यवसाय सुरु गर्ने अनि एक दिन सूचितालाई आफैसँग ल्याएर राख्ने इच्छाको फुल निश्चय नै फक्रिनेछ भन्ने आत्मविश्वासका साथ उनी बालगृहबाट फर्किए।

***

# नयाँ

प्रत्येक बिहान नयाँ जीवनको आरम्भ हो। तर नयाँ के हो ? त्यो नयाँलाई पनि थाहा हुँदैन। एउटा ऋतुपछि आउने अर्को ऋतु वा अर्को वर्ष आउने त्यही ऋतु नयाँ हो? दिन र रातको क्रमिक आगमन, हिँउले पुरिएको कञ्चनजङ्घा र हिँउ हराएको कञ्चनजङ्घा नयाँ हो? नयाँ के हो त ? नयाँ भइदिनुको अनुभव मात्रै नयाँ हो? कि मनले सधैँ नयाँ भई बस्नु भनेर दिने उत्साह नयाँ हो? तर हामी सधैँ नयाँ खोजिरहन्छौँ नयाँ भइरहन मनपर्छ। म त्यही नयाँ खोजिरहन्छु।

"ॐ श्री गणेशायः नमः, ॐ नमः शिवायः ॐ देवी दुर्गाय नमः...

ॐ शान्ति! शान्ति!! शान्ति!!!

ईश्वरका जाने जति नाम पुकारेर सारा विश्वमा शान्तिको कामनासँगै दिनचर्या सुरु हुन्छ मेरो। आमाको सनातन संस्कारले दिएको ईश्वरप्रतिको निष्ठा ममा पनि संचारित छ अझै पनि।

बिहानभरि अत्यधिक व्यस्त रहन्छु।

योग, प्राणायम, ध्यान, पूजा-आजा, भान्सा, त्यसपछि घरको परिष्कार...।

"ट्रिङ ट्रिङ..."

तर एउटा ठुलो समस्या छ त्यो हो भ्याइ नभ्याइ...उठाउनुपर्ने फोन...।

'हेत् तेरिका! गगनले कति फोन गरेको! उनको पो काम छैन। भर्खर नुहाइ सकेँ। पूजा गर्नु भ्याएकै छुइनँ। योगा कहिले गर्नु। भान्सा कतिखेर तयार पार्नु!'

'खोई! दिदी पनि कता गइछन्। लखरलखर हिँड्नु पाए भइहाल्यो उनलाई...।'

मुर्मुरिँदै फोन उठाउँछु।

'हेलो! अँ..., भन्नुहोस् त। बिहान चैँ मलाई डिस्टर्व नगर्नु नि हौ। कस्तो धपेडी हुन्छ। तपाईँको पो मर्निङ वक गरेर आउँदा ग्रिन टी र मिठो मिठो ब्रेकफास्ट तयार भइसकेको हुन्छ।'

'अन्त तिमीलाई कसले भन्यो लामो समयसम्म पूजा गर्नु भनेर। मन पो स्वच्छ हुनुपर्छ त। पूजा भनेकै त्यही हो। त्यहाँ तिमी र दिदी मात्रै छौ भनेर सन्च बिसन्च सोध्नुलाई फोन गरेको नि। गरेन भने पनि बाउँठिन्छौ।'

'भयो भयो ठिकै छ, अहिले राखौँ। भरे फुर्सदमा गर्छु।'

गन्थनलाई पन्साएर पूजाको सामग्री धुन थाल्छु, आफैदेखि रिसाउँदै।

'के भएकी होला म। स्कुल जाँदा त सबै काम भ्याउँथे। समयमा नै तयार भएर पुग्थे। पुग्नै पर्थ्यो, स्वयम् प्रधान अध्यापिका। स्कुलको जिम्मेवारी उत्तिनै। रिटार्यड भएपछि पो सबै छरपस्ट भयो। केही काम भ्याउनै छोडेँ। उमेर ढल्किदै जाँदा दिमागसँगै शरीर पनि सुस्त हुँदोरहेछ।'

छिटो छिटो हात चलाउने कोसिस गर्छु। तर धेरै अत्तालिएर काम गर्दा पोहोर साल तल्लो पिठ्युँको नसा तानिएर झन्डै दुई महिना ओछ्यान् परेको सम्झना हुन्छ। मनमा त्रास उब्जेपछि पुनः बिस्तारै फर्किन्छु।

***

'क्रिङ...क्रिङ...।'

फेरि बज्यो।

छोरी रन्जना थिई। नझर्कि उठाएँ।

'भन त नानी, सन्चै छौँ तिमीहरू?'

'राम्रै छौँ। अज्जुको अनलाइन क्लास हुन्छ। मेरो पनि 'वर्क फ्रम होम' हो। राजेश चैँ कहिले काहीँ जानुपर्छ।

'राजेश ज्वाइँलाई जोगिनु भन्नु है बाहिर जाँदा।'

आमाको प्रकृति। अधिकार जमाएकी हुँ कि! छोराछोरी आफूभन्दा धेरै जान्ने हुन्छन्। तर पनि सम्झाउन मन लाग्छ।

'तपाईँ नि एकलै के गर्नुहुन्छ? दिदीको आफ्नै धुन होला। हाई काढ्दै बस्नु त हो नि।'

'ए भ्याइ नभ्याइ छ बुढेसकालमा। उठेर नुहाइ धुवाइ, सरसफाइ, पकाइतुल्याइ, पूजा गर्दा...खाना खाँदा झन्डै दिउँसोको दुई बज्छ।

'आ...मा...मा...मा...के लामो पूजा!'

'हनुमान चालिसा, शिव चालिसा, दुर्गा चालिसा, विष्णु सहस्रनाम पाठ गर्दा...।

'ममी! This is enough. धार्मिक पुस्तकहरू जिन्दगीभरि पढ्नुभयो त। Now, read good, knowledgeable books. You can order from Amazon. Even I can order for you. Don't waste your time in such things. Try to be creative. Write something.'

झट्टै भनिहाल्छु... 'I like religious books & enjoy reading them.'

अर्ती उपदेशको क्रम पनि सुरु भइहाल्यो।

'छोरी मान्छेले जत्ति नै नाम कमाए पनि, उन्नति गरे पनि ईश्वरलाई बिर्सिनु हुँदैन। बिहान बेलुका दियो बाल्नु तिमीले पनि। 'तमसो मा ज्योतिर्गमय'। यसको कत्रो महिमा छ।'

'ममीको फेरि प्रवचन...।' 'हुन्छ हुन्छ बाल्छु। बुबालाई छिट्टै बोलाउनु होस् है। म पनि भन्नेछु। Don't live alone. You should be together during your old age. Now it's Pandamic time. Foolish People. यहाँ मलाई कति सुर्ता लाग्छ।'

छोरीले रिसाएर फोन राखी। जान्दथेँ यो उसको माया थियो, आत्मीयता थियो।

***

टिङ् टिङ् टिङ् टिङ्...

मध्य दिनमा पूजा गर्दा कता कता अप्ठ्यारो मान्दै भए पनि घन्टी बजाइरहेकी थिएँ।

'नमस्ते गुरुआमा! अस्ती रुघाखोकी लागेको सुनेकी थिएँ, ठिक हुनुभयो?'

घन्टीको चहकिलो आवाजलाई पनि पल्लो घरकी रीता बहिनीको अभिवादनले जित्यो। बोलाएको सुनेपछि उनीहरूको घरको छतपट्टि हेर्नु करै लाग्यो।

छोटो उत्तर दिएँ-'जाती भएँ बहिनी।'

बातचित तन्कियो।

'गुरुआमा! कस्तो समय आयो नि। वल्लो घर, पल्लो घरका मान्छेहरूनै देखिन छोडियो। साँघुरिदै गइरहेको समाजमा कोरोना भाइरसले झन् अलग्ग अलग्ग पाऱ्यो।'

हतार परेर पिरोलिएको मनलाई नियन्त्रणमा राख्दै बहिनीसँग गफ गर्छु। छिमेकी हो बोल्नै पऱ्यो। नजिकको भूत भन्ने सम्झेँ। अभरमा उनीहरू नै छन्। ब्याङ्कमा काम गर्ने रीता बहिनी, आइतबार भएकाले होला घरमै रहिछन्।

***

'ट...ने...ला...'

'कहाँ हो, खोई देखाऊ त?'

'हो हौ'

'अँह होइन होला...।'

'यी...क्या ...त...'

'गुल्चे गर्नु पाउँदैन है।'

बहिनीहरूको सिटिङ रुमपट्टिको दैलो खुल्लै रहेछ। हल्ला सुनिँदैथ्यो।

'हेर्नुहोस् न! गतिलो टाइमपास हुँदैछ, तास खेल्ने।' असजिलो मान्दै रीता बहिनीले भनिन्।

'ठिकै हो त, यस्तो महामारीको समयमा। हेर्नुहोस् त, दिसम्बरतिर चीनबाट सुरु भएको कोविडको। २१ बित्नु आट्यो। कहिलेसम्म यस्तो सहनुपर्ने हो। जानु कतै छैन लकडाउनमा। के गरेर दिन बिताउनु!'

रीता बहिनीलाई सहज बनाउने प्रयास गरेँ।

'हो नि गुरुआमा।' बहिनी ढुक्क भइन्।

'को को खेल्नुहुन्छ?'

बडा, काका, दिदी, बडी र नानीहरू नि!

'अपुइ! रोमा बहिनी पनि।'

'घरकी आमाको कति धेरै काम हुन्छ त। त्यहीमाथि ओछ्यान परेकी सासू छिन्।'

यस्तो सम्झिरहेकी थिएँ, बहिनीको उत्तर पाइहालेँ।

'अन्त के हुन्छ त गुरुआमा ? लोग्ने मान्छेहरूले, छोरा छोरीले खेल्दा हुन्छ भने घरकी आमाले खेल्नु हुँदैन र? मनोरञ्जन त सबैका लागि उत्तिकै हो। हाम्रोमा त नन्द आमाजूहरू पनि माइत आएको बेला खेल्छन् नि। मलाई त केही जस्तो लाग्दैन।'

अचम्भित भएँ रीता बहिनीको सोचदेखि। कथनी र करनीमा भिन्नता रहेनछ उनको। पत्र-पत्रिकाहरूमा प्रकाशित उनका लेख रचनादिमा यस्तै विचार व्यक्त गरिएको पाइन्छ। यस्ता कुराहरू लेखिन्छन् मात्र, व्यावहारिकता अर्कै हुन्छ भन्ने ठानेकी थिएँ।

'ठुलोभाइ, सानो भाइ र नानीहरू खेलेको त थाहा छ। रोमा बहिनी खेलेको थाहा थिएन।'

फेरि सोध्छु 'ठुलो भाइका नानीहरू पनि खेल्छन् है?'

'ए! उनीहरू त झन जन्ड। छुट्टिमा घर आएका मौकामा इन्जोय गरेको पनि होला...। त्यत्तिबेला त एकछिन नबिसाइ।'

'आ...मा...मा..मा...।'

'तपाईँ त के भ्याउनु हुन्थ्यो।' रीता बहिनीको मन चोरेँ।

'मलाई तासमा रुची छैन गुरुआमा। सबैजना खेल्दा म आफ्नै काम गरिबस्छु।'

'एकाअर्कासँग भनावैरी भएको, कसैले गुल्चे खेलेको, चित्त नबुझेको, कोही फन्किएर हिँडेको र फेरि आफै फर्किएको रमिता हेर्नु मज्जा आउँछ। झगडा परेको सुनेर म त एकलै हाँस्छु।'

'बाझाबाझ पनि हुन्छ बहिनी?'

'हुन्छ नि गुरुआमा। बुढा भएका बाबुहरू पनि कहाँ कम्ती र। डङ्का नै ठुलो हुन्छ। नानीहरू त झन्...। बाहिर निस्किएर बरालिनु भन्दा घरमै आफू आफू बसेर खेलेको ठिकै लाग्छ एक प्रकारले। परिवारका सदस्यहरूसँगै बस्ने, सम्बन्ध कसिलो हुने मेलो पनि। सबैजना एकै ठाउँ हुँदा घरमा रौनक नै बढ्छ।'

तास खेललाई पनि सकारात्मक रूपमा लिने पहिलो व्यक्ति मैले रीता बहिनीलाई नै पाएँ। आफू चैँ घरको सम्पूर्ण अभिभारा लिने, अरू चैँ खेलिरहँदा आहिस पनि नलागेको!

विचित्रको छ बहिनीहरूको घर। परिवारका सदस्यहरूलाई पनि अद्भुत नै भन्नुपर्छ हाम्रा घरका तुलनामा। नौ दसजना परिवारमा कहिल्यै कसैले कसैलाई दोष्याएको देखिएन। दाजु भाइमा कस्तो मिलाप। नानीहरूमा अझै बढ्ता। जो जस्ता छन् त्यस्तै पाराले चल्न पाउँछन् सबैले त्यहाँ।

दुई वर्ष अघिको दसैँमा तास खेल्दा गगन र भतिजो भरतमाझ महाभारत मच्चिएको सम्झना आयो।

'चाडबाडमा एकछिन खेल्दा के हुन्थ्यो।' आफैलाई कोसेँ। मेरा कतिवटा कुरा गगनलाई मन नपरे जस्तै मलाई पनि उनीहरूले खेल्ने गरेको जुवा-तास मन पर्दैन।

पाक्दै गरेको सब्जी सुइत्तै डढेछ। गन्ध आयो।

'एक दिन आमालाई भेट्नु आउँछु ल बहिनी। अब भान्सा गर्ने बेला भयो।'

बहिनीबाट बिदा मागेँ। गमलामा बिस्याहार भएर पनि फुलिरहेका सुनाखरीलाई कोट्याउन थालिन् उनी। म भान्साघरभित्र पसेँ।

***

दिउँसो खाना खाएपछि दस पन्ध्र मिनट भए पनि झपक्क आँखाको विष मार्नु मन लाग्छ। आराम गरेपछि ताजा अनुभव भयो। ओछ्यान छोडेपछि फेरि घरको अपुग, आवश्यकता के कसो छ भन्ने लाग्यो। सागसब्जी र सौदापात के कति छन्, हेर्न थालेँ।

मसिनो बास्मती चामल एक बोरा र केआरटी चामल आधा बोरा रहेछ। मैदा, आँटा, दाल, तेल, नुन सकिन लागेछ। लकडाउनमा आंशिक छुट दिइएपछि दिल्लीबाट गगन पनि आउने कार्यक्रम छ।

गगन एक कुशल अभियन्ता। आफ्नो व्यवसायमा पक्का। अत्यन्त अनुशासित। दिल्लीमा निजी फार्म छ उनको।

गगनका लागि पिज्जा, पास्ता, कन्टिनेन्टल, चाइनिज...थरी थरीका खाने कुराका सामग्रीहरू गणेश भैयाको दोकानबाट मगाएँ। उदेक लाग्छ कसरी हाम्रो जोडी बाँधियो? दुईजनाको विचार, बानी व्यवहार, रहन-सहन र जीवनशैलीमा आकाश पातालको फरक छ। म नर्थ पोल हुँ भने गगन साउथ पोल। म धार्मिक क्रियाकलापमा निकै आस्था राख्छु। तर गगनलाई त्यति विश्वास छैन। म ठहरिएँ मध्यमवर्गीय परिवारकी चेली, उनी उच्च घरानाको समृद्ध सदस्य। गगन डाइनिङ टेबलमा प्लेट, काँटा, चम्ची, छुरी सजाएर विभिन्न प्रकारका स्वादिष्ट भोजन गर्न मन पराउँछन्। सन्तुलित आहार खाने भव्य र शालीन तरिका उनलाई मनपर्छ। थोरै, मिठो र स्वस्थ खानाको प्रेमी। मलाई भुँडीभरि दाल-भात, तरकारी, चटक्क चट्नी र अचार नखाए तृप्ति बोध हुँदैन।

***

गगनको स्टडी रुम सफा गर्नुपर्ने थियो। सुकिलो पोषाक लगाउने र सुग्घर क्लासमा बस्ने बानी छ उनको। फोहोर-मैला, धुला धाली मन पर्दैन उनलाई।

पोहोरको एउटा घटना सम्झिन्छु।

'स्टडी रुमको आलमिरामा किन धुलैधुलो? दिदीको काम के छ दिनभरि?'

'बाटाको छेउको घर हो, त्यस्तै हुन्छ। अरू काम सकेपछि पुस्नु लाउँछु नि।' यसरी शान्त गराउँछु।

'हुँदैन हुँदैन बोलाई हाल। बेकामे आइमाई।'

'किन हतारिएको होला। के बितेको छ र त्यस्तो?'

फत्फताउँदै दिदीलाई खोज्न जान्छु। सिटिङ रुमको ऐना पुस्दै रहिछन्।

'दिदी तिमीलाई त्यत्रो सम्झाएकी थिएँ, पहिला सरको स्टडी रुम सफा गरिहाल्नु भनेर।'

हामीलाई सघाउन बसेकी घरकी पुरानो सदस्य दिदीले चडकिएर भनिहालिन्...'साहेबको कोठा बन्द थियो नि त अन्त। सिटिङ रुमको सफाइपछि गरिहाल्थेँ त।'

उनी झर्किँदै गगनको कोठातिर लागिन्।

हुनु पनि हो। त्यत्ति सानो कुरा। उनी गएकै पनि रहिछन्। घटना सामान्य थियो। तर तिनैजना दिनभरि अशान्त रहेका थियौँ।

त्यसको अघिल्लो दिन पनि मैले गगनलाई लगिदिएको चिया टि-कोस्टरमा नराखिदिँदा ठुलै झगडा भएको थियो। हाम्रो ग्रह नै त्यस्तो हो कि। म उनले गरेका सबै काममा गल्ती देख्छु। उनी मैले गरेकामा भुल भेटाउँछन्। थपक्क एउटा थाङ्नाले टेबल पुसेर चिया टि-कोस्टरमाथि राखिदिएकी भए कुरा सेलाइहाल्थ्यो। तर म पनि के कम्ति। आगै भएर मुख चलाएँ। ज्वाला दन्किहाल्यो रापिलो भएर...।

यसपालिको गगनको घर आउने खबर मेरा लागि हर्षको विषय थियो। सामाजिक दूरत्वका कारणले पार्टी आयोजन गर्नुपर्ने दायित्वबाट मुक्ति।...आफन्त र साथीभाइसँगको जमघट हुने योजना तय भएपछि विविध प्रकारका खानेकुराको तयारी, सिङ्कभरि थुप्रिने जुठा भाँडाहरूको रास र प्रसन्नताको अभिनय गर्नुपर्ने बाध्यता हुन्छ ममा। आफन्त र चिनजानका हुन्, नबोलाऊ भन्न सक्दिनँ।

***

अनौठो र बेमेलको छ हाम्रो पारिवारिक जिन्दगी। तीनजनाको परिवार तिनतिर छौँ। छोरीको त आफ्नै गृहस्थी हो। गगन र मेरो सम्बन्ध टाढामा रहँदा सुमधुर हुन्छ...। शरीर टाढा भए पनि मनले नजिकिएका हुन्छौँ। तर नजिक आउँदा कोसौँ दुरीमा...खड्गास्ट परे जस्तो।

***

त्यो दिनभरि व्यस्त भएछु। सामान्य नै थिएँ...। राति पनि ठिकै थियो। तर अर्को दिन मन अशान्त भइरह्यो। एकलोपनको अनुभूतिले एक प्रकारको असजिलो भइरह्यो।

रीता बहिनी र छोरी रन्जनाका कुराले झकझकाइरह्यो...

'सबैजना एकै ठाउँ हुँदा घरको रौनक बढ्छ।'

'बुढेसकालमा दुईतिर तपाईँहरू, नदीका दुई किनार। मलाई कति पिर लाग्छ।'

त्यत्तिखेर सामान्य रूपमा लिएको छोरीको सुझाउले अहिले गहिरिएर सोँच्दै लाँदा गम्भीर बनायो मलाई।

'गगनलाई अब दिल्ली नबस्नु भन्नु पऱ्यो। जतिनै पैसा कमाएर पनि के गर्नु जीवन सुखी र आनन्दमय नभए। मरेपछि मलामी पनि नहुने समय आइसक्यो...। आ..कति दुख गर्नु।'

आफू एकदम सही छु जस्तो लाग्ने मलाई हामी दुईबिच व्यर्थका प्रसङ्गमा तर्क हुनुमा स्वयम्लाई पनि दोषी पाएँ।

'निरन्तर योग, ध्यान, पूजा, प्राणायम गर्छु। धार्मिक ग्रन्थ पढ्छु, आध्यात्मिक ज्ञानमा चासो राख्छु। तर खोई! धैर्य र संयम ममा? आगोमा घिउ थप्ने होइन, पानी बनेर लप्को निभाउन सक्नु पर्थ्यो मैले। गगनको जीवनशैलीमाथि टिप्पणी नगर्दा अनि उनले दिएका सुझाउमा प्रतिक्रिया नजनाउँदा भइगयो त। उनले ठिकै भनेको पनि हुनसक्छ। 'यस्तै द्वन्द्व चलिरह्यो मनमा।

'क्रिङ क्रिङ'...। मोबाइलको चर्को रिङ्गटोनले भरङ भएँ। गगनको रहेछ।

'मनोरमा! मेरो टिकट पक्का भयो कानेकोर्सीको।

औँली गन्दा चारदिनपछि रहेछ...।

उत्तेजित भएर भनिहालेछु...।

'भेरी गुड! हुन्छ हुन्छ। डबल मास्क, ग्लोब्स लगाएर आउनु है। सेनिटाइजर बोक्नु नबिर्सिनु। आएपछि एउटा सल्लाह पनि गर्नुछ।'

'मेरो पनि...। ल..त...। आफ्नो ध्यान राख है।'

यो खबर कुन्नी किन मेरा लागि नयाँ थियो। -

गगन घर नआउने होइनन्। छुट्टि हुँदा आउँछन्। तर यसपालि गगन आउने खबर मेरा लागि नयाँ थियो। मैले खोजेको नयाँ जस्तै।

'गगन घर आइपुगेको कल्पनाले मात्रै पनि एकप्रकारको खुसी-सुख जस्ता के के भइरहेथ्यो। चालिस वर्षअघि उनीसित पहिलो भेटको स्मरण गरेर एकलै मुस्कुराएँ। पलङबाट झरेर मेरा थकित पाइलाहरू शृङ्गार-पटल सामु पुगेछन्। सौन्दर्य र शृङ्गारमा त्यत्ति चासो नदेखाउने हुँ म। तर त्यत्ति खेर कोनि किन हो हिउँ परेको कपाल र अनुहारको किरिङमिरिङ धर्काहरूले निकै हतोत्साहित तुल्यायो...।

दुई दिनपछि लुक्स ब्युटी पार्लरकी कर्मचारी रन्जु बहिनीलाई घरमै बोलाएर हेयर डाई, फेसियल, मेनिक्योर, पेडिक्योर र बडी मसाज गर्न लगाउने निश्चय गरेँ।

***

संसारभरि कोरोना भाइरसको लहर छ। चारैतिर शून्यता छ। रीता बहिनीको घरबाट भने सत्तरी, पैँसठी, साठी, पच्चिस र बिस वर्षको परिवार सदस्यहरूको आवाज जोड जोडले आइरहेछ निष्फिक्री र निश्चिन्त स्वरूपमा...।

'रमी नखेलौँ, अल्छीलाग्दो भयो।'

'म्यारेज खेलौँ न त।'

'होइन होइन फ्लास्।'

'नाइँ कलब्रेक...।

एउटै कार्डमा नयाँ नयाँ उनीहरूको खेल छ। एउटै नम्बरमा नयाँ नयाँ चाल छ।

ऐनालाई हेरेर ऐनाभित्रको आफैमा म पनि केही नयाँ खोजिरहेको छु।

***

# तेह्र

प्रणिताको पहेँलो, कान्तिहीन र उदास अनुहारको कल्पनाले मेरो मन सधैँ खिन्न रहन्छ। मेरी बहिनीकी साथी ऊ। सिक्किमको स्वच्छ परिवेशमा प्राकृतिक सौन्दर्यको फरिया चोली लगाएकी एउटा सुन्दर ठाउँ तार्कूमा जन्मेर हुर्किएका हामी। शिरमा टेन्डोङ डाँडाको टोपी लगाएर फेदमा टिस्टा नदीले पाउ पखालिरहेको अनि बिचमा मनोरम तिमी चिया कमान देखिने रमाइलो गाउँमा बिताएका बाल्यकालका मिठा सम्झनाहरू प्रिय छन् मलाई..., बिर्सनै नसकिने...। त्यस्तै...उमेरको खुडकिलो चढ्दै जाँदा बटुलिएका अनुभवहरू पनि सकारात्मक रूपमा अविस्मरणीय रहुन् भन्ने चाहना राख्दछु...। तर...!

आमाको मृत्युपछि सौतेनी आमाको अत्याचार र हेपाइ सहँदै हुर्किएकी प्रणिताले सातौँ श्रेणीको अपुरो पढाइपछि आफूभन्दा झन्डै दस वर्ष जेठो केटोसँग बिहे गरी।

'शारदा दिदी! प्रणिता भागिछ बिसन दाजुसँग।'

पूर्णिमाको मुखबाट निस्किएको यो वाक्य घातक गोली बनेर मेरो छातीमै पडकिएको थियो ...ड्या...ङ...ङ...ङ्ग।

'के भएकी होली। बिहे गर्न के को हतार परेको। माध्यमिकसम्मै पढेकी भए पनि त सानोतिनो काम खान पाउँथी होली।'

छाती उकुसमुकुसिएको बोध भयो। यस घटनाले धेरै बेरसम्म मलाई प्रणिताबारे सोच्न बाध्य गरायो।

'बिसनले के गर्छ त?'

खिन्न भएर सोधिसकेकी मात्र थिएँ..., पूर्णिमाले उत्तर दिइहाली...,

'दीपक भैय्याको रासिन दोकानमा तौलिने र सौदा बोक्ने काम गर्छ।'

प्रणिताको अवस्थाको कल्पना गरिहालेँ मैले। तर...बितिसकेपछि के पो गर्न सक्थेँ र। पहिल्यै थाहा पाएको भए सम्झाइ बुझाइ गर्न सकिन्थ्यो। सानै उमेरमा बिहे गर्दा के हुन्छ, हुँदैन भन्ने जानकारी दिन सकिन्थ्यो।

***

समयको प्रवाहसँगै बगेँ म।उच्च शिक्षाका लागि छात्रवृत्तिमा राज्य बाहिरका कलेजमा पढ्ने अवसर पाएँ। महत्त्वाकाङ्क्षी त थिएँ नै। एकै ठाउँमा कुँजिएर होइन पखेटा फिँजाएर खुल्ला आकाशमा उड्न चाहन्थेँ।

नारी शिक्षा, सुस्वास्थ्य र सशक्तीकरणबारे म सधैँ सोच्नेसानैदेखि पढाइको विषय पनि स्वास्थ्य शिक्षा थियो।

क्षमता र योग्यता हुनेलाई नोकरीको कमी हुँदैन रहेछ। पहिलोपल्टकै अन्तर्वार्तामा दक्षिण सिक्किमको नाम्चीमा सामाजिक न्याय तथा अधिकारिता विभागमा परियोजना अधिकारीको पदका लागि नियुक्ति पत्र पाउँदा हर्षले मेरो खुट्टा भुँइमा थिएन। झन् आमा बाबामा खुसीको सीमा रहेन। आमा-बाबा खुसी हुनुमा अर्को कारण पनि थियो...विदेशतिर लाग्ने हुँ कि भन्ने डर थियो उहाँहरूलाई।

'पोषण र स्वास्थ्य' विषयमाथि आयोजित हुने सङ्गोष्ठीहरूमा भाग लिन धेरैचोटि जापान, स्विडेन र लन्डन गइसकेकी थिएँ।

अफिसमा समन्वित शिशु विकास योजना, आईसीडीएस-सित सम्बन्धित क्रियाकलापहरूको रेखदेख पनि म नै गर्थें।

***

'म्याडम कस्तो अचम्भ! हाम्रा समाजमा अझै पनि यस्तो परिवार रहेछ।'

'मातृ-शिशु स्वास्थ्य जाँच योजना' अन्तर्गत घरघर गएर निरीक्षण गरी ती नानीहरूको नापतौल लिने कार्यमा खटिएकी आँगनबाडी कार्यकर्ता नरकितको भनाइको प्रसङ्ग बुझिनँ र सोधें 'कस्तो परिवार?'

'छि! लाजैमर्दो। भन्नु पनि लाज लाग्छ। परिवार नियोजनको पर्याप्त सुविधा हुँदाहुँदै पनि किन सचेत नभएका होलान्। अब ती भल्ड्याङभुल्डुङलाई कसरी हुर्काउनु, बढाउनु, पढाउनु?'

नरकितको गुनासो रोकिएको थिएन।

'आज म गएको एउटा घरमा कतिजना छोरा छोरी रहेछन्, भन्नुहोस् त?'

फाइलको थुप्रो घटाइहाल्न आतुर मेरो ध्यानलाई उसको कुरातिर खिँच्दै नरकितले सोधी...।

उत्तर दिन करै लाग्यो।

'चारजना?'

'होइन...।'

'सातजना...?'

'अँह'

'पाँचजना?'

'होइन हौ...।'

'अन्त, भनन त कतिजना?'

'बाह्रजना, ट्वाक्कै एकदर्जन।'

'हँ?' म नरकितलाई हेरेकी हेर्‍यै भएँ।

'तेह्रौँ नानी जन्मिनु आँटेको रहेछ।'

नरकितको वाक्य पुरा हुँदा नहुँदै म छाँगोबाट खसिहालेँ। ऊ त्यसै तर्सिएकी होइन रहिछ।

'को अरे? कसको अरे? अन्त किन अपरेसन नगरेको?'

'प्रणिता छेत्री..., लोग्नेको नाम बिसनकुमार छेत्री...।

नरकितले मलाई नै देखाउन भनेर ल्याएकी सानो पर्चा हेरेँ।

'प्रणिता...?' म झस्किएँ। सानी प्रणिताको सम्झना भयो।

'तर ऊ प्रणिता तामाङ हो। अधकल्चो पढेर विवाह गरे पनि हाम्री प्रणिता त्यत्ति साह्रो मुर्ख पटक्कै नहुनुपर्ने..., बाह्रबाह्रजना नानी जन्माउने।'

मेरो मनले यो कुरा स्वीकार्नै मानेन।

'त्यो प्रणिता को होली त...।'

नारीले यातना र पीडा झेल्नु परेको सहन नसक्ने मेरो कमलो मन अत्यन्त विचलित भयो।

'नरकित! भोलि तिमी र म जाऊ न त्यहाँ। एक महिनाअघि पनि यस्तै मामला आएको थियो आठौँ नानी जन्मको। म गएँ नि उसका घरमा कारण पत्तो लगाउन।'

'ए यशोदा राई?'

'हो यशोदा नै हो।'

'यशोदाको त लोग्ने एकदमै मत्थु रहेछ नि। मैले उसलाई पनि अपरेसन गर्ने सल्लाह दिएँ।'

पश्चिम सिक्किमको गेजिङबाट ट्रन्सफर भएर दस दिनअघि मात्र आएकी नरकितले कति चाँडै यशोदालाई भेटेर सम्झाइछ।

'सर-सल्लाह नगरी अपरेसन गर्दा उसको लोग्ने रिसाउँदैन?'

'किन सल्लाह गरिबस्नु पर्‍यो त्यो मत्थुसित। स्वार्थी मान्छे, त्यसले जन्माउँछ र नानी!'

उसको रिस मरेको थिएन।

'म्याडम त्यसले त..., के पो हौ नाम..., धनकुमारले मातेर आएपछि आमाको छेउमा सुतेका छोराछोरीलाई गाली गर्दै जबरजस्ती आँखा चिम्लिनु लगाएर यौन सम्पर्क गर्छ अरे। मलाई यशोदाले रुँदै सुनाएकी...।'

स्नेही र मायालु स्वभावकी नरकित मसँग निसङ्कोच रहेर गफ गर्छे, अप्ठ्यारो मान्दिन। हुन पनि ड्यूटी त्यस्तै छ, लजाएर काम चल्दैन..., समस्याको जड खोतल्नैपर्छ हामीले।

म, ती छोराछोरीको भविष्य सम्झेर चिन्तित थिएँ।

***

शुक्रबार छिटै अफिसको काम सकेर...दिउँसो दुई बजीतिर नरकित र म प्रणितालाई भेट्न गयौँ।

'गोरी, सुन्दरी र मिलेको जिउडाल भएकी गाउँकी प्रणिता हो कि...अरू कोही' यस्तै कौतुहलता थियो ममा।

आफूले चिनेकी प्रणिता चाहिँ नहोस् भन्ने चाहन्थेँ।

***

नाम्ची बजारदेखि निकै पर नन्दु गाउँतर्फ जाने बाटामा अलिक तलतिर एउटा पुरानो भवनको भुइँतलामा पुग्यौँ दुइजना...।

पहेँली र दुब्ली पातली एउटी युवतीले पानीले भिजेर तल्लो भाग भत्किएको दैलो उघारिन्।

कता कता परिचित जस्ती..., फेरि कसो कसो गर्दा अपरिचित हो कि जस्तो लाग्यो।

'नमस्ते दिदी!'

अभिवादनले ठिम्याउन सकेँ प्रणिता नै रहिछ ऊ।

उसको दुर्दशा देखेर आँखा रसायो।

मेरा परेलाहरू भिजेर चिसो भइसेकेको मैले थाहा पाएँ।

मन थाम्न निकै गाह्रो भयो...।

मनमा गड्याङगुडुङ भइरहेथ्यो।

‘प्रणिता बैनी!’ अनायसै अँगालो हालेछु। ऊ डाँको छोडेर रोई...।

हामी रोएको देखेर त्यहाँ भएका छ वर्षदेखि उँधोका चारजना छोरीहरू पनि हिक् हिक् गर्न थाले कारण नै नबुझिकन।

प्रणिताले इसारा गरेर पलङमा बस्ने आग्रह गर्दै कोठाका कुनामा पर्दाले बारेर छेकिएको भान्साघरजस्तोमा चिया बसाउने तर्खर गर्न लागी।

लथालिङ्ग र अस्तव्यस्त कोठा।

कुनामा शङ्कर भगवान्को पुरानो नक्सा। धुप जलाउँदा हो वा दियोले हो आधा जलेर शङ्कर भगवान्को एउटा खुट्टा नै थिएन। घरमा रङ थिएन तर लगाएको जस्तै कालो देखिन्थ्यो।

भुइँमा छरपस्टिएका लुगा र खेलौनाहरू उठाउँदै उसले सोधी-

‘दिदी कहिले आउनु भयो? धेरै वर्षपछि भेट भयो है। तपाईँ त जस्ताको तस्तै हुनुहुँदो रहेछ। साँच्ची आन्टीलाई अस्तिको दिन बजारमा भेटेकी थिएँ नि। तपाईँको काम नाम्चीमा नै भयो भन्दै हुनुहुन्थ्यो।’

उत्तर फर्काउनै सकेकी थिइनँ। पातलो, तम्तमाइलो तर प्रशस्त माया छचल्किएको चिया पिउनैपर्ने भयो,उसको मन राखिदिनलाई।

प्रणिताको अनुहारको हाउभाउ हेर्दा मुटुभरि उत्तरविहीन प्रश्नैप्रश्न र व्यथाहरू म देख्न सक्थेँ। मेरो छातीमा मुख लुकाएर रुने उसको इच्छा भएको आभास भइरह्यो मलाई।

म पनि उसलाई बेस्सरी माया गर्न चाहन्थेँ। पुराना र केही नयाँ गफ गरेपछि अर्को दिन फेरि भेट्ने आश्वासन दिएर फर्क्यौँ नरकित र म...।

अमूक सडकहरूझैँ मौन थियौँ हामी...।

‘भोलि एकलै गएर भेट्। उसलाई ठुलै समस्याहरू पो छन् कि?’

मनमा भोलि एक्लै जाने नै ठानेर घरतिर लागेँ...।नरकित अफिस गई।

घर पुगेर आमालाई प्रणिताको कुरा सुनाएँ। म नभएको बेला आमाले पनि ऊसँग एक दिन बजारमा भेट भएको प्रसङ्ग उठाउनु भयो।

‘भागेर बिहे गरेपछि कोलकाता र नेपालका विभिन्न ठाउँहरूमा निकै वर्ष बसेर पोहोर यहाँ आएका रहेछन्। काखकी छोरी यहीँ नै जन्मिएकी अरे। तँ र पूर्णिमालाई पनि सोधेकी थिई उसले। मैले भन्नै बिर्सिएछु।’

यति भनिराखेर आमा भान्साका काममा व्यस्त हुनुभयो।

बिहान नयाँ सूर्यको प्रकाशसँगै प्रणिताका जीवनमा पनि सुखको उज्यालो ल्याउने सङ्कल्प गरेँ मैले। रातभरि उसैका बारे सोचिरहेँ! बिहान भएछ। यो मिर्मिरे उज्यालो जस्तै प्रणितको जीवनमा पनि सुखको उज्यालो ल्याउँछु। मनमा सङ्कल्प गरेँ।

***

रमाएर पानी पर्न नसकेकाले दिन अँध्यारो थियो। हाते ब्याग, सुइटर, छाता र एउटा सानो झोला बोकेर अफिसबाट चाँडै निस्किएँ। रातभरि सोचेको ठाउँ छिट्टै पुगेँ पनि। दैलो खुल्लै रहेछ। नानी रोएकी आवाजले दैलो ढक्ढक्याएको सुनिन प्रणिताले...। दुध ख्वाएर नानी सुताउँदै रहिछ। म स्वाट्टै भित्र पसेँ।

मलाई एक्लै देख्दा उसको मुर्झाएको अनुहार खुसीले फक्रक्क फक्रियो।

केही फल, ड्राइ फ्रुट्स र मिठाई पलङ छेउको टेबलमाथि राखिदिएँ।

'किन ल्याउनु भएको दिदी?'

अभाव लुकाउन खोजी उसले।

'नानीहरूलाई ल्याइदिएको।' छोटो उत्तर दिएँ।

मसिना चारवटी छोरीहरू त्यही भाडाको घरको सानो आँगनमा खेलिरहेका थिए..., नाकभरि सिँगान लिएर, खालीखुट्टै।

काखमा निदाएकी छोरीलाई कोक्रोमा सुताएर ऊ तातो पानी लिन गई।

'बिसन भाइ खोई त?'उसको पछिपछि गएँ...।

'आज छिट्टै काममा जानुभयो। रासिन आएछ।'

'भरे कतिबेला आउँछ?'

'राती आइपुग्नु हुन्छ होला। कोही बेला त एक हप्तासम्म सिलगढी बस्नुपर्छ। मालिकको दोकान छ नि मल्लागढीमा पनि।'

'अन्त त्यतिबेला तिमी एकलै बस्नु सक्छौ?'

'बानी भइसक्यो दिदी। नसकेर उपाय नै छैन।'

'कहिले हो डेलिवेरी डेट?'

अलिक अप्ठ्यारो मान्दै मजेत्रोले भुँडी छोपी, तर बोलिन।

मेरो एकोहोरोपनसँग कसले सक्ने। फेरि सोधेँ।

'कति महिना पुग्यो?'

'सात'

बिस्तारै प्रणिताले भनी...।

'ए! आइहालेछ त टाइम। यसरी एक्लै बस्नु हुँदैन, साह्रो-गाह्रो पर्ला...।

'हुन्छ।'

'प्रणिता यो पाली चैँ अपरेसन गर्नुपर्छ है।' कडा स्वरमा भने मैले...। सरकारद्वारा आमा र नानीको राम्रो स्वास्थ्यका निम्ति सुरु गरिएका योजनाहरूको के महत्त्व भयो र आफै सचेत भएन भने। तिम्रो र नानीहरूको स्वास्थ्य हेर...। यी भविष्यका ताराहरूले सुखी र स्वस्थ जीवन बाँच्न पाउनुपर्ने अधिकार हामीले खोस्नु हुँदैन। यिनीहरूलाई राम्रो स्कुल पढाउनु पर्‍यो नि।

'दिदी! सातजनालाई आफन्त र साथीहरूकहाँ दिएकी छु स्कुल भर्ना गरिदिनु भनेर...।'

'हेर त ती नानीहरूलाई बाबुआमादेखि छुट्ट्याएर अर्काकामा राख्नुपर्ने स्थिति...।

'कति कति वर्षका छन्?'

'ठुली छोरी चौध वर्षकी छे।'

'बिहे गरेको पन्ध्रसोह्र वर्षभित्रमा यत्रा नानीहरू वर्षैपछि जन्माएर...।'

नरिसाउने प्रयास विफल भइरहेथ्यो मेरो। यो गाली नभएर अगाध स्नेह थियो प्रणिताप्रतिको। पूर्णिमालाई जत्तिकै माया गर्थें म उसलाई।

शिक्षाले पूर्णिमा र प्रणितामा देखिएको भिन्नता केलाइ रहेँ। पूर्णिमा क्यामिस्ट्रीमा पिएचडी गर्दै थिई...। प्रणिता यस्तो अवस्थामा..., नानी जन्माउनमा पिएचडी...।

'तिमी आफै सौतेनी आमाको अत्याचार भोगेकी मान्छे...। आफ्ना नानीहरू कसरी अरूलाई दिन सकेकी? समयमा सोचेनौ भने भविष्य घोर अन्धकारमय हुनेछ है।'

'हुन्छ दिदी, तर...।'

'के तर अझै।'

'बिसन दाजु मान्ने हुन् कि होइनन्।'

'उसले किन नमान्नु? उसका पनि त छोरीहरू हुन् नि। यिनीहरू सुखी भएको त उसलाई पनि मन पर्नुपर्ने। बिसन आफै पनि अनपढ त होइन।'

'दिदी उनलाई छोरो चाहिएको छ। यसपालि पनि मबाट छोरो जन्मिएन भने अर्की बिहे गर्ने अरे।'

'गरोस् जतिसुकैजना, अब चैँ ट्युवेक्टोमी, नभए हिस्टेक्टोमी गर्नैपर्छ...।' उसले बुझी कि बुझिन तर फेरि भने 'तिमी आफैँ गरिखानु सक्छौ। नडराऊ। म एउटा दोकान खोलि दिनेछु। हेर त आफैलाई, कति कमजोर भएकी छयौ। शरीरमा खुन छैन। तागत छैन।'

मेरो ब्यागभित्रका सबै भिटामिन र आइरनका गोलीहरू दिएँ...उसलाई।

अर्कोपल्ट हस्पिटल जाँदा साथी जाइदिने आश्वासन दिएँ। ऊ मानी...!

***

पन्ध्र दिनपछि हस्पिटल गयौँ।

'नानी एकदम सानो छ। आमा पनि कमजोर भएको छ...राम्रो खाना खानू...भिटामिन र दवाईहरू हस्पिटलबाट लिएर जानू। अलिक आराम पनि गर्नुपर्छ...ल...। '

डाक्टरको कुरा सुनेर म आत्तिएँ।

'झन्डै वर्षैपछिका बाह्रजना नानीहरू। अझै तेह्रौँ जन्माउने क्रम छ। यस्तो युगमा पनि...कस्तो अचम्म...।' अचम्म हो र रिसै उठ्ने कुरो।

प्रणितालाई घरैसम्म पुऱ्याएर बिसनलाई भेटेरै जाने निर्णय लिएँ। आधा दिनको बिदा लिएकै थिएँ।

संयोगवश बिसन साँझ नपरी आइपुग्यो। उसलाई बढाइ चढाइ गरेर डाक्टरका कुरा सुनाएँ, बुझाएँ...।

अलिक डराएर उसले दुईतीन महिनाका लागि आफ्नी बहिनीलाई बोलाउ कि! भन्यो। उनको कुरा मलाई एक प्रकारले ठिकै लाग्यो। प्रणिताले केही आराम पाउने थिई। अचम्भित पनि थिएँ म...'यति सानो एउटा कोठामा को को कहाँ कहाँ सुत्छन् होला' भनेर...।

***

कति चाँडो एक महिना बितेछ।

म सप्ताहव्यापी ट्रेनिङका लागि बङ्गलोर जानुपर्ने भयो।

प्रणिताको चिन्ता गर्दै बङ्गलोर गएँ। म नहुँदा तिमीले प्रणितालाई याद गर्नु है भनेकी थिएँ नरकितलाई...।

प्रणितालाई दुख्न थालेपछि बिसनले हस्पिटल लगेछ।

***

ट्रेनिङ सकिएकै दिन फर्किएर सोझै हस्पिटल गएँ। रात निकै छिप्पिसकेको थियो। पुग्नेबित्तिकै बिसनले खुसीको खबर सुनायो। प्रणिताले केही घन्टाअघि छोरो जन्माइछ। खुसीको मुडमा रहेका बिसनलाई फेरि प्रणिताको अपरेसन गराउनुपर्ने कुरो सम्झाएँ।

ऊ राजी पनि भयो।

हामी नानी हेर्न आतुर थियौँ।

***

रातको शून्य वातावरणमा नर्सहरू यताउत्ति दगुरिरहेका थिए। डाक्टर मातृ शिशु लेखेको तिर पसे...।

जाँच गरेपछि प्रणितालाई जनरल वार्डमा सारिने आशा लिएर हामी कुरिरह्यौँ...। तर उसलाई स्ट्रेचरमा हालेर ICU कोठातिर लगियो।

हामी केही बोल्न सकिरहेका थिएनौँ....,

'के भयो सिस्टर? आमा छोरा कस्ता छन्?' ICU-तिरै गइरहेकी सिस्टरलाई आँट पुऱ्याएर सोधेँ मैले।

'ठिकै छ। एकछिनमा तपाईँहरूले हेर्न पाउनु हुनेछ।'

अनुमति लिएर नानी भएका कोठामा गएर हेऱ्यौँ।

गोरो...। प्रणिताजस्तै लाग्यो नानी मलाई।

'आमापट्टि गएछ।'

मेरो प्रतिक्रियामा बिसन मुसुक्क हाँस्यो। त्यो रुन्चे हाँसो थियो। उसको ध्यान प्रणितापट्टिनै थियो...।

केहीबेर अघि देखिएकी सिस्टर ICU बाट निस्किएपछि मैले हतारिँदै गएर प्रणिताको अवस्था सोधेँ। धेरै कमजोरी, धेरै रगत बगेको र श्वास फेर्न पनि कठिन भइरहेको जानकारी दिइन् नर्सले..।

हाम्रो हंसले ठाउँ छोड्यो। ICU को बन्द दैलोबाट नजर हट्न सकेको थिएन।

'शारदा दिदी..., शारदा दिदी...!' कता कता प्रणिता चिच्याए जस्तो लाग्यो।

'दिदी प्रणिताले मलाई बोलाएकी हो?' बिसनलाई पनि उसैलाई बोलाए जस्तै भ्रम भएछ...।

आधा घन्टापछि डाक्टर टाशी अँध्यारो अनुहार लिएर बाहिर निस्किए।

हामीतिर नहेरीउनी सरासर अघाडि गयो.. भावशून्य मुद्रामा...।

प्रणिता चिरनिन्द्रामा पुगिसकिछ।

उसको शरीरलाई निख्खुर सेतो कपडाले छोपियो हामीलाई कालो वेदनामय परिवेशमा लपेटेर...।

बिसनको काखमा तेह्रौँ सन्तानका रूपमा प्रणिताकै अनुहारको छोरो थियो...। तर ती तेह्रैजना नानीहरूले आफ्नी आमाको न्यानो काख गुमाएका थिए.....

# भ्रम

सुखी र सानो परिवार थियो शान्ताकुमारको। सुख र दुःख दुवै अनुभूति दिने घर पनि। जीवन धान्नलाई छँदै थियो ग्रामीण विकास विभागमा नोकरी। कुशल गृहिणी हुनसक्ने गुण देखेर होला बाबु आमाले बिन्दासँग विवाह गरिदिएका। दुवैले एकाअर्कालाई रुचाएका नै थिए। सासू-ससुराको आशीर्वाद र लोग्नेको माया पाएर बिन्दाले भाग्यशाली ठानेकी थिइन् आफूलाई। गुण र कौशलद्वारा उनले सबैको मन जितिन्। छर-छिमेकीका लागि उनीहरूको घरउदाहरणीय थियो। सूर्य उदाउँदा उज्यालोसँग हाँस्ने र अस्ताएपछि जुनको प्रकाशमा रम्ने।

'कति शिलस्वभावकी बुहारी। बुढा-बुढी सासू ससुराको हेरचाहसँगै आफ्ना नानीहरूलाई पनि राम्रो संस्कार दिएर हुर्काइरहेकी छन्। बिन्दा त बिन्दै हो।'

स्वास्नीबारे यस्तो प्रशंसा सुनेर मख्ख पर्थे शान्ताकुमार। बिन्दाका गालामा पनि लाली चढ्थ्यो। शिक्षित र इमानदार कर्मचारी त छँदै थिए शान्ताकुमार। कामप्रतिको निष्ठाले नै होला निर्धारित समयमा नै पदोन्नति हुँदै गएर उच्च सरकारी अधिकारीको पद सम्हाल्न पुगे...।

नियमित कार्यहरूसँगै कार्यालयको प्रतिनिधिका रूपमा धेरै बैठकहरूमा सहभागी हुने दायित्व थपिँदै गयो। कहिले काँही सहर बाहिर जानुपर्ने बाध्यता पनि आइपर्थ्यो।

पदोन्नति त भयो तर यसले शान्ताकुमारको विवेक भने साँघुरियो। प्रमोसन भएपछि उनको साँठगाँठमा पनि परिवर्तन आयो। जीवनशैलीमा परिवर्तन आयो। 'प्राकृतिक गुण हो परिवर्तन हुनु त'-गफ गर्दा शान्ताकुमार साथीहरूलाई भन्ने गर्थे। सरकारी गाडी, सरकारी ड्राइभर पाएपछि शान्तकुमार सरकारी रहेनन्।

यति मात्रै होइन, शान्ताकुमारका रुचिहरू पनि अर्कै हुँदै गए। यसरी ठुलै परिवर्तन आउँछ होला भन्ने न त शान्तकुमार आफैले सोचेका थिए न त अरूले...तर परिवर्तन आयो। शान्ताकुमार चाहिँ यसलाई प्रगति भन्ने गर्थे।

उनलाई बिन्दा आफू सुहाउँदी लाग्न छोडेको थियो। 'मनिता बाबुनी कति शालीन, स्मार्ट। घर, अफिस दुवै सम्हाल्नमा सिपालु।' सोच्न थालेका थिए शान्ताकुमार।

सासू-ससुरा, लोग्ने, छोराछोरीको स्याहार सुसारमा व्यस्त रहने बिन्दाको पाकेको अनुहार, कामको रडाकाले झुल्सिएको केश र सुस्त शरीरको तुलना मनिता बाबुनीसित गर्दा शान्ताकुमारले आकाश पातालको फरक पाउन थोलेका थिए। पोटिलो अनुहार र हृष्टपुष्ट शरीर सामू बिन्दाका गुणहरू हराउँदै जाँदै थिए। मनिता बाबुनीको मोहनीले शान्तकुमारको जीवन शान्त थिएन।

बदलिएको थियो शान्ताकुमारको स्वभाव। घर पुगेपछि त्यसै झर्किने...। आफूसँग झ्याम्मिन आउने छोरा छोरीदेखि तर्किने...। वृद्धावस्थामा पुगेका बाबु आमाको छेउमै नपर्ने।

***

उमेर भइसकेका दुवै आमा-बाबुको कस्तो संयोग, महिनाको हेरफेरमा दुवैले संसारबाट बिदा लिए।। छोराछोरी पनि पढ्न घरबाट बाहिरिए। शान्ताकुमारमा मनिताप्रतिको आकर्षण अझ बढ्दै गयो।

शान्ताकुमारको मनमा अरू कुनै कुरो बढ्दैछ भन्ने कुरा र आफ्नो लोग्नेको अनौठो स्वभाव बुझ्न बिन्दालाई कतिबेर लागेन। यसैले ऊ घरेलु कामकाजलाई जीवनको हिस्सा बनाएर चिन्तामुक्त रहने प्रयास गर्थिन्। शङ्का उपशङ्काको कुरा झिकेर घरमा अशान्त वातावरण सृजना गर्न चाहन्न थिइन् बिन्दा। कुनै दिन केही प्रतिक्रिया जनाइनन् पनि। उसले आफ्नो मुटु बाँधिन्, परिवार छरपस्ट नहोस् भन्ने ठानेर। सहेर बस्नू कति गाह्रो। पोल्थ्यो, जल्थ्यो, आँखा भिज्थ्यो तर परिवार अलपत्र नहोस् भनेर उनले आफूलाई थुम्थुम्याइ रहिन्। बिन्दाको सरलता र सोझोपनको फाइदा उठाइरहे शान्ताकुमारले...।

***

एक दिन अफिसबाट फर्किँदा शान्ताकुमारले आँगन, भान्साकोठा, पूजा कोठा कहीँ पनि बिन्दालाई देखेनन्। छक्क पर्दै यताउत्ति खोजेपछि बेड रुममा सुतिरहेकी भेट्टाए। अनुहार रन्किएको। ज्वरो आएको रहेछ..., सम्पूर्ण शरीरनै मुङ्ग्रोले कुटेझैँ गरी दुखिरहेको थियो।

संयोगवश छोराछोरी घरमै थिए।

भोलिपल्ट शान्ताकुमार दिल्ली जानुपर्ने थियो नगई नहुने मिटिङमा।

***

बिहानसम्म पनि बिन्दाको ज्वरो घटेको थिएन। छोरोलाई डाक्टर कहाँ लैजाने सल्लाह दिएर शान्ताकुमार घरबाट निस्किए। दिल्लीमा बैठकमा भाग लिए लिएनन्..., तर त्यस मिटिङले शान्ताकुमारको जीवनमा ठुलो परिवर्तन ल्यायो।

***

बिन्दालाई ज्वरोले निकै चापेपछि छोरोले हस्पिटल लग्यो। रक्तसङ्क्रमण भएछ, हस्पिटल भर्ती हुनुपर्‍यो। सङ्क्रमण शरीरभरि फैलिएर जीवन र मृत्युबिच सङ्घर्ष गर्दागर्दै उनले तिन दिनपछि संसारबाट विदा लिइन्।

सरक्क मिलेको शान्ताकुमारको जीवन लथालिङ्ग भयो। सधैँ सुखको हरियाली देखेकाले होला सुकौरोको स्थिति भोग्नुपर्ने कल्पना समेत गरेका थिएन उनले। बिमारी अवस्थामा रहेकी बिन्दाको आँखाको भाका पढेर पनि उनलाई असहाय बनाएको ग्लानिबोधले सताइरह्यो शान्ताकुमारलाई। तर बिन्दा नफर्किने यात्रामा हिँडिसकेकी थिइन्...।

***

शान्ताकुमार रिटार्यर भइसकेका छन्। रिटार्यर भएकै दिनदेखि मनितासँग सम्बन्ध पनि रहेन। हिजोआज मनितालाई नयाँ सचिवले दिल्ली लिएर जान्छन् अरे।

***

उनी नितान्त एकलो भएका छन्। ठु...लो घर छ तर सुनसान। एकजना सहायक केटो रामुले साँझ परेपछि झलमल्ल बिजुली त बालिदिन्छ तर मनको अँध्यारो हट्ने दियो कहिल्यै बलेन उनका घरमा। उदास शान्ताकुमारलाई उहिलेको खुसी ढकमक्क फुलेको आफ्नो रौनकतापूर्ण घर सुकेर खङरङङ भएको शिरिषको रुखजस्तै लाग्न थालेको छ।

प्रेम र स्नेहको हत्या भएको त्यो खोक्रो घरले उनलाई जीवनमा गरेको ठुलो गल्तीको आभास दिइरहन्छ। वास्तविक सुख लत्याएको बोध गराइरहन्छ। हिजो आज उनी भेट्न आउनेहरूसँग कुरा कुरामा बिन्दाको कुरा निकाल्छन्।

***

# भाग्यविधाता

४ दिसम्बर २०१८।

रमाकान्तका लागि उनको जीवनको सर्वाधिक हर्षको दिन। शिक्षकको महान व्यवसाय अङ्गालेर शिक्षाको ज्योतिले धेरैजना विद्यार्थीहरूको भविष्य उज्यालो होलान्। कलिलो उमेरमा उचित मार्गदर्शनको अभाव र कुसङ्गतमा ड्रग्सको लत तथा यौन धन्धामा संलग्न किशोर तथा युवाहरूलाई सुमार्गमा ल्याउने प्रयास गरे होलान्। तर यो नौलो खुसीको अर्कै महत्त्व र विशेषता थियो....।

छोरो निरजले सिविल इन्जिनियरिङ्गको डिग्री प्राप्त गरेर सङ्घ लोक सेवा आयोगअन्तर्गत भारतीय अभियान्त्रिकी सेवा परीक्षा उत्तीर्ण गऱ्यो। गाउँलेहरूका लागि यो अपत्यारिलो कुरो थियो। रमाकान्तलाई भने पूर्ण विश्वास थियो निरजको क्षमतामा।

एउटा दुर्घटनामा परेर दाहिने खुट्टा काट्नुपर्दा सबैले लङ्गडो भनेर गिज्याएको कटाक्ष नसहेका होइनन् रमाकान्तले। शारीरिक दुर्बलताको कटु अनुभव। हीनभावनाले ग्रसित हुँदाहुँदै बैसाखीलाई साथी बनाएर लक्ष्यप्राप्तिको युद्ध लडिरहे। यसैले त आत्मनिर्भर भएर स्वाभिमानसित बाँचिरहेका छन्।

***

'प्रमिला! छुट्टी भएपछि दुर्पिनतिर घुम्न जाऊ ल।'

'कहाँ हौ! माइजूले मार्नुहुन्छ। आज शनिबार हाटमा आउनु भएको पनि हुनसक्छ।'

'एकछिन जाऊ न। कत्ति पढ्नु। फुटबल म्याचले ढिलो भयो भन न।'

प्रमिलालाई फकाउन रविले अल्छी गरेन।

समालबुङमा निम्न माध्यमिकसम्मको पढाइ सिध्याएर मामा माइजूकहाँ बसी बजार स्कुलमा पढ्न आएकी प्रमिलाले गर्वमेन्ट हाई स्कुलमा एडमिसन पाई।

कालोकालो, हिस्सी परेको, अलिअलि जुँगाको रेखी बसेको रविप्रति ऊ मोहित हुँदै थिई।

'चाँडै फर्कौँ ल।'

स्कुल युनिफर्ममा यसरी घुम्न आउँदा अप्ठ्यारो लाग्यो उसलाई। बजारको ठुलो हाटमा आउने कुनै परिचितसँग जम्काभेट पो हुने कि भन्ने डर पनि थियो।

दुर्पिन पुगेर एउटा चौकीमा बसी मायाप्रीतिका भावनाहरू साटासाट गरे। हरियो चउरमा बसेर आलु चिउरा र आइसक्रिम खाने प्रमिलाको इच्छा पनि रविले पुरा गरिदियो।

'अब जाउ होइन? ढिलो भयो नि!'- प्रमिलाले भनी।

रवि थपक्क उठ्यो। प्रमिलाको घरको अघिल्लो गोलाइसम्म पुगेर दुईजना छुट्टिए। माइजूलाई फुटबल म्याचले ढिलो भएको जनाएर प्रमिलाले छिटो छिटो लुगा फेरी। सब्जी काट्न सघाइ अनि होमवर्कको निहुँ गरेर कोठाभित्र पसी। होमवर्कमा ध्यान गएन। रविलाई नै सम्झी रही।

***

गाउँमा छँदा स्कुल जानअघि डोकोभरि घाँस काटेर गोठमा थुपार्ने, कटेराबाट एक भारी दाउरा ल्याउने, चुल्हो पोत्न गोबर र माटो ल्याइदिने र जुठेल्नामा थुप्रिएका भाँडाहरू माझ्ने ड्युटी कालेबुङ आएपछि परिवर्तन भएको थियो।

भाडाको घर बढार्नु, ओछ्यान मिलाउनु र सब्जी काट्नु माइजूलाई सघाउँथी ऊ। छुट्टीको दिन कहिले बजार, कहिले साथीको घरमा नोट्स लिनु र कहिले स्कुलमा विभिन्न प्रतियोगिताका अभ्यासको निहुँ गरेर घरबाट बाहिर निस्किन्थी।

'माइजू! रमासित बजार जानुपर्‍यो।'

'किन? के ल्याउनुछ? मलाई भनन, म ल्याइदिन्छु। मेरो काम छ बजारमा।'

'यी यो डन्डिफोरको दवाई ल्याउनु छ।' गालाको फोका कोट्याउँदै प्रमिलाले भनी।

'ए...! त्यो डन्डिफोर होइन। कुनै किराले टोक्यो होला। हात नलाउनु, आफै हराउँछ।'

उम्किने छाँट देखिन उसले।

***

'प्रमिला यी तिम्रो खाता...।'

'कसले ल्याइदियो माइजू?'

'एकजना काले, लुते केटो थियो। हिजो स्कुलमै छोडेकी थियौ अरे।'

आइतबार हुनाले खाताको निहुँ गरेर रवि उसलाई भेट्न आएको लख् काटी।

प्रमिला मुसुक्क मुस्काइ। दुवै हात छामी। रविको स्पर्श अनुभूत भइरहेथ्यो। कुनै पार्कमा अथवा जङ्गलतिर घुम्न जाँदा बाक्लो झ्याङमुन्तिर बसेको बेला रविले उसका हात, पिँडुला र अरू अङ्ग सुम्सुम्याउँदा भएको आनन्दानुभूति सम्झेर आफैदेखि लजाइ।

सुरुसुरुमा रिसाएझैँ गरे पनि हिजोआज रवि नजिक आएको प्रमिलालाई राम्रो लाग्छ। छेउमा नै बसिरहोस्। छोइरहोस् लाग्छ।

***

दुई दिनअघिको घटना...।

सुनसान बाटामा...दुईजना माया गर्दै गफ पनि गरिरहेको बेला प्रमिलाले रविको आँखा हेरी। सधैँभन्दा अर्कै लाग्यो। रातो, रसाएको आँखा देखेर प्रमिलाले सोधी -

'आँखामा के भयो? रा...तो देखिन्छ त।' एकटक लगाएर प्रमिलाको छाती हेरिरहेको रवि भरङ्ङ भयो।

'बिहान धुलो पसेको थियो...।'

'आऊ म फुकिदिन्छु।' फु...फु...।

प्रमिलालाई निकट पाउँदा रविले आफूलाई नियन्त्रण गर्न सकेन। च्याप्प समातेर छातीमा टाँस्यो।

'के गरेको रवि? कसैले देखे के भन्लान्?' रवि एकोहोरिएको थियो। अँगालो झन कसिँदै गयो।

'रवि...! प्रमिला...कहाँ छौ?'

मिलन र शेखर, रीता र प्रीतिसँगै त्यहाँ आइपुगे।

‘हेट् ब्र...! के हो...? काम तमाम् गर्ने विचार थियो कि क्या हो?’

चाकदेखि तल झरिसकेको, घुँडामा फाटेको पत्लुन उँभो तानेर दाहिने कानको कुन्डल हल्लाउँदै मिलनले जिस्क्याउँदा मात्र रवि सम्हालियो।

***

कालेबुङ बजारमा पन्ध्र अगस्तको रमझम अन्य ठाउँभन्दा फरक हुन्छ। झन्डै एक महिनाअघिदेखि नै आरम्भ हुने स्वाधीनता दिवस समारोहको तयारीले वातावरणमा छाएको रमझमको आनन्द नै बेग्लै...बाल, वृद्ध...युवा, वनिता सबैलाई आकर्षित तुल्याउने।

बजारका त भइहाले..., गाउँका गाउँलेहरू समेत पहिल्यैदेखि बित्ने काम र गाईवस्तुका आहारको व्यवस्था मिलाएर कालेबुङको पन्ध्र अगस्ट हेर्न छुटाउँदैनन्। कालबुङको पन्ध्र अगस्ट दिल्लीमा हुने पन्ध्र अगस्टपछि दोस्रो नम्बरमा आउँछ....। चारैतिर यस्तै हल्ला चल्छ। हुन पनि भव्य हुन्छ पन्ध्र अगस्ट।

‘आज यति धेरैबेरसम्म अभ्यास भयो प्रमिला? ड्रम बज्नु त अघिनै छोडेको त?’

‘माइजू! एकछिन प्रीतिका घरमा गएँ। पुस्तक ल्याउनु थियो।’

यो उत्तरले माइजू सन्तुष्ट भइनन्।

***

‘प्रमिलाको चालचलन त्यत्ति ठिक लाग्दैन। स्कुलबाट सधैँ साँझ झमक्क परेपछि मात्र आउँछे। अर्काकी छोरी ल्याएर पढाउनु पनि पिर हुन्छ। गाल पार्ने हो कि ?’

विक्रमलाई सम्झाइबुझाइ गर्न लगाउने ध्येयले मीनाले प्रमिलामाथिको शङ्का व्यक्त गरिन्।

‘अझै अलिक दिन याद गर न। नत्र भने बस्तीनै पठाइदिनुपर्छ।’

कालेबुङ र सिलगढीबिच दिनहुँ ट्याक्सी खेपेर अबेर राती घर फर्किने विक्रमले छोटो उत्तर दिए।

मामा-माइजूका कोठामा गुणगुण गरेको सुनिए पनि कुरोको चुरो बुझिन प्रमिलाले। तर कता कता मन अशान्त भयो।

‘भोलिदेखि रविसँग जान्न। स्कुल आउनु पनि छोडेको छ। कहाँ जान्छ होला दिउँसो। छुट्टी भएपछि त टुप्लुक्कै आइपुग्छ। अबदेखि साँच्चै नजानु पर्‍यो।’ यस्तो अठोट गरी उसले...।

***

‘प्रमिला..., प्रमिला...। दस मिनट मा...त्रै।’ सधैँको बेला भएछ। रवि उसकै अगाडि थियो।

‘अहँ जान्नँ। मामा-माइजूले चाल पाउनु भयो होला। हिजो राति कुरा गर्नु हुँदै थियो। थाहा पाउनु भयो भने त मलाई मार्नु हुन्छ।’‘साँच्ची, तिमी किन स्कुल आउनु छोडेको?’ - सोधी उसले।

‘बाबालाई काम सघाउँदैछु। घर रिप्येरिङ गर्दैछौँ नि त।’

रविलाई दुखी बनाउन चाहिन प्रमिलाले।

‘फर्किहालौँ है। मलाई बस्ती पठाउनु भयो भने चैँ थाहा पाउनेछौ।’

‘ए! म त बस्तीमै आउँछु नि।’

‘लु लु हिँड। प्रीतिहरू खोई त?’

‘उनीहरू गइसके।’

तीन जोडी सधैँको आआफ्ना टुङ्गामा गए।

***

'ला...! रात परेछ। घरमा कसरी पस्नु?'

'लु यो खाऊ त, डर कहाँ भाग्छ भाग्छ।' गोजीबाट निलो रङको ट्याबलेट निकालेर दियो रविले।

'के को दवाई हो? मात्ने ड्रग्स त होइन?'

'कहाँ हौ। खाऊ न। पुरा आँट बढ्छ। एनरर्जी आउँछ शरीरमा।'

मामा माइजूको गाली खाने डर भगाउन प्रमिलाले ट्याबलेट निली।

***

यो क्रम बिस्तारै बढ्दै गयो फोस्रो आँट, साहस र निर्लज्जतासँगै। आमा बिरामी हुनुभएको खबर पाएर एक सप्ताहका लागि समालबुङ गएकी प्रमिला इक्जाम छ भनेर दुई दिनमै फर्की।

'प्रमिला स्कुलबाट कम्प्लेन आएको छ। पढाइमा ध्यान दिँदैनौ अरे। क्लासमा पनि प्रायः एब्सेन्ट रहन्छौ भनेको सुनेँ। दिदीको बिन्ती सुनेर तिमीलाई यहाँ ल्याएका थियौँ। यस्तै चाल हो भने उतै गएर पढ्नु।'

कहिल्यै गाली नगर्ने मामाको वचन काँडा बनेर बिझ्यो उसका मनमा। रुँदै...अबदेखि उसो नगर्ने कुरा राखी प्रमिलाले।

***

'आज स्कुल छुट्टी हो कि क्या हो। आठ बजिसक्यो त।'

माइजूको स्वर सुनेर पनि शिथिल शरीरलाई ओछ्यानबाट उठाउन सकिन प्रमिलाले। टाउको पनि गह्रौँ थियो। अचानक मुख तितो भयो। बाथरुमभित्र पसेर उल्टी गरी।

टाउको छामेर माइजूले आराम गर्ने सल्लाह दिइन्।

'आन्टी! प्रमिला स्कुल आइन त। भोलि भूगोलको टेस्ट छ कि। खाता पुऱ्याउनु आएकी नि।' स्कुल छुट्टी हुनेबित्तिकै आएकी प्रीतिलाई मीनाले चिया खाजा दिइन्।

साथी भेटेपछि अलिक सन्च हुने हो कि भन्ने आशा पनि थियो। दुईजनालाई कोठामै छोडेर मीना बरन्डामा सुकाएका लुगाहरू उठाउन गइन्।

'रविलाई म आउँन सक्दिनँ भनिदेऊ ल।' कानमा परेका यी छवटा शब्दहरूले मीना घोरिन बाध्य भइन्।

'को रहेछ रवि? अस्ती आउने केटो नै होला।'

सन्देह निश्चिततामा परिणत भयो।

***

प्रमिलाको पहेँलो अनुहार अझै पहेँलिँदै गइरहेथ्यो। दुब्लाएको शरीर अझै सुकेको थियो।

'प्रमिला! तिमीलाई सन्च छैन?'

डेस्कमा टाउको घोप्टो पारेर सुतेकी प्रमिलालाई मनिषा गुरुआमाको प्रश्नले ब्युँझायो। निकै ज्वरो आएको रहेछ। उसलाई एकजना साथीसँग घर पठाइयो।

ज्वरो बढ्दै गएकाले मीनाले डाक्टर कहाँ जचाउन लगिन्। जेनरल फिजिसियन डाक्टर जीएम दे ले स्त्रीरोग विशेषज्ञलाई देखाउने सुझाउ दिए।

प्रमिला गर्भवती भएकी रहिछ। मीना बेहोस हुने स्थितिमा थिइन्।

एकातिर चौध-पन्ध्र वर्षकी कलिली ठिटीको भविष्य अर्कातिर अपगाल पाउने डर...। गर्भ रविको थियो।

'साटाक सुटुक गर्भपात गराउनुपर्छ। बदनामी हुन्छ।'

मीनाको यो सल्लाह विक्रमलाई उचित लाग्यो। तर कालको खैँचो...। चार महिनाको गर्भ तुहाउन डाक्टर मानिनन्।

'नसाका लतमा पनि छौ होला जस्तो लाग्यो। अब छोड्नुपर्छ। नानीलाई असर गर्छ।' प्रमिला घोप्टिइरही। भित्रभित्रै रविलाई गाली गरी। आफैदेखि पनि रिस उठ्यो।

रवि र उसका आमा बाबालाई यो खबर जनाउन विक्रम र मीना तिरपाई गए।

'हाम्रो रवि त यहाँ छैन। गर्भ उसको नै हो भन्ने के प्रमाण छ? आउँछन्...कसकसका पाप बोकेर रविलाई खोज्दै।'

यस्तो प्रतिक्रिया पाएपछि अँध्यारो मुख लिएर विक्रम र मीना फर्किए।

नाबालिग प्रमिलाको विवाह गरिदिन पनि सम्भव थिएन।

***

त्यसदिनदेखि प्रमिलाले रविको दर्शन पाइन। सम्पर्क पनि गरिन। मिलन, शेखर, रीता र प्रीतिलाई रिह्याबमा पुऱ्याएको थियो।

असहनीय प्रसव पीडा खपेर सात महिनामै प्रमिलाले बच्चा जन्माइ। एक किलो सात सय ग्राम ओजनको नानीलाई एक महिनासम्म इन्क्युबेटरमा राखेपछि मात्र घर लैजाने अनुमति भयो।

'समयमा नै सम्हालिएकाले नानीको शारीरिक र मानसिक स्वास्थ्यमा ड्रग्सको अत्यधिक गम्भीर असर परेन रहेछ।'

शिशु रोग विशेषज्ञको यस भनाइको कति ठुलो महत्त्व थियो अबोध बालकको भविष्यका लागि। क्षणिक मनोरञ्जनका लागि तरुनी तन्नेरी हुँदा छिमेकीका छोरा बुहारीले गरेका गल्तीको सजाय निर्दोष नातीले भोगिरहेको अवस्थाबाट चिन्तित विक्रमले शान्तिको श्वास फेरे। तर 'जोगीका घरमा सन्यासी पाहुना' को चोट त छँदै थियो। अर्को थप दायित्व...।

***

'विक्रम...'

धेरै वर्षपछि सुनेका हुन् उनले यो स्वर। बैसाखी टेकेर उभिएका रमाकान्तलाई चिन्न गाह्रो परेन। हस्पिटलमा उपचाराधीन साथीलाई हेर्न आएका रहेछन्।

दुईजनामा दुख सुखका कुराहरू भए। स्कुल पढाउन ल्याएकी भान्जीबाट थपिएको दुख मिश्रित पीडाको सहजै अनुमान गरे रमाकान्तले...।

नवजात शिशु साह्रै सानो र कमजोर थियो।

'मेरो मनमा एउटा विचार आयो...। भनौँ विक्रम...?'

'भनन के?' रमाकान्तको विचार जान्न चाहे विक्रमले।

'यो नानीलाई लगेर मेरी पत्नीको रित्तो कोख भरिदिनेछु।'

विक्रमले नानी जन्मनुअघिको चर्तिकला नढाँटि सुनाएका थिए। तर पनि रमाकान्तको आँट देखेर अचम्मै लाग्यो उनलाई।

'मलाई विश्वास छ। रमा र मैले सजिलै हुर्काउन सक्छौँ। यस्तो नानीलाई विशेष हेरचाहको खाँचो पर्छ।'

अतिरिक्त भारले थिचेको काँधमा कसैको हात पर्दा सन्च माने विक्रमले। रमाकान्त स्वयम्मा विश्वस्त थिए...त्यो नानीलाई हुर्काउन सक्ने कुरामा।

***

'रमा हेर त, हाम्रो घरमा को पाहुना आएको छ?'

लोग्नेको आगमनमा खुसी भएर रमाले दुई गिलास पानी लिएर आइन्।

'खोई को पाहुना?'

रमालाई सोफामा बसाएर आँखा चिम्लन लगाए रमाकान्तले। फुलालाइनको थाङनामा लपेटेर नरम कम्बल ओडाइएको नवजात शिशुलाई रमाको शून्य काखमा राखिदिँदा...उनको अतृप्त मातृत्व भावना छचल्कियो अश्रुका धारा बनेर।

***

त्यसै दिनदेखि ती दम्पतीले सम्पूर्ण परिश्रम निरजमाथि खर्च गरे।

दुईजनाको स्याहार सुसारले निरजको शरीरमा मासु त भरिँदै गयो...तर शारीरिक क्रियाकलापहरूमा ऊ अरू सामान्य नानीहरूभन्दा केही सुस्त थियो। ढिलो बामे सऱ्यो। ढिलै हिड्यो। तोते बोल्न थाल्यो केही अडकिँदै। हुर्किंदै जाँदा 'फुर्तिलोपनामा अलिकति कमी र भक्भकिँदै बोल्ने' मात्रै थियो निरजको कमजोरी।

डाक्टरी उपचार, सल्लाह, अनेकौँ थेरापी र विभिन्न गतिविधिहरूमा संलग्नताले हीनभावनाग्रस्त हुनबाट जोगाउने औषधिको काम गऱ्यो।

'त्यो भकभकेले तबला बजाएको हेर न।'

'नक्सा पनि कस्तो राम्रो बनाउँछ। चित्रकला प्रतियोगितामा प्रथम भयो। पढ्नुमा पनि ठिकै छ।'

'निरज' साथीहरूका लागि परिश्रम र प्रयासको उदाहरणीय सङ्गम थियो।

'रमा! भानु जयन्तीमा आयोजना गरिने अन्तर्विद्यालय रामायण पाठ र कविता वाचन प्रतियोगितामा पनि निरजलाई सहभागी बन्न लगाउँ होइन?'

'होस् होस् छोडिदिऊ। उसले कविता लेख्न त सक्छ...तर वाचनमा समस्या हुन्छ। अरूले गिल्ला गर्छन्। हाँसोको पात्र किन बनाउनु?'

'अन्त के हुन्छ । मान्छेहरूको सामना गरेर आत्मविश्वास बढाउने काम पो गर्नुपर्छ त।'

निरजको कमजोरी र असमर्थतामा अरूले गिज्याउँदा असहज र सरम भएको अनुभव नगरेकी होइनन् रमाले।

‘भिन्न रूपले सक्षम नानीहरूका आमा कहिल्यै निश्चिन्त भएर बस्न पाउँदैनन्।’

निरज बढ्दै जाँदा छिमेकी राईनी दिदीको यस्तो भनाइलाई उनी कहिल्यै बिर्सिन्नन्।

कविता वाचन प्रतियोगितामा भाग लिन लगाउने तर्कमा रमालाई रमाकान्तले जित्यो। यसमा निरजलाई प्रदान गरिएको सान्त्वना पुरस्कार थप ऊर्जा सिद्ध भएको थियो।

सातौँ क्लास मात्र दोहोऱ्याएर ‘निरज’ प्रत्येक क्लास उत्तीर्ण हुँदै गयो। बाह्रौँ श्रेणीको बोर्ड परीक्षापछि एक वर्षसम्म कोचिङ गरेर इन्जिनियरको प्रवेश परीक्षा पनि छिऱ्यो।

जलपाइगडी इन्जिनियरिङ कालेजमा पनि स्कुलमा सरह निरजलाई हेप्ने, होच्याउने र गिज्याउनेहरू नभएका होइनन्। तर ‘ऊ’ लक्ष्य प्राप्त गर्नमा अटल आत्मविश्वास लिएर कर्मशील बन्दै गयो। अरूले भनेका कुरातिर बेसी ध्यान नदिने एउटा गज्जबको शक्ति थियो निरजमा।

‘निरजलाई याद गर्नु ल नानी। ऊ सोझो छ, केही बुझ्दैन, जान्दैन...।’ चौबिसै घन्टा निरजको छाया बनेकी रमाले निरजको साथी धीरजसँग उसको ध्यान राखिदिने आग्रह गर्दा रमाकान्तको गाली सुन्नु परेको थियो।

‘साथीहरू सामु निरजलाई सोझो, सिधा, लाटो नभन्नु। ऊ लज्जित हुनुपर्छ। उसको पनि अरू व्यक्तिहरूमा सरह प्रेम, आवेग, भावना, कुण्ठा...सबै हुन्छ।’

***

मेहनतको रङ देखियो। इन्जिनियरको डिग्री पाएपछि एकै वर्षको तयारीमा निरज भारतीय अभियान्त्रिकी सेवा परीक्षामा पनि सफलता पाउन सक्षम भयो।

रमाकान्तले हस्पिटलमा विक्रमलाई भेटेको त्यो दिन सम्झिए। सानो कागको बच्चा जत्रै नानी हातमा लिएर आफ्नी स्वास्नीको काखमा राखेको दिनको स्मरण भयो। उमेर नपुगी, बिहे नगरी नानी जन्माउने प्रमिला र बैस सम्हाल्न नसक्ने रवि सम्झे अनि सम्झियो ‘निरज’-लाई। रमाकान्तको ओठमा मिठो मुस्कान थियो तर आँखा भने चिसो थियो।

***

“त्यसपछि हामीले प्रमिललाई सबै कुरा भुलेर राम्रो पढ्न लगायौँ। उसले ड्रग्स खान छोडी। गर्ल्स स्कुलमा एडमिसन गरायौँ। ड्रग्सको लत छोड्न त निक्कै गाह्रो भयो तर उसले त्यो लतलाई जितेरै छाडी।” बिहे त गरेकी छैन तर अहिले आफ्नै बिजिनेस चलाउँछे ऊ।” -विक्रमले रमाकान्तलाई सुनाए।

***

खचाखच भरिएको म्यारेज हल। हलमा पाहुनाहरू बसेर रमाइलो गरिरहेका थिए। घरि नेपाली घरि हिन्दी गीत बज्दै थियो।

स्टेजदेखि तिन चार टेबल परतिर तीनजना पाहुनाहरू थिए। बेहुला बेहुलीलाई भेट्नेहरूको भिड थियो। ती तिनजनाले पनि आफ्नो पालो पर्खिरहेका थिए।

उनीहरूको ध्यान घरिघरि “निरज वेड्स स्मिता” लेखेर आकर्षक ढङ्गमा सजाइएको स्टेजतर्फ जान्थ्यो। पालो आएपछि उनीहरू नव वरवधुलाई आशीर्वाद दिन गए...।

‘मेरो बाल्यकालको साथी विक्रम, मीना आन्टी र प्रमिला दिदी।’

रमाकान्तले तीनजनाको परिचय निरजसँग गराए।

विक्रम रुँला रुँला जस्तो गरे। तर आफैलाई सम्हाल्दै खादा लगाएर आशिर्वाद दिए। मीनाले पहेलो रङको कागजले प्याक गरेको गिफ्ट दिइन्।

प्रमिला र निरजको आँखा जुध्यो, निरजले नमस्ते गऱ्यो। प्रमिलाले नमस्ते फर्काइन्। बेहुलीलाई हातैमा गिफ्ट दिएर, स्टेजबाट तल आइपुग्दा प्रमिला पुरै रोइसकेकी थिई तर कसैले नदेख्ने गरी।

रमाकान्तले 'दिदी'-का रूपमा परिचय गराउँदा प्रमिलाको छाती भरिएर आए तापनि रमाकान्तका लागि प्रमिलाको मनमा थुप्रै कृतज्ञताहरू थिए...।

## बिर्खबहादुर उर्फ बी बी सर

बिर्खबहादुर तामाङ उर्फ बिर्ख। उसलाई थाहा छैन जाति, माटो र अस्तित्वका कुरा के हुन्। उसलाई कुनै महत्त्व छैन भाषा, साहित्य र संस्कृति संरक्षण के हो। तर यति चाहिँ उसलाई थाहा छ कि आफूले बोल्ने भाषा नेपाली हो।

गरिबीको चापले च्यापिएर परिवारको पेट पाल्न असमको पूर्वाञ्चलतिर कोइलाखानीमा मजदुरका रूपमा काम गर्न गएका थिए उसका बाबु। तर खानीमा भएको एउटा दुर्घटनामा परेर बाबुले ज्यान गुमाए। झन्डै छ महिनापछि यो खबर पाउँदा आमा सँगसँगै बिर्ख पनि कहालिएर रोएको थियो, मृत्युको अर्थ बुझेर हो वा आमा रोएकी देखेर।

***

दुख पाएर यौवन ओइलाएकी आमा र काखकी सानी बहिनीको जीवनलाई टेवा दिने भार अप्रत्यक्ष रूपमा सात आठ वर्षको बिर्खमाथि पऱ्यो। कमानकै प्राथमिक स्कुलमा दोस्रो क्लासमा पढ्दै गरेको बिर्खले भोकको ज्वाला निभाउन शिक्षालाई तिलाञ्जली दिनुपऱ्यो। धेरै परिश्रम गरी छोरोलाई पढाएर ठुलो मान्छे बनाउने धनबहादुर तामाङको सपना चकनाचुर हुँदा धनमाया तामाङनीको हृदय छियाछिया भएको घटना सबैका लागि साधारण भए तापनि तामाङ जोडीका लागि भने साँच्चीकै असहनीय हो।

बहिनीलाई कोक्रोमा बोकेर बगानमा चियापत्ती टिप्न जाने आमासँगै बिर्ख पनि जान्छ। कोक्रो नजिकै बसेर बहिनी रुङ्ने उसको ड्युटी। निलु अलिक ठुली भएपछि बर्खाभरि मुना टिप्ने काम पनि खुसी भएर गर्छ। यसरी बिगामा जाँदा जाँदै बिर्खले बिहान बेलुका बडा साहबका घरमा पनि काम सघाउन थालेको छ। कोठीको आँगन बडार्नु, ढकमक्क फुलेका फुलहरूमा झिँझिरीले पानी हाल्नु र घरभित्रका ससाना काममा भान्से दिदीलाई सहायता गर्नु।

कोठीबाट फर्किएर घरमा आएपछि ऊ आमालाई पनि सघाउँछ। पालो दिन्छ। साथीहरूसँग खेल्न बिर्ख त्यत्ति मन गर्दैन किनभने ‘स्कुल छोडुवा’ भन्ने गिज्याइको उत्तर उसँग छैन।

आफ्नो अधुरो शिक्षा बहिनीलाई पढाएर पुरा गर्ने बिर्खबहादुरले सपना देखेको छ। परिस्थितिको जालोमा बेह्रिएको उसको जस्तो भाग्य बहिनीको नहोस् भन्ने चाहन्छ ऊ।

‘दादा हाफयिरली इक्जाममा म फस्ट भएँ। यी हेर त रिजल्ट ..।’

निलुले रिजल्ट देखाउँदा, बिर्खलाई आफै नै फस्ट भएछु लाग्यो।

झर्झराउँदो उमेरमै लोग्नेको साथ छुटेको, दुईजना छोराछोरी हुर्काउने जिम्मेवारी र सन्च बिसन्च भन्न नपाइ सधैँ काममा जानुपर्ने करकापले धनमाया साह्रै कमजोरी भइसकेकी थिइन्। अलिकति भिज्दा चिसो गाडिने। खोकिरहने धनमायाा तामाङले अब घरको जिम्मा बिर्खलाई दिने सोचेकी निक्कै भइसकेको थियो।

***

बिर्खबहादुर तामाङ। उसको नाममा लागेको बहादुरको केही काम छैन। त्यसैले बिर्ख मात्रै भन्दा उसलाई दुख लाग्दैन। घरको दुख बुझेको, कमानको हालत बुझेको बिर्ख दस नङ्ग्री खियाएर परिश्रमसँग पौँठेजोरी खेल्छ। लुते लुते मान्छे। धेरै परिश्रमी। परिश्रम र इमानदारीले होला उसले बगानका अफिसमा पिउनको अस्थायी काम पायो। कहिले काहीँ उसलाई फ्याक्ट्रीमा पनि काम गर्नु जानु पर्थ्यो ।

धनमाया अब कमानमा जान सक्तिनन्, त्यसैले बिर्खले उनलाई काममा जान दिँदैन। सिलगढीको एउटा नर्सिङहोम आनन्दलोकमा लगेर आमाको उपचार गराउने सोचेको धेरै भए पनि बिर्खले त्यहाँ लाने मौका पाएको थिएन। हस्पिटलमा कम्पाउन्डरलाई भनेर लानु पर्छ भन्ने सल्लाह बडाबाबुले दिएका थिए। एम्बुलेन्स नभएर लान सकेको थिएन बिर्खले आमालाई सिलगढी।

छँदाखाँदा हातमुख जोड्ने साधन भनौँ वा श्रमिकहरूको कल्पवृक्ष ‘चियाबारी’। दुर्भाग्य भन्नुपर्छ चियाबारीलाई दशा लाग्यो। विश्व बजारमा पहाडको प्रसिद्ध चियाको लाभप्रद मूल्य छ। तर खुन-पसिना सुकाएर परिश्रम गरेवापत् चियाकमानका कर्मीहरूका भागमा पर्छ केवल कम ज्याला, अनिश्चतता, अपुग र आवश्यकता। परिश्रमको उचित मूल्य भागमा नपर्नुको विडम्बना छँदैथ्यो, त्यसमाथि अर्को बज्रपात थपियो।

***

भकाभकी बन्द हुने पहाडी क्षेत्रको चियाबगानहरूका सूचीमा दार्जिलिङ जिल्लाअन्तर्गत तराई क्षेत्रको ‘पानीघट्टा’ पनि परेछ। कारखानामा ताला लाग्यो। चियाको खेतीसित जोडिएका अरू कर्मीहरू सरह बिर्ख पनि बेरोजगार बन्यो। बडा साहेब...छोटासाहेब लापत्ता। तिन प्राणीको पेट भर्ने समस्या, आमाको उपचार गर्ने योजना ठप्प र निलुको पढाइमा बिरामको आशङ्काले बिर्खबहादुरको चिन्ता बढ्नु स्वाभाविक थियो।

नुन, तेल, भुटुन जुटाउन बगानका युवाहरू कोही पहाडको मुख्य राजनैतिक दलमा र कोही अन्य पार्टीमा सामेल हुने क्रम चल्यो...। आर्थिक स्थिति बिग्रँदै गएपछि राजनीति नजानेको, नबुझेको बिर्खबहादुर तामाङले पनि कुनै एउटा पार्टीको झन्डा समातेर नेताको पछि लाग्ने अठोट गऱ्यो...।

कार्यकर्ताहरूलाई पार्टीप्रति आकर्षित गराउन सुरुसुरुमा गाउँका नेताहरूले बाँडेको पैसा पाँच हजार उसले आमाका हातमा राखिदियो। बहिनीलाई एउटा सस्तो मोबाइल फोन किनिदियो।

***

सोझो र मनपर्दो बिर्खबहादुरको इमानदारीलाई समष्टिका नेताले पनि बुझे। यसैले होला ऊमाथि ठुल्ठुला जिम्मेवारी पनि दिन थालियो। बिर्खबहादुर तामाङ चाँडै पार्टीको सक्रिय कार्यकर्ता बन्न पुग्यो। गाउँदेखि अर्का समष्टितिर जाँदा उसलाई मान्छेहरूले ‘सर’ भन्ने थालेका थिए। पार्टीको कामले गर्दा उसले घरमा समय दिन पाएको थिएन। हप्तामा दुईपल्ट घर आउँथ्यो। कहिले दार्जिलिङ, कहिले खर्साङ, मङ्गपू, टिस्टाभेल्लीतिर जानु पर्थ्यो। पार्टीको विस्तारका लागि युवाहरूलाई अगुवाइ गर्ने भार बिर्खबहादुर तामाङलाई थियो। उसका साथीहरूले हिजोआज उसलाई बी बी सर भन्ने गर्थे। पार्टी राम्रै चल्दै थियो। तर बिचमा सरकारले पहाडका विद्यार्थीहरूले पनि बङ्गला भाषा अनिवार्य रूपमा पढ्नै पर्छ भन्ने नोटिस जारी गरेपछि दार्जिलिङमा आगो लाग्यो। सबै पार्टीहरूले सक्रिय रूपमा यसको विरोध गर्न थाले। यो विरोध फेरि ‘गोर्खाल्यान्ड’ आन्दोलनमा परिणत भयो।

भित्री कुरा के थियो...त्यसबारे धेरै जनतालाई थाहा थिएन। तर गाउँ घर, कमान बस्तीतिर नेताहरूले जातिको कुरा र माटाको कुरा गरेर सबैलाई उत्तेजित गराए। जाति, माटो र अस्तित्वका कुराले सबैलाई छ्यासी सम्झना गरायो। गाउँ उठ्यो, कमान, सहर, र महानगरहरू उठ्यो। विश्वभरि छरिएर बसेका नेपालीहरूले आन्दोलनलाई सहयोग गर्न सामाजिक सञ्जालमा भिडियोहरू आउन थाले। तर पुरानो समयजस्तै आफैमा हानाहान र काटाकाट पनि उत्तिकै चल्यो। वल्लो गाउँ र पल्लो गाउँको आऊ जाऊ बन्द भयो। गाउँका बाटातिर झन्डाहरू लगाइयो, झन्डा च्यातियो, घर जल्यो थुप्रै के के भए। तरै पनि कमजोर आर्थिक अवस्था, विभिन्न समस्याहरू र आन्दोलनलाई ध्वस्त पार्ने प्रशासनको घोर दबाउमा पनि जनसाधारणको पूर्ण समर्थन देखियो, भावी पिँढीको सुखी भविष्यका आशामा। ठुल्ठुला जनसभामा निडर भएर उपस्थित रहने जमघट यसको साक्षी थियो।

जनतामा जोस र उत्साह झन् तेज-तीव्र भएको देखिएपछि पार्टी समर्थकहरूमाथि पुलिस र सिआरपिएफको असहनीय अत्याचार बढ्दै गयो। युवा वर्गको नेता बिर्खबहादुरले पनि रामधुलाइ नखाएको होइन, तर भाग्यले बाँच्यो।

गोली चल्यो। घर जल्यो। आन्दोलनले मान्छे माऱ्यो। मान्छे जल्यो। कमान बन्द भयो। कति थुनामा परे। कति जेलमा कुहिए। सरकारले चुइँसम्म गरेन तर आन्दोलन भइरह्यो। परिवार छरपस्ट भए। सरकारले सम्पत्ति लग्यो। कति नेपाल भागे, कति दिल्ली भागे। गाउँमा युवाहरू कम देखिन थालियो। सरकार पक्षका केटाहरू भने गाउँका नेता हुन थाले।

माटोको माया, जातिको अस्तित्व, चिनारी सङ्कट। आफ्नो परिचय एकातिर पसारिएको थियो। सचेतनाको आवश्यकता पनि उत्तिकै थियो। गरिबलाई सबभन्दा ठुलो समस्या र पारितोषिक भनेको भोकको औषधी मात्र थियो। यस्तो स्थिति हुँदाहुँदै सहयोग, सहभागिता एवम् माटोप्रतिको मोहले ती समर्पित देखिन्थे।

'मनबहादुर पनि खसेछ।'

कोलकाताको जेलमा बन्द एकजना साथीले कारावासमै प्राण त्यागेको समाचार पाउँदा गाउँ घर नै दुखी बन्यो।

धेरै दुख कष्ट बढ्दै गए पनि आन्दोलन थामिने लक्षण थिएन। यसको अवधि लम्बिँदै गइरहेथ्यो। सय दिन पार भइसक्दा पनि जनता थाकेका थिएनन्। यसपालि त आर कि त पार हुन्छ भन्ने सबैले बुझिसकेका थिए। स्कुलमा अनिवार्य रूपमा बङ्गला भाषा पढ्नु पर्छ भन्ने कुराको विरोधमा सुरु भएको आन्दोलनले ठुलो रूप लिएर गोर्खाल्यान्ड नै हुनुपर्छ भन्ने भइसेकेको थियो।

गाउँमा बुडाहरू उन्नाइसमा बीस त हुन्छ नै - भन्न थालेका थिए। तर राजनीतिको धार एकपट्टि मात्रै हुँदैन। अर्कापट्टि पनि यसको धार हुँदछ भने जस्तो राजनीतिको एउटा अनिश्चित पाटाले फेरि जातीय भावनामा आघात पुऱ्यायो। आन्दोलनकारी दल टुक्रिएर दुई फ्याक् भयो...नेताहरू छुट्टिए। समर्थकहरू अलग्गिए...जनताहरू अन्योलमा परे।

बी बी सर उर्फ बिर्खबहादुर तामाङ पनि अलपत्र पऱ्यो। कहाँ जानु के गर्नु भयो। आन्दोलनमा गाउँको थानाका पुलिसहरू उसलाई भेट्न घर नै आउने गर्थे। तर आन्दोलन लथालिङ भएको दिनदेखि त्यही पुलिसहरूले बी बी सर उर्फ बिर्खबहादुर तामाङलाई खोजिरहेको हल्ला फैलियो।

'हलो, ए दाजु म बी बी, बिर्ख बोल्दैछु। के गर्नु? घर आउनु पनि सक्तिनँ, पुलिसले खोज्दैछ अरे अस्ति केटाहरूले फोन गरेका थिए। घरमा पनि लथालिङ्गै छ। आउनु पनि सक्तिनँ।'-बिर्खबहादुरले पार्टी प्रमुखलाई फोन गरेको तेस्रो दिन बिर्खको आमा साह्रो भइन्।

आन्दोलनकै समूहबाट छुट्टिएर सरकार पक्षसँग मिल्ने नेताहरूले दार्जिलिङको राजनीतिलाई समाउन थाल्यो। बिर्खहरू सबै भागे। भाग्नै पर्ने स्थिति भएकाले दाजु पनि भागे।

आन्दोलनका सबै कुरा समाप्त भइसकेको थियो। आफ्नो मान्छे गुमाउने परिवारहरूले सहिदको बलिदान अर्थहीन रहेको बोध गरे भने अवसरवादीहरू हडताल समाप्त भएकामा हर्षित थिए। आम जनता भिरको चिन्डो बनेको अवस्था थियो। आन्दोलन तोडेर प्रशासनसँग मिल्ने गुटका सदस्यहरूको आफ्नै दुनु सोझ्याइ थियो। यस्तै विकट परिस्थितिका बिचबाट निरपेक्ष बस्नेहरू कति चाहिँ सोझो देखिँदै र प्रशासनिक चाप्लुसी गरेर ढुक्क हुँदै बाहिर निस्किए।

आन्दोलन गर्ने पार्टीका केटाहरूले नयाँ दलमा जानै पर्ने स्थिति भयो। सबै गए। बिर्खको गाउँले पनि समर्थन गऱ्यो। तर सम्झौतामा नआउनेहरू घर छोडेर भाग्नु पऱ्यो। बिर्खले पनि घर छोडिसकेको थियो। अहिले उसलाई गाउँमा बी बी सर होइन बिर्ख नै भन्ने गर्छन्। बिर्ख घरबाट निस्केको दिनदेखि नै आमा बिमार हुन थालेकी थिइन्। बहिनीले यता उता गरेर आमालाई हेर्थी।

आन्दोलनकारीहरू घरबाट भाग्न परेकाले गाउँ घरमा नयाँ पार्टीको अनौठो अत्यचार थियो।

दुख र गरीबीको पीडामाथि विरोधी गुटका समर्थकहरूको अत्याचारले पराकाष्ट नाघ्दै गइरहेथ्यो। घर छोड्ने धम्की समेत उनीहरूले नसहेका होइनन्...। तर जाने कता...? टेक्ने, समाउने आड कहीँ कतै थिएन, आमा छोरीको। बिर्खबहादुरको तर्फबाट धनमाया र निलुले क्षमा मागेर विरोधी गुटमा समर्थन जनाउने कुरा राखेपछि मात्र घरमा ढुङ्गा हान्नु, चिठी आउनु छोड्यो। त्यसै समूहका नेताको आफन्तका घरमा भाँडा माझेर जसोतसो निलुले आफ्नो र आमाको सास अड्याइरही। बिर्खबहादुर हराएपछि उसले स्कुल जान छोडी।

सुडौल शरीर, मझौलो कद, हिस्सी परेको मुहार, श्याम वर्णकी हँसिली निलुलाई सबैले मन पराउँथे। उसको विवशता र फक्रिँदै गरेको यौवनमाथि आँखा नचाउनेहरूको सङ्ख्या पनि कम थिएन। तर कामुक नजरहरूदेखि आफूलाई बचाउने प्रयास गरिरही निलुले।

आन्दोलनकारी संज्ञा पाएको बिर्ख उर्फ बिर्खबहादुर उर्फ बी बी सरले घर छोड्नु परेको दिनदेखि उसका घरमा समस्याहरूको पहिरो आउन थालेको थियो। घर गाउँमा कुरा हुन थाल्यो। पार्टीका केटाहरूले 'छोरालाई खोजेर ल्याउ है। नेता जीलाई माला लगाउनु पर्छ' भन्थे। महिनामा दुई तीनपल्ट थानामा बिर्खको खबर दिनु धाउनु पर्थ्यो।

***

आमाको शिथिल शरीर, खोपिल्टा परेका गाला र भित्रै गाडिएका आँखाहरू देख्दा निलुले आफ्नो पिरोलिएको मनलाई बलियो बनाएको अभिनय गर्थी। आन्दोलन उनीहरूका लागि श्राप बन्यो।

बिर्खबहादुरको आफ्नै समस्या थियो। पार्टीका केही नेताहरू सँगसँगै निकटका साथीहरू धनबहादुर, हर्कबहादुर, पूर्णसिंह, हरि र अन्यले यायावर जीवन बिताइरहेका थिए। कहिले जङ्गल, कहिले समतल, कहिले भूमिगत, कहिले, शरणागत। कहिले खोलाघारी, कहिले भिर पाखा पखेरी। भोकभोकै र अनिद्रामै बेटुङ्गोको दिनचर्या। यतिबिघ्न लाचारी र चिन्ता हुँदाहुँदै पनि आमा र बहिनीलाई ऊ सम्झिरहन्थ्यो।

'आमा कस्तो हुनुभयो होला? गाढे खोकी झन् पो गाढियो कि।'

'बहिनीले पक्कै स्कुल छोडी। के गरेर पेट भर्दै होलान्।'

राजनीतिले कमाने बिर्खबहादुरलाई पुलिसको दुश्मन बनाएको थियो। घर जान पनि डरसरी थियो। एक मनले बिर्खलाई लाग्यो होइन नयाँ पार्टीमा नै समर्थन दिन्छु।

'किन म यस्तो भडखालोमा होम्मिएँ? एकपल्ट घर फर्किन पाएँ भने सबथोक त्यागेर कुल्ली काम गर्नेछु र आमा बहिनीलाई पाल्नेछु।' सोच्दै बिर्खले पार्टी छोड्ने निर्णय लियो।

***

सानो काठको झ्याल भएको अँध्यारो कोठा। दुवै आँखा चिम्म थिए बिर्खबहादुरको। सुनमतिका खस्रा हात र चाया परेका गालाहरू मुसार्दै अँगालोमा बाँधेर माया गर्न खोजेको मात्र थियो पूर्णसिंहले उसका हातमा प्याट्ट हिकार्यो।

'बिर्खबहादुर हामी यहाँबाट भाग्नुपर्छ। पुलिसले सुइँको पाए जस्तो छ।' झसङ्ग हुँदै अल्प अवधिको मिठो सपनाको संसारबाट याथार्थिक परिवेशमा फर्किएर ऊ आफ्नो ब्याग बोकी साथीहरूको पछि लाग्यो अज्ञात गन्तव्यतिर...।

अन्त्यहीन पाइलाहरू स्वतः अघि बढिरहेका थिए। ऊ आफ्नै सुखद स्वप्न लोकमा विचरण गर्न पुग्यो।

'पानीघट्टा फर्किएपछि सुनमतिको बाबासँग मगनीको प्रस्ताव राख्छु' भन्ने सोचेर बिर्खले कल्पनामा नै आफ्नो घर पनि बनाएको थियो।

सुनमति त राजी भइहाल्छे भन्ने उसलाई पूर्ण विश्वास थियो। मनमनै योजना बनाएपछि ऊ स्मित मुस्कुरायो। तर सोचेको आदर्श खलबल्याउँदै यथार्थ उसका हरेक पाइलामा चुनौती लिएर उभिइदिन्थ्यो।

***

तीन वर्ष यसरी नै अनिश्चित र अस्थायी टुङ्गो फेर्दै भागिहिँड्दा उनीहरू वाक्क दिक्क भइसकेका थिए। तिन वर्ष तिस वर्षझैँ लागिरहेथ्यो...।

***

'जातिको हितमा न्याय माग्दै जसका विरोधमा आन्दोलन गर्‍यो उसैसँग ट्याप्पै मिलेछ। बिकेछ त्यो पनि।'

'पार्टीका लागि निरन्तर खट्ने र यसै आधारमा प्रत्येकपल्टका आन्दोलनमा ज्यान गुमाउने सहिदहरूका बलिदानको के मूल्य रह्यो र?

'हाम्रो त भाग्य नै खोटो। पहाड कहिल्यै हाँस्ने भएन। आफ्नै चियाबारी र समतल क्षेत्रमा आनन्दको हरियाली कहिल्यै नछाउने भो। त्यत्रो १०५ दिनको आन्दोलनको परिणाम फलबिहीन रह्यो...।'

'जुन जोगी आए पनि कानै चिरेको।'

महिना मरेर पन्ध्र दिन बितिसक्दा दाँतबाट पसिना चुहाउँदै मेमसाहेबले आधा तलब दिएपछि ठुटे बजारमा अलिकति सौदा लिन गएकी निलुका कानमा यी वाक्यहरू ठोक्किए।

राजधानी सहरमा सम्बन्धित राज्यकी प्रमुख र आन्दोलनकारी दलका नेताबिच बैठक हुने खबर पनि उसले सुनी। निलुका आँखा भुइँमा फिँजाइएको सागसब्जी र बिक्री गर्ने बुढी आमैतिर भए पनि ध्यान भने चारपाँचजना अधबैँसे मानिसहरूका झुन्डमा भइरहेको चर्चातिर थियो...।

'नजिकै आएको चुनाउको लाभ उठाएका होलान् दुवै पक्षले'

'एक पक्षलाई भोट जित्नुछ, अर्कोलाई फेरि आफ्ना ठाउँमा फर्किएर चौकी तताउनु छ। एउटा पहिलै गजधम्म, लाज पचेकाहरू।'

रिसले गाला रन्किएको व्यक्तिलाई एकजना युवकले सोध्यो...'अन्त अब ऊसँगै भाग्ने समर्थकहरू चैँ कहाँ जान्छन्? के गर्छन्?

'उनीहरू पनि फर्किन्छन् होला नि। विचराहरूको के दोष छ र।'

ती व्यक्तिको यस्तो उत्तर सुन्नेबित्तिकै निलुले किनेको सब्जी र सौदा त्यहीँ छोडेर उखरमाउलो गर्मीमा पनि हावाको बेगसँगै कुदै घर पुगी। आमाले सकी नसकी भात र सागको झोल पकाएर उसैलाई पर्खिरहेकी थिइन्। भित्र पस्नेबित्तिकै भत्किएको दैलो मिलाएर बन्द गरी। चुक्कुल पनि लगाइहाली।

'ऐय्या'। हतारिँदा चुक्कुलले औँलीको मासु च्यापिएछ। औँली समात्दै आमा भएतिर गई।
कसैबाट फेरि धम्की पो पाइएछ कि भनेर धनमाया डराइन्। निलुले बजारमा सुनेका कुरा आमालाई एकै सासमा सुनाइ।

धनमायाका गहबाट झरेको आँसु हातमा चुहुँदा मात्र उसले सम्हालिने प्रयास गरी। आमालाई आउँदा दिनहरूका सम्भावित सुनौला पलहरूको आशा देखाइ। त्यही क्षणदेखि नै दुवैले बिर्खबहादुर आउने बाटो हेर्न थाले।

***

भाषा थोप्ने निहुँलाई लिएर आरम्भ भएको आन्दोलन अवधि र उत्तरवर्ती कालको व्यक्तिगत भोगाइ सुनाउँदा सुनाउँदै निलिमा मौन भई।

'घुटुक्क...' थुक उसको गलामा अडकियो। आँखा रसायो। हृदय चिरियो।

मेरी वृद्ध सासू आमालाई मस्तिष्कघात भएपछि उनको स्वास्थ्य सुधारका लागि सिलगढीको एउटा निजी नर्सिङ होमबाट खरसाङ घरमा ल्याइएकी परिचारिका थिई निलिमा।

'अन्त बिर्खबहादुर कहाँ छन् त अहिले निलु?'मुटु मिचेर सोधेँ।

“दादा अहिलेसम्म घर फर्किनु भएको छैन। आमाको प्रतीक्षा अधुरै रह्यो गुरुआमा...।आमाका साथ पनि छुटेपछि मैले पढ्ने स्कुलकी एकजना शिक्षिकाले सिलगढीको एउटा एजेन्सीमा सम्पर्क गरेर मलाई काममा लगाइदिनु भएको हो।’

नीलिमाको विगतले मर्माहत भएँ म।

सोचिरहेकी थिएँ...‘एउटा घटनाको असर कहाँ-कहाँ..., क-कसलाई र कसरी पर्दोरहेछ। नेताहरू र मुद्दामा मात्र हाम्रो ध्यान केन्द्रित हुन्छ। तर अनेकौँ निर्दोष व्यक्तिहरूमा पर्न सक्ने दूरगामी प्रभावबारे हामी अनभिज्ञ हुन्छौँ।’

यो गम्भीर विषयको समाधान केलाउँदा केलाउँदै फेरि अर्को जिज्ञासा उब्जियो मनमा।

‘प्रश्नचिह्नकै आड लागेर बाँचिरहने पहाडको राजनीतिमा नयाँ नयाँ नाटकीय घटनाक्रमले कस्तो मोड लिने हुन्?’

# निष्फल इच्छा

धैरैदिनदेखि मेरा आँखाहरू उसको प्रतीक्षामा छन्। उदेकको जादु थियो उसको व्यक्तित्वमा। सम्पर्कमा आउने सबैलाई चाँडै आफूप्रति आकर्षित गराइहाल्थ्यो। ऊ बसेको ठाउँका वरिपरि चार पाँचजना अवश्यै हुन्थे। कसैलाई हँसाइरहेको हुन्थ्यो। कोही उसको रोचक कुराकानीमा मग्न देखिन्थे। बोली पनि उत्ति नै मिठो। सुनिरहुँ जस्तो। हिलकार्ट रोड सिलगढीमा अवस्थित मेरा क्लिनिकमा ऊ आउँदा रोग जँचाउन प्रतीक्षारत रोगीहरू आधिउधी निको भएको अनुभव गर्थे।

'तपाईँलाई निद्रा लाग्दैन भने प्राणायम गर्नुपर्छ। योगनिन्द्रा, अनलोम बिलोम, कपालभाति प्राणायम गर्नुहोस् त, अनिद्रा च्वाट्टै। त्यहाँदेखि तपाईँ कुम्भकर्ण।'

अर्को विरामीलाई ऊ यसरी सल्लाह दिइरहेको हुन्थ्यो...

'छटपटी लाग्छ?'

'आत्मविश्वास हराएको छ?'

'मान्छेहरूको सम्मुख पर्न आँट आउँदैन?'

'हीनताबोध गर्नुहुन्छ?

'यस्ता लक्षणहरू भएमा मेडिटेसन गर्नुपर्छ।'

बिमारीको कुण्ठा पत्तो लाउन तुरुन्तै भुइँमा ओछयाएका आसनमा बसेर रोगीलाई व्यायामध्यान गर्ने तालिम पनि दिइहाल्थ्यो।

राजनीतिदेखि लिएर सामान्य ज्ञान, समाजशास्त्र, भूगोल, इतिहास, साहित्य, सङ्गीत, कानुन, चिकित्सा हरेक विषयहरूमाथि ऊ गहकिलो ढङ्गमा बहस गर्न सक्थ्यो।

***

'अहिले कस्तो हुनुहुन्छ?'

'ठिक छु सर।'

पहिलो भेटमै जुन सन्देह थियो, त्यो सत्य रहेछ। धैरैजसो मनोरोगीहरू खुलेर बोल्दैनन्। तर, रौनक स्पष्टवक्ता थियो। बोल्दा कता कता लजाए जस्तो गर्ने, मस्किने, सिलिक्क परेको आँखिभौँ हातले मिलाइरहने, केटीहरूसँग बढी झ्याम्मिने।

***

'निद्रा लाग्दैन। आफैदेखि खुसी छुइनँ सर। नकारात्मक सोच आउँछ। काममा त्यत्ति मन लाग्दैन।' पहिलोपल्ट यति समस्या देखाएको रौनकले क्लिनिकमा दोस्रोपल्ट आउँदा वास्तविकता उजागर गरेको थियो। व्यक्तिगत परिचयको सङ्कट...।Identity Crisis-Syndrome-का औषधीहरूको प्रेसक्रिप्सन लिएर ऊ बाहिरियो। तर ममाथि रौनकको व्यवहार कुशलताको प्रभाव केही भिन्न थियो। सायद, अरूसँगको व्यवहार भिन्नभिन्नै हुनसक्छ।

ऊ मसित नजिकिँदै गयो। नियमित रूपमा दवाई खाइरह्यो। उसको जीवनशैलीमा परिवर्तन आयो। मानसिक स्थितिमा धैरै सुधार देखियो। स्वास्थ्य केन्द्रमा धाउनुपर्ने अन्तराल पनि छोटिँदै गयो।

‘सर तपाईँसँग बातचित गर्नु र बिचबिचमा परामर्श लिन आइरहनेछु है।’

‘आउनोस् आउनोस्, तपाईँ आउँदा मलाई पनि रमाइलो लाग्छ।’

‘तपाईँ र अरू डाक्टरहरूमा यही त फरक छ। बिजिनेस माइन्ड भन्ने लेस मात्र पनि छैन तपाईँमा। डाक्टर चन्द्रमणि, मेरो प्रिय मित्र।

मलाई फुरुक्क पारेर ऊ हिँड्यो...। ’

***

सामाजिक सञ्चार तथा सञ्जालको लोकप्रिय कार्यक्रम प्रस्तोता ‘रौनक’। विभिन्न महत्त्वपूर्ण समारोहहरूको रिपोर्टिङ गरेर समाचार आधारित खोजमूलक कार्यक्रमको सुन्दर र प्रभावकारी ढङ्गमा प्रस्तुतिपछि लाइक, सेयर र कमेन्टले लाखौँको सङ्ख्या पार गर्ने। व्यावसायिक क्षेत्रमा योगदानका निम्ति ऊ पुरस्कृत पनि भएको थियो। कार्यकौशलताका लागि प्राप्त गरेको स्मृतिचिह्न र प्रमाणपत्र लिएर ऊ हावाझैँ हुर्रिँदै मेरो स्वास्थ्य केन्द्रमा आएको हिजोजस्तो लाग्छ मलाई।

***

आइतबारको साँझ...।

‘सबैमा मेरो सन्ध्याकालीन अभिवादन।’

झसङ्ग झस्किएँ...। आवाज रौनककै जस्तो लाग्यो। जाँच्दै गरेको रोगीलाई केहीबेर पर्खिन लगाएर बाहिर निस्किएँ...। कानले धोका दिएछन्...। नियास्रो मुहार लिएर भित्र पसेँ।

***

‘सर, आज क्षमा चाहन्छु तपाईँसँग वार्तालाप गर्न भ्याउँदिन। कवरेजमा जानुपर्छ। एकजना सामाजिक कार्यकर्तालाई अन्तर्वार्ता लिनुपर्नेछ। तपाईँ चिन्नु हुन्छ उनलाई। क्या त टीएन शर्मा।’

आफ्नो काममा इमानदार थियो रौनक।

त्यो साँझ मलाई रौनककै स्मरण भइरह्यो।

‘सर मेरो एउटा ठुलो इच्छा छ। तपाईँ के सल्लाह दिनुहुन्छ?’

‘अझै के इच्छा छ हौ, सबै पुगेकै छ त। लोकप्रिय कार्यक्रम प्रस्तोता, जिल्लाकै पुरष्कृत व्यक्तित्व। अब के चाहियो?’

‘सर लिङ्ग परिवर्तन गर्ने मन छ। सर्जरी गरूँ कि भन्दैछु।’

‘हाँ!’ अप्रत्याशित प्रसङ्गले म छक्क परेँ।

तेस्रो लिङ्गी भएको अनुभूत भएपछिको मानसिक स्थिति, मनमा उथुलपुथुल, अप्ठ्यारोपनको बोध..., व्यक्तिगत पहिचान सङ्कटजस्ता समस्याहरू रौनकले मसँग खुलेर साझा गरेको थियो।

अचानक...उसले यस्तो इच्छा प्रकट गर्दा म छाँगोबाट खसेझैँ भएँ...।

तर यस्तो भावलाई मनभित्रै गुम्स्याएँ।

दार्जिलिङ पहाडी क्षेत्र, सिक्किम, समतल क्षेत्र, भूटान र नेपालबाट मानसिक उपचारका लागि मेरो स्वास्थ्य केन्द्रमा आउने विभिन्न प्रकारका रोगीहरुमध्ये लिङ्ग परिवर्तन गर्न चाहने पहिलो व्यक्ति रौनक नै थियो।

सम्झिएँ... 'आआफ्नो विचार हो। उसलाई लिङ्ग परिवर्तन गरेर सामान्य जीवन बाँच्ने आकांक्षा होला।'

'सर थाइल्यान्ड जानेछु।'

'ठिकै हो। तर राम्रो हस्पिटलमा विशेषज्ञहरूको सल्लाह लिएर मात्र निर्णय गर्नुपर्छ है। यसमा धेरै खर्च पनि लाग्छ रौनक।'

चिकित्सक र अभिभावकको नाताले सतर्क गराउँदा उसले भन्यो... 'थाइल्यान्डमा गएर काम गर्छु नि। मेरो साथी छ त्यहाँ। अस्ति नै सेटिङ मिलाइसकेको छु।'

***

भिसा पनि पाइहाल्यो। उसको खुसीको सीमा थिएन।

'सर, अठाइस जनवरीको टिकट काटेको छु। पुगेर फोन गर्छु नि।'

जाडोको ठिही सहँदासहँदै ठन्डा महिना बितिहाल्यो। रौनक गएपछि निकै शून्य अनुभव भयो मलाई।

क्लिनिकमा मात्र नभएर ऊ कहिले काहीँ मेरो घरमा पनि आउँथ्यो। मेरी पत्नीसित गफिन्थ्यो। छोरीहरू पनि झ्याँमिन्थे ऊसित।

'सर थाइल्यान्ड सकुशल आइपुगेँ। साथी एयरपोर्टमा लिन आएको रहेछ।'

रौनक पुगेको खबरले ढुक्क भएँ।

एक महिनापछि उसले एउटा कम्पनीमा नोकरी पनि पाएछ। वेतन मासिक भारतीय मूल्यको पैतिस हजार रुपियाँ पाउने भएको रहेछ।

'कम्पनीको साधारण पदमा काम गरेर उसले कसरी अपरेसनको खर्च निकाल्छ होला?'

मनमा चिन्ता पनि थियो।

उसले नाइट सिफ्टमा पनि काम गर्न थालेछ। पछिबाट उसले मलाई जानकारी गराएको थियो।

'यहाँ सबै राम्रो छ सर। चिताएको काम पुरा गरेर फर्कनेछु। सर्वप्रथम तपाईँलाई नै भेट्न आउनेछु।

'ल ल! शुभकामना। केही कारणवश अपरेसन हुन सकेन भने पनि दुखी नहुनु नि। तपाईँ त्यसै पनि ठिकै हुनुहुन्छ। यति प्रतिभाशाली, गुनी व्यक्ति।'

'हुन्छ, म कहाँ दुख मान्छु। भए पनि नभए पनि एकपल्ट चैँ कोसिस गरौँ भन्दैछु सर!'-उसले भनेको थियो।

***

मानसिक रोगीहरूका सङ्ख्यामा दिनदिनै वृद्धि भइरहेकाले मेरो व्यस्तता झन् झन् बढ्दै गयो। क्लिनिकबाहेक दुईवटा प्राइभेट हस्पिटलमा जान थालेको थिएँ।

यसबाहेक घर-परिवार, साथीभाइ-समाज...।' अति व्यस्त दिनचर्यामा पनि रौनक मेरो सम्झनाबाट ओझेल भएको थिएन।

कहिले काहीँ सपनामा उसैलाई देख्थेँ।

***

रौनकको फोन नआएको पनि लगभग छ महिना भइसकेको थियो।

दिउँसो-राति दुवैपल्टको काम, डाक्टरी सरसल्लाह, हस्पिटलको चक्कर...। यस्तै के केमा व्यस्त रह्यो होला भन्ने ठानेँ।

बर्खे झरी सकिएपछि शरद ऋतु लाग्ने बित्तिकै चाडबाडको रमझम सुरु भयो...।

सिलगढीमा दुर्गा पूजा निकै धुमधामले मनाइन्छ। ठुल्ठुला पान्डालहरूमा देवी भगवतीको भव्य मूर्ति सजाएर गरिने पूजाको प्रभावले धेरै भक्तजनमा श्रद्धा भक्तिभाव जगाउँछ।

उत्सवको वातावरण छाएपछि काम गर्न त्यत्ति मन लाग्दैन। पत्नी र छोरा छोरीको बिदा पनि परेकाले दुई चार दिन घरमै बस्ने निर्णय लिएँ। हस्पिटल आउँदिन भनेर जनाइदिएँ। पूजामा सबै परिवार र आफन्तसँग बसेर बिताएँ। रमाइलो गर्‍यौँ।

***

कति छिटो छिटो उड्छ समयको पखेटा। पाँच दिनको बिदा सकिनै लागेको थियो।

‘सोमबारदेखि हस्पिटल त जानैपर्छ।’

यस्तै विचार मनमा लिएर फोन खेलाइरहेको बेला फेसबुकमा अचानक रौनकको फोटो देखेँ।

‘द भोइस् च्यानलका रिपोर्टर तथा कार्यक्रम प्रस्तोता रौनकप्रति श्रद्धाञ्जलि’ लेखिएको रहेछ। फोटोमा माला लगाइएको थियो।

त्यसको मुन्तिर लहरै हार्दिक श्रद्धाञ्जलि, रेस्ट इन् पिस, So sad news, RIP लेखिएका थिए...। मन छुने कमेन्टहरू पनि रहेछन्।

पत्याउन गाह्रो भयो...दोहोर्‍याइ दोहोर्‍याइ पढेँ। फोटो घरिघरि हेरेँ...। रौनक नै हो। आँखाहरू वास्तविकताको साक्षी बने पनि मनले विश्वास गरेन। हो होइन जान्नु त पर्नेनै थियो। छटपटाउँदै भए पनि दि भोइस च्यानलकै एकजना सहयोगी राकेशको नम्बर पत्तो लगाएर सम्पर्क गरेँ। खबर साँचो रहेछ।

‘कसरी यस्तो भएछ राकेश?’ सोधेँ

उद्वेलित मनले गरिएको प्रश्नको उत्तर राकेशले रुन्चे स्वरमा दियो ‘उसले सुसाइड गरेछ सर। अपरेसनको खर्च पुर्‍याउन नसकेर होला।’

मेरो होस हवास उड्यो....। टाउकामा छरपस्टिएका प्रश्नहरूको उत्तर आफैमा खोजिरहेँ...।

राकेश मसँग लामो कुरा गर्न खोजिरहेको थियो, मन शान्त पार्नलाई हो कि। तर म धेरै बोल्ने अवस्थामा थिइनँ।

यति मात्र भन्न सकेछु... ‘ऊ त्यत्ति कमजोर थिएन।’

रौनकको मृत्युले मेरा मनमा थुप्रै प्रश्नहरू उठायो। शरीर पुरुषको भए पनि भावना र संवेदना स्त्रीको हुँदा कति गाह्रो हुन्छ होला। आफूलाई स्त्री नै लाग्नु तर शारीरिक अङ्क सबै पुरुष देख्दा कस्तो पिर पर्छ होला, कति ग्लानि र लाज लाग्छ होला। यो म सामान्य ठानिएको व्यक्तिले अनुभव गर्न सक्तिनँ थिए। भावनामा कसैको नियन्त्रण हुँदैन तर समाजले यसरी प्रत्यक्ष रूपमा लिङ्ग परिवर्तन गरेर हिँडेको मन पराउँदैन। तर समाजले मन नपराएर के गर्नु त पर्नेलाई मात्र थाहा हुन्छ उसको मन मस्तिष्कमा के कस्ता सुनामीहरू चलिरहेका छन्। शारीरिक अङ्गले नै स्त्री पुरुषको भेद गर्छ र? भावना, संवेदना, इच्छाहरूको

कुनै महत्त्व छैन? रौनकको आन्तरिक इच्छ स्त्री भएर बाँच्नु थियो। उसलाई पुरुष हुनुमा घृणा त थिएन तर उसको आत्माले नै त्यो पुरुष शरीर स्वीकर गर्न सक्तैन थियो। त्यसैले ऊ स्त्री भएर बाँच्न चाहन्थ्यो।

यस्ता भावना बोकेका मनहरू कति होलान् समाजमा जसले समाजबाट नै उपेक्षित हुने डरले आफ्ना भावनालाई लुकाएर, दबाएर बसेका होलान्। के उनीहरूलाई समाजले आफ्नो आन्तर्रात्माले भनेकै कुरा गर्ने अनुमति दिन्छ त?

# भाँचिएका दुई हाँगा

रामप्रसाद घिमिरेको दम्भको ज्वाला उनको भाइको शव जलिरहेको आगोको धुँवा सँगसँगै आकाशतिर उडिरहेको थियो। मनभित्र गुम्सिएको बादल केही बेरमै पानी बनेर आँखाबाट बर्सिन थाल्यो।

'यद्विना भरतं त्वां च शत्रुघ्नं चापि मानद।

भवेन्मम सुखं किंचिद्भस्म तत्कुरुतां शिखी।।'

'हे लक्ष्मण! यदि मलाई भरत, शत्रुघ्न र तिमीबिना संसारका सबै खुसी प्राप्त भए पनि त्यो अग्निमा खरानी होस्, मलाई त्यो खुसी चाहिँदैन' भनेर सानो छँदा बाबाले सुनाउनु भएको वाल्मीकि रामायण, अयोध्या काण्डमा उद्धृत राम-लक्ष्मण संवादका यी पङ्क्तिको अर्थ गम्भीरतापूर्वक आत्मसात गर्न नसकेको ग्लानि पनि थपिन गयो आलो घाउमा नुन-चुक बनेर।

पश्चिम बङ्गाल राज्यको कालेबुङ जिल्लाअन्तर्गत बरबोटे मल्ली नजिकै टिस्टा खोलामा दाह संस्कारमा भेला भएको मलामीहरूका भिडमा भाइको शव खरानी भइरहेको देख्दा रामप्रसादको मन छिया छिया भयो।

भाइभन्दा उमेरमा दुई वर्ष जेठो भए पनि स्वर्गारोहणमा हरिप्रसादले जिते। सहोदर दाजुभाइसँगै हुर्किएका, बढेका, खेलेका र हरेक सुख-दुखमा साथ निभाएका। तर पनि कतिपय परिस्थितिले गर्दा दुई दाजुभाइको सम्बन्धलाई रिस र ईर्ष्याको विषले विषाक्त बनाएको थियो।

***

चिताको आगो उड्दै थियो यता विगतका घटनाहरू रामप्रसादको मनमा सिनेमा जस्तै आउन थाले।

***

"एइ! किन हाम्रो बारीको घाँस काट्दैछस् हँ?"

"कहाँ तिमीहरूको बारीको हो र! यो काब्राको रुख त हाम्रो हिस्सामा पो पर्छ त।"

दुई घरका गोठालाबिच चलिरहेको बहस सुनेर उत्तेजित हुँदै प्रेममाया कराउन थालिन्...।

"के भनिस् हर्के! तिमीहरूको हिस्साको अरे? फेरि भन् त, अहिले मुख च्यातिदिन्छु नि।"

हरिप्रिया पनि के कम्ती, दिदीको कर्कष आवाज कानमा पर्ने बित्तिकै आगोमा घिउ थपिन्..., "हर्के काट् काट्, त्यो काब्राको रुख हाम्रै हो। हेरौँ, कसको रोक्ने आँट छ।"

एक अँगालो डाले घाँसको निहुँमा सुरु भएको झगडाले उग्र रूप लिँदै गयो। त्यसपछि रामप्रसादले पनि स्कुलबाट घर आइपुग्ने बित्तिकै तथानाम गाली बक्न सुरु गरे। हरिप्रसादले हरिप्रियालाई सम्झाइबुझाइ घरभित्र लगेपछि मात्र  प्रेममाया फत्फताउँदै गाईगोठतिर लागिन्।

***

'एई!  हर्के त्यो हाम्रो रुखको हाँगा उतापट्टि झरेको छ, जा त लिएर आइज।'

'हर्के! त्यो हाम्रै हो, लानु पाउँदैनस्। बारीमा खुट्टा मात्रै टेक् त प्याट्टै भाँचिदिन्छु।'

***

बाबुआमा जीवित रहँदै पनि समय समयमा हुने यस्तो झैझगडा उनीहरूको देहान्तपछि पनि प्रायः दिनदिनै हुन थाल्यो। एकातिर रामप्रसाद स्वास्नीको पक्ष लिएर तात्तिन्थे भने अर्कातिर हरिप्रसाद आफ्नी पत्नीलाई थुम्थुम्याउँथे। तर गाउँलेहरूका लागि त त्यो मिठो गीत बन्न पुगेको थियो। उनीहरू भन्थे, "एकै घरका दाजुभाइ र दिदीबहिनी अरे, शत्रुता चैँ सौता सौताजस्तो।"

"दाजुभाइको जात। त्यहीमाथि दुवै दिदीबहिनी पनि रिसकै पोका। अन्त कहाँ शान्ति हुन्छ।"

***

'हाम्रो खेतमा लगाएका पानीको कुलो किन तिमीहरूको बारीतिर फर्काएको हँ?"

"अन्त तिमीहरूको पेवा हो र। त्यो त गाउँका सबैले बराबरी पाउनुपर्छ।"

"हामीले चैँ राम्ररी पानी लाउनु नपाउनु? धान नफलोस् त हाम्रो। तिमीहरूले मात्रै धेरै सब्जी फलाउने?"

"हरिप्रिया! एकाबिहानैदेखि कराउन सुरु नगर न। आज छिटो खाना पकाइदेऊ है। म चाँडै स्कुल जानुपर्छ।"

"जेठाजु-बुहारीबिचको भनावैरीलाई बढ्न नदिँदा हरिप्रिया आफ्नै लोग्नेमाथि खनिइन्, "आइपुगे रामका भक्त लक्ष्मण। जहिले पनि हामी नै झुक्नुपर्ने। आफू चैँ बोल्ने होइनन्। अलिअलि गर्दै सीमाना मिचिसकेको थाहा छैन।"

रिसलाई दबाएर लोग्ने र छोरीलाई स्कुल पठाउन हतार गर्नु पर्‍यो हरिप्रियाले।

***

बाबु-आमाले दस नङ्ग्रा खियाएर सानो जमिनमा खेती गरी दुई छोराहरूलाई पढाएका थिए। गाउँकै स्कुलमा प्राथमिक स्तरसम्म पढेका उनीहरूले बजारको स्कुलबाट माध्यमिक परीक्षा उत्तीर्ण गरे। त्यसपछि एकजना शिक्षित शुभचिन्तकका परामर्शमा बीटी कालेजको प्रशिक्षण लिएका हुनाले दुवै दाजुभाइले भिन्दा भिन्दै प्राथमिक स्कुलमा शिक्षकको जागिर पनि पाएका थिए।

दुई छोराहरूलाई एउटै परिवारका दिदी बहिनीसित विवाह सम्पन्न गराएपछि बाबु-आमा सन्तुष्ट भए। तर त्यो सन्तुष्टि स्थायी रहेन। विवाहको एक वर्षमा प्रेममायाले पुत्रलाई जन्म दिइन् र रामप्रसाद आफ्नो परिवार लिएर छुट्टिने भए। हुन पनि मनमुटाउ भएर एकैसाथ बस्नुभन्दा अलग्ग बसेर असल सम्बन्ध कायम रहने आशाले बाबु आमाले स्वीकृति दिए। मूलघरकै तल्तिर बारीमा घर बनाएर बस्ने भए रामप्रसाद।

***

सानो सानो कुराबाट सुरु हुने भनावैरी बिस्तारै एकाअर्काको पोल खोलाखोल गर्ने, घरका छानामा ढुङ्गा हान्ने, बिजुलीका तार काटिदिने र पानीका नालाहरू भत्काइदिने जस्ता काण्डहरूमा परिणत हुँदै गए।

एकरात त गोठालाले बाछी फुकाइदिएको निहुँमा रामप्रसादले भाइको घर जलाउने प्रयास पनि गरेका थिए। बजारबाट फर्किँदै गरेका गाउँलेहरूले देखेर हारगुहार गरी आगोलाई नियन्त्रणमा ल्याएपछि दुर्घटना टरेको थियो।

'म कत्ति मूर्ख रहेछु! घर जलेर उनीहरूको ज्यान गएको भए त हामी पनि फँस्ने थियौँ र आजीवन कारावासको सजाय भोग्नुपर्थ्यो। एकैक्षणको रिसले सबैको जीवन बर्बाद हुने थियो।'

आवेगमा आएर लिएको गलत निर्णयले रामप्रसादलाई पश्चताप भयो। हरिप्रसादका परिवार त्यो रात छिमेकीका घरमा सुते। हरिप्रसादलाई आफ्नै दाजु-भाउजूमाथि शङ्का भए तापनि यस्तो भाव प्रकट गरेनन्। गाउँलेहरूलाई पनि यो कुरो खट्कियो तर आपसी मामिला ठानेर उनीहरू चुपै रहे।

'यस्ता निर्दयीहरूलाई छोड्नु हुँदैन। तपाईँले किन मुखमा बुझो लगाउनु भएको? थानामा नालिस गर्नुपर्छ। डराएर कहाँ हुन्छ? फेरि पनि यसै गरे भने, आज पो भाग्यले बाँचियो।'

"बाटो हिँड्ने मानिसहरूले फ्याँकेका जलेको सिग्रेटको ठुटा परालमा परेर यस्तो भएको होला। उनीहरूले नै हो भन्ने पक्का प्रमाण कहाँ छ र? भाइभाइबिचको मतभेदबाट अरू कसैले लाभ उठाएको पनि त हुन सक्छ।"

शान्त स्वभावका हरिप्रसादले हरिप्रियाको आशङ्कालाई निर्मूल बनाउने प्रयास गरे।

यसरी सम्बन्ध बिग्रँदै गएपछि चाडबाड र श्राद्धकर्ममा पनि दुई परिवार एकजुट हुन सकेनन्। बिहे भएको सालबाहेक दिदी बहिनी कहिल्यै सँगै माइत गएनन्। भाइटिका लगाउन पनि ठुल्दाजु प्रेममाया कहाँ र सान्दाजु हरिप्रियाका घरमा धाउनुपर्थ्यो। माइतीले दिदी बहिनीको मिलाप गराउने कोसिस पनि नगरेका होइनन्। तर एकाअर्काको गल्ती देखाएर आफैलाई सही ठहऱ्याउँथे दुवैले।

***

"रामप्रसाद काका त वाहन दुर्घटनामा परेर गम्भीर चोट लागेकाले अस्पातलमा भर्ती हुनुभएको रहेछ।"

पल्लो घरका अन्तरे दाजुको छोरो माधवले आफ्ना पितालाई सुनाएको यो खबर ट्वाक्कै हरिप्रसादको कानमा पऱ्यो। उनी अत्तालिँदै रामप्रसादलाई हेर्न हस्पिटल पुगे।

भारत-नेपाल सीमानास्थित बजार काकरभिट्टादेखि लगभग दस-पन्ध्र किलोमिटर टाढामा छ ससुराली घर। रामप्रसाद बिर्तामोडबाट बिमारी ससुरालाई हेरेर फर्किँदा लिखुभिर नजिकै वाहन दुर्घटनामा परेका रहेछन्। ड्राइभरसहित वाहनमा सवार चारजना यात्रीहरूको घटनास्थलमै ज्यान गएको रहेछ। तिनजना गम्भीर रूपले घाइते हुनेहरूमध्ये एकजना रामप्रसाद रहेछन्।

कालेबुङ हस्पिटलको आपतकालीन प्रभागमा घाइतेहरूलाई हेर्न जानेहरूको घुइँचो थियो।

'चक्का अनियन्त्रित भएर दुर्घटना भएको होला।'

'वा त भिरमाथिबाट ढुङ्गा झरेर हो कि।'

'होइन होला हौ! यसो सुन्दा त ड्राइभरले ट्याबलेट खाएको थिए अरे।'

'यस्तो ट्याबलेटले गर्दा त अकालै मृत्युको मुखेञ्जी परिन्छ।'

अब त जुन पायो त्यो गाडीमा चढ्नु पनि डर हुन थाल्यो। ड्राइभरको बानी बेहोरा कसरी थाहा पाउनु? रक्सी खाएको छ भने त गन्ध पनि आउँछ, तर गोटी खाएको गन्ध आउँदैन भनेको सुनिन्छ।'

'धेरै ठाउँमा पुलिसले जत्ति नै मुख मिसिन लगाएर सास हेरे पनि गोटी खाएको नखाएको त पत्तो पाइँदैन।'

'अन्त जाँच सकिएपछि अलिक पर पुगेर खान सक्छन् नि।'

"र त ठाउँठाउँमा जाँचको व्यवस्था हुनुपर्छ, नभए मनपरी भइहाल्छ नि।"

"तर ड्राइभरको मात्रै होइन वाहनको अवस्थाबारे पनि जाँच हुनु अनिवार्य छ किनभने कलपुर्जाको गडबडी हुँदा पनि धेरै दुर्घटनाहरू भएको देखिन्छ।"

हस्पिटलबाहिर आम मानिसहरूबिच भइरहेका यस्ता कुराकानीलाई महत्त्व नदिइ हरिप्रसाद सिधै आइसियू रुमा पस्न खोजे। तर उनलाई अनुमति दिइएन। केहीबेर अघिमात्र आइसियू रुममा सारिएको रामप्रसादलाई उनले दैलोको ऐनाबाट चिहाएर सन्तोष गर्नुपऱ्यो।

रामप्रसादको अवस्थामा सुधार आउँदै गएपछि साधारण चिकित्सा कक्षमा सारियो। स्कुलबाट घर फर्किँदा हरिप्रसाद दाजुलाई हेर्न जान्थे। तर हेराहेरमै चित्त बुझाएर उनी फर्किनु पर्थ्यो।

लगभग दुई महिनासम्म हस्पिटलमा उपचार गरी रामप्रसादलाई घर लैजाने अनुमति दिइयो। प्रेममायाले बल्ल शान्तिको श्वास फेरिन्। घरको धन्दा भ्याएर हस्पिटल धाउनु चर्कै पर्थ्यो।

हस्पिटलबाट छुट्टी पाएर घरमा ल्याएपछि हरिप्रसादले दाजुलाई भेट्न उनका घरतिर खुट्टा बढाइरहेका थिए...,

"किन आउनु परेको होला च्येब्रे पार्न। लोकलाई म त राम्रो छु भनेर देखाउनु होला नि। बाबा-आमासित घुसघुस गरेर मूल घर आफ्नो पेवा पारेको थाहा छैन।"

प्रेममायाको यस्तो वचनको तीरलाई हरिप्रियाको वाणीका काँडले रोकिहाल्यो।

"त्यस्ता कपटीहरूका घरमा किन जानुपरेको होला। मैले त भनेकै थिएँ नि गाली पाइन्छ भनेर। भए नभएको दोष लगाउँछन्। आफूहरूले पुर्ख्यौली सम्पत्ति गुट्मुट्याएको कसले देखोस्।"

स्थितिलाई साम्य गराउन हरिप्रसाद आँगनबाटै गह्रौँ हृदय लिई फर्किए।

सुख-दुख जुनै पनि स्थितिमा चल्नैपर्ने जिन्दगीको गाडी जसोतसो गुडिरह्यो। दुवै भाइ सेवानिवृत्त भए। छोरा छोरीले पनि आआफ्नै घर-संसार सम्हालिरहेका थिए।

***

वर्षायाम सकिएर चाडबाड सँघारमै आइरहेको थियो। घर साफसुग्धर गर्ने, रङ पचेरा लगाउने, ओड्ने-ओछ्याउने लुगाहरू निकालेर धुने, भाँडाहरू मस्काउने र दसैँको टिको थाप्न आउने छोरा-बुहारी, छोरी-ज्वाइँ, नाती-नातिना तथा आफन्तका लागि विशेष अचार हाल्ने जस्ता घरेलु कामकाजमा सबैजना बिहानैदेखि व्यस्त रहन्थे।

***

एक दिन अचानक हरिप्रसादका घरमा हरिप्रिया चिच्याएर रोएको आवाज गुञ्जियो। साहसी र कठोर हृदय भएकी हरिप्रिया रोएकी रामप्रसादले कहिल्यै सुनेका थिएन। उनका मनमा चिसो पस्यो। त्यहाँ गाउँलेहरू पनि आउँदै जाँदै गर्न थाले।

"प्रेममाया के भयो हौ माथिल्लो घरमा। हरिप्रिया जोडजोडले रुँदैछिन्।"

"कुनै नयाँ नाटक गरेकी होली नि बाठ्ठीले।"

"होइन हौ यसरी रोएकी त कहिल्यै सुनिएको थिएन।"

प्रेममायासितको वार्तालापलाई बिराम दिई रामप्रसादले गाई गोठतिर गइरहेको हर्केलाई बोलाएर कारण सोधेँ। हर्केको उत्तर सुनेर रामप्रसादको होस उड्यो। दुईदिन अघिमात्र हरिप्रसादलाई आँगनमा झार उखेलिरहेको देखेका थिए रामप्रसादले।

"कसरी यस्तो भयो हर्के?"

"राती सुतैकै ठाउँमा बडा।"

हाई ब्लड प्रेसर र सुगरले ग्रसित हरिप्रसादलाई स्ट्रोक भएछ र हस्पिटल पुऱ्याउनै नपाइ प्राण त्यागेछन्।

हरिप्रसादको त्यसैदिन दाह-संस्कार गरिने भयो।

बाल्यकालदेखि युवाकालसम्म मित्र सरह रहेको आफ्नो भाइको शव पूर्ण रूपले जलिसकेपछि खरानी खोलामा बगाउने बेला भइसक्दा मात्र रामप्रसाद झसङ्ग भए। शुद्धिकार्य त उनैले गर्नुपर्ने थियो।

सधैँ मेलमिलापका पक्षमा रहेर यसका लागि आफैले हात बढाउने हरिप्रसादको हँसिलो अनुहार उनका आँखाअघि छाइरह्यो। बितेका रमाइलो सम्झना होइन तर तिता क्षणहरूको दुस्मृतिले हृदयका तन्तुहरू चुँडिएको अनुभूत भयो रामप्रसादलाई। तर यो जोडिन असम्भव थियो। समयले डाँडा काटेर ओझेल भइसकेको थियो। रुख जिउँदै थियो तर हाँगाहरू भाँचिएर छरपस्ट थिए।

## गन्तव्य

'हेत् तेरिका, फेरि आज पनि... । के साह्रो च्यालेलेले असरलल हौ...। सम्हाल्नु चैँ छैन, जतासुकै दुनियाभरिको चिजबिज।'

अफिसबाट थाकेर घरभित्र पस्नेबित्तिकै एमाजोन, फिल्पकार्ट, मिन्त्रा...बाट अनलाइन मगाइएका सामानहरू सिटिङ रुमको टेबलभरि छरपस्टिएको देख्दा कन्सिरी तात्तिएर आयो।

'प्रीति, थन्क्याइहाल् न नानी.....।, के थुप्रो मगाएको हौ।'

हेडफोन लगाएर ल्यापटपमा कोरियन सिनेमा ध्यानपूर्वक हेरिरहेकी प्रीतिको ती सामानहरू थन्क्याउने छाँट थिएन। ब्याग राखेर लुगै नफेरि आफै थन्क्याउन थाले। के के थिए कुन्नि, थाहै भएन। अन्तमा टिपेको एउटा पार्सलले भने ध्यान खिच्यो। मेरै नाममा रहेछ। अचम्म र खुसी दुवै भाव जागे मनमा।

शर्मिलाको बुकर पुरस्कार प्राप्त अङ्ग्रेजी उपन्यास 'डेस्टिनेसन' रहेछ। उपन्यासकार स्वयम्ले हस्ताक्षर गरेकी। अचम्मित भएँ। मगाएकी पनि होइन। आफूलाई मन पर्ने लेखकका कृतिहरू म पुस्तक पसलबाटै किनेर पढ्छु....। 'डेस्टिनेसन' पसलमा आइपुगेकै थिएन।

शर्मिला त मलाई सबैभन्दा मनपर्ने लेखक। नेपाली र अङ्ग्रेजी दुवै भाषामा बराबर लेख्छिन् उनी।

थकाइ मऱ्यो, रिस पनि मऱ्यो।

नयाँ किताब भेटेपछि सर र...र...पहिलो पृष्ठदेखि अन्तिम पृष्ठसम्मै हेरिहाल्ने मेरो बानी छ।

तर, त्यसो गर्नु समय खेर फाल्नु थियो मेरा लागि त्यो दिन।

भरे हेर्छु भनेर सधैँको कामपट्टि लागे।

हिजोआज केटाकेटीहरू घरका काम गर्न छाडे। पढ्नु छ, प्रोजेक्ट छ, के काम छ- यस्तै भनेर मोबाइल र ल्यापटमा भुलिन्छन्। कराउनु, हकार्नु, गाली गर्नु डरसरी हुन्छ। भरे केही गलत गरिदिए भने। हो! नि, यस्तै भयो भने...यसैका डरले त आमा बाबुहरू चुपचाप बस्नु पर्ने समय आएको छ अहिले। -मनमा यस्तै कुरा खेल्दै थिए...।

'मुमा भोक लाग्यो हौ,के छ खानेकुरा?'

'पर्खिन..., एकैचोटि खाना नै खाऊँ, पाक्नु आँट्यो।'

सामान मगाएकामा गालीको आशाङ्का राखेकी प्रीतिको मुहार खस्किएन मेरो सामान्य उत्तरले।

'....wow....' 'डेस्टिनेसन' पो रहेछ। तपाईँको नाममा एउटा पार्सल त देखेकी थिएँ नि...। तर त्यसमा टु...मात्रै थियो... फ्रम चैँ थिएन।'

'अँ हेर् न, कसले पठाइदिएछ। राजुले पो हो कि।'

'दादालेनै होला मुमा! सरप्राइज दिनुलाई, तपाईँको बर्थडे गिफ्ट ड्यु थियो नि।'

'कसैले न कसैले त पक्कै हो, थाहा भइहाल्छ।'गफ् तन्काउने इच्छा भएन।

'मुमा। यो, पहिला म पढूँ?'

'नाईं प्रीति, मैले सकेपछि।'

प्रीतिले ढिप्पी गरिन।

विनयले घर छोडेर गएदेखि राजु र प्रीति नै त छन् मेरा बाँच्ने सहारा। बिटेक् गरेर राजुले बेङ्गलोरको एउटा कम्पनीमा नोकरी पाइहाल्यो। वेतन राम्रै छ। प्रीतिले पनि एम वी ए गरिसकेकी छ। धेरै ठाउँमा आवेदन बुझाएकी छ, कतै न कतैबाट त बोलाउलान् भन्ने आशामा हामी आमा छोरी पर्खेर बसेका छौँ।

केही बेरलाई भविष्यको चिन्ता छोडिदिएँ र घरेलु काम सिध्याएर 'डेस्टिनेसन' पढ्न थालेँ।

***

'झलमल्ल घाम लागेर दिन उज्यालिएको थियो।

आकाशमा बादल थिएन, निलो थियो आज आकाश, सधैँ निलो हुन्छ तर सधैँ देखिँदैन। आकाश त शून्य हो तर यो निलो किन छ? के शून्यको रङ नै निलो हो?

मैले सबैभन्दा धेर माया गरेको मान्छे अजय र गाउँले रीता दिदीको सल्लाहमा अजयको साथी धीरजसँग खरसाङ स्टेसनबाट सुरु भएको यात्रा.....। जिप नम्बर थियो ५४६२।'

पहिलो परिच्छेदले नै  मलाई जिज्ञासु बनाइहाल्यो।

'बोझिल मनले भए पनि खुसीमय सुखद पलहरूको चाहना लिएर अघि बढिरहेको यात्रालाई एक्कासी कानमा परेका यी शब्दहरूले बिराम दिएँ....। 'एई छोकरी, उठो! नहा धोकर ये कपडे पहनो।' चहकिलो सुन्तले रङको टल्किने घाघ्रा चोली देख्दा मेरा आँखाहरू तिरिमिरि भए।

'फिल्म नगरी मुम्बईको अँध्यारो गल्लीमा अवस्थित पुरानो घरको अनौठो र सानो कोठामा एउटी काली, मोटी र अधबैँसे स्त्रीको यस्तो आदेशले तरङ तर्सिएँ। मन भरङ्ङ भयो।'

'प्याच च....च' उसले बट्टामा थुक्न खोज्दा त्यो थुक भुइँमा पऱ्यो। चप्पलको तल्लो भागले रगडेर थुक सुकाइ उसले। पानको खयरले रङ्गिएको त्यस स्त्रीको रातो ओठ जस्तै भएका थिए मेरा गाला रन्किएर.... मुटुमा आगो दन्किँदै थियो। धीरज र अजयलाई त्यहाँ नदेख्दा झन आत्तिएँ। सबै प्रयास विफल...। जति नै कराए पनि, चिच्चाए पनि, दयाको भिख मागे पनि त्यो निसास्सिने परिवेशमा ब्वाँसोरूपी माँसभक्षीहरूको स्वादिलो सिकार हुनु बाहेक अर्को विकल्प थिएन मेरो...।'

'निधार, गाला, छाती, स्तन, पेट, नितम्ब, योनि, पिँडुला...कुनै अङ्ग मेरा रहेनन्। तथापि म जस्ता असहाय, निर्दोष र सहाराबिहीन किशोरीहरूलाई पनि त्यहाँ देख्दा आत्महत्या गर्ने दुस्साहस चैँ गरिनँ।'

'एक वर्षपछि यात्राले अर्को मोड लिँदा आश्चर्यचकित भएकी थिएँ म।'

'एउटा कथाले मलाई बाँच्ने आधार दियो। खरसाङबाट मुम्बई यात्राको सुरुआतसम्मको मेरो कथा लेखिदिने ती कथाकारको ऋण म हजारौँ जुनीमा पनि चुकाउन सक्तिन। उनको नव प्रकाशित कथासङ्ग्रहको त्यो एउटा कथाले मेरो जीवनलाई नर्क बनाउने मानव तस्करी गिरोहमा संलग्न धीरजलाई अत्यन्त विचलित तुल्याएछ। अकल्पनीय कुरो थियो त्यो। कुनै कुनै अपराधीमा कता.... कता... संवेदना हुँदो रहेछ। कस्तो अचम्म...।'

***

'मुमा अझै सुत्नु भएको छैन? बाह्र बजी सक्यो त।'

कोठामा बत्ती बलेको देखेर... सोधि प्रीतिले।

'अब सुत्छु।'... छोटो उत्तर दिएँ। रोचक प्रसङ्ग छोड्न चाहन्नथे म। आँसुको भेलमा विगतले पौडी खेलिरहेको थियो। कथाले मलाई तानिरहेको थियो...

'कस्तो छौ?'

'परिचित अनुहार र आवाज भएको नयाँ ग्राहक धीरज रहेछ। रिसको पारा चढ्यो...। छातीमा उकुसमुकुसिएका पीडा, व्यथा, आक्रोश.... मेटाउन गाली, घुस्सी, लात्ती सबै चलाएँ ऊमाथि। सहिरह्यो उसले....। मौन थियो धीरज। विवश भएर हो कि मेरो छली र ठगी प्रेमीको साथीमा अलिकति आफ्नोपन पाएँ मैले। मोल चुक्ता गरेर पनि बिक्री हुनु परेन म त्यो रात।'

'धीरजको सुनियोजित योजनाले एक सातापछि हामी त्यहाँबाट भाग्न सफल भयौँ....। धीरजले साहस गऱ्यो....। ऊमाथि मेरो विश्वास बढ्नु स्वाभाविक थियो।'

'धीरज! आमा बाबा सामु कुन अनुहार लिएर जानु?'

उहाँहरूलाई भेट्ने खुसीमा पनि एकप्रकारको अप्ठ्यारोपन मिसिएको थियो।

'लाटी, खरसाङ फर्किनु हुँदैन। अजयले जिउँदो राख्दैन हामीलाई।'

'धीरजको उत्तर ठिकै लाग्यो।'

'त्यहाँबाट भाग्ने क्रममा सानो छँदा सिनेमामा देखेका साँघुरा र अँध्यारा गल्लीहरूको वास्तविकता दर्शन भइरहेथ्यो.... नाम थाहा नभए पनि'.....।

***

'दादर रेल स्टेसनबाट चढेर कोलकाताको स्याल्दा स्टेसन पुग्दा मात्र आँखाहरू खोलिएछन्। पेटमा मुसा कुदिरहेका थिए।'

'अटोमा धरमतला पुग्यौँ।'

'उलुबेरिया...उलुबेरिया...आसोन आसोन्'...। बाटो पारीको बसबाट आवाज आउँदै थियो।

'उलुबेरिया जाने बसमा चढ्यौँ हामी। यता उति घुम्ने प्रश्नै थिएन....। थकित शरीर, दोधारे मन...., बेटुङ्गोको ठेगाना....। एकप्रकारको चिन्ताले सताइरहेथ्यो.....।'

'धेरैबेरको पर्खाइ पछि थोत्रे थोत्रे स्टेट बस... सिट क्षमताभन्दा दोब्बर यात्रीहरू लिएर उलुबेरियातर्फ.... हिँडयो....। घलच्याक... घलच्याक... रोकिँदै हिँडदा उलुबेरिया पुग्न ट्वाक्कै तीन घन्टा लागेछ।'

हाउडा जिल्लाको महकुमा बजार उलुबेरिया। नयाँ ठाउँ। अपरिचित अनुहारहरू। दुवैजनाका हातमा एक एकवटा लुगाका ब्याग थिए। धीरजका आफन्तले दिएको ठेगाना भेट्टाउन त्यत्ति गाह्रो परेन। अनुहारमा तरतरी चुहेको पसिना पुछ्दै मन्टु दादाको घरको पुरानो कोठामा प्रवेश गऱ्यौँ। प्रचण्ड गर्मी....,सिलिङ फ्यान घरिघरि रोकिँदै ....घुम्दै थियो...।'

'चाय खाबेन्?'

'हेराहेर गरेर खाने सङ्केत दियौँ। सानो काँचको गिलासमा आधा आधा चिया र चार चारवटा मेरी बिस्कुट ल्याइदिए मन्टु दादाले। खाना खानका लागि नजिकैको सामान्य होटलमा गयौँ।'

'उलुबेरियाको त्यस कोठाले अर्को यात्रा तय गर्‍यो। लोकका लागि विवाहित थियौँ हामी। एक वर्षपछि छोरी दीपाको आगमनले विगतका तीता क्षणहरू बिर्सनमा सहयोग पुर्‍याएको थियो। अर्कै प्रकारको व्यस्तता।'

'दुवैले एउटा निजी अङ्ग्रेजी स्कूलमा पढ़ाउने काम पायौँ....। सुरुबुरु जीवन धानियो। फुर्सदको समयमा... लेख्ने गर्थें, साहित्य रुचिको विषय भएकाले।'

सुनसान रातमा टेबल घडीको टिक् टिक् सँगै पन्ना पल्टिएको सऱ्याक सऱ्याक आवाजले मुटुको धुकधुकी बढायो, आफैले सुनेँ। दुई बजेर बीस मिनट गएछ।

'एकछिन पढ़िहाल्छु, भोलि छुट्टी नै त हो, अबेर गरेर उठौँला।'

यस्तो ठानेर उपन्यासकारको भावनाको बेगसँगै पुन: हुत्तिदै गएँ।

'धेरै पाठकले मेरा सिर्जनाहरू मन पराइदिए। तर म खुल्ला रूपमा उलुबेरियादेखि बाहिर निस्किने अवस्थामा थिइनँ।'

साँढे तीन बजेछ। बिजुली बत्ती निभ्यो। डेस्टिनेसनले तान्न छोडेको थिएन।

चार्जमा राखेको टेबल ल्याम्प बालेँ।

'अचानक फेरि दुखद घटनाले जीवनलाई अर्को दिशातिर मोडिदियो। मिर्गौला सङ्क्रमणले धीरजलाई चापेर मृत्युको काखमा पुर्‍याइदियो। आशाको तेलमा उज्यालिएर बल्दै गरेको मेरो जीवनदीप फेरि धिप धिप बल्ने अवस्थामा पुगिहाल्यो। सहारा बने दीपा र लेखन कार्य। अविश्वसनीय र तृणमूल...स्तरमा पुगेर झेलेका पीडामय अनुभूतिहरू साझा हुँदा...पाठकहरूको हृदयलाई छोएछ क्यार....। ठुल्ठुला साहित्यिक कार्यक्रमहरूमा निमन्त्रणा पाउन थालेँ....। तर मेरो परिचय बाहिरिने खतराले विवश थिएँ...।

'तर भाग्यको खेल अनौठो हुन्छ, धीरजको मृत्यु पछि मैले एक दिन दुर्घटनाको सिकार हुनु पर्‍यो। सानी छोरी दीपाले बालेको क्यान्डलले कतिखेर मेरो शरीरमा आगो लाग्यो पत्तो भएन। होस आउँदा त म कोलकाताको एपोलो अस्पतालको आइसीयु वार्डमा थिएँ। मेरो अनुहारमा पट्टी बाँधिएको थियो। आगलागीमा मलाई मन्टु दाले भगवान बनेर बचाएछन्।'

'जुन दिन डाक्टरहरूले मेरो अनुहारको पट्टी खोले, त्यस दिन मैले फेरि जन्म लिएँ। नयाँ अनुहारमा। प्लास्टिक सर्जरीद्वारा मेरो अनुहार अर्कै भइसकेको थियो। मन्टु दा न साइनोले आफ्नो मान्छे न सम्बोध्नले। तर, सबै खर्च गरेर मलाई नयाँ जीवन दिएछन्।'

अनुहारको आकृति परिवर्तनले अस्तित्व गुमेको र प्रियजनबाट अपरिचित हुनुपर्ने आशङ्काले पिरोल्यो। तर यात्रा क्रममा खाएका ठोक्करहरूले बलियो भएको मेरो मुटु सविताबाट शर्मिला भएर अधुरा कामहरू पुरा गर्न अडिग थियो।'

यस वाक्यले मेरो शङ्का निवारण भयो।

आँसुका धाराले भिजेको सिरानीलाई ठाडो पारेर अडेसिएँ...। पुस्तक पछाडि उपन्यासकारको फोटोमा शर्मिला मुस्काएकी थिइन्। तर ऊ मेरो 'अज्ञात यात्रा' की सविता थिइन्। मैले उसको प्रतिबिम्ब देखेँ....। मेरो 'अज्ञात यात्रा' कथाकी जीवित पात्र।

पछाडिबाट पन्ना पल्टाउन थालेँ.....। अन्तिम पृष्ठमा मेरो नाममा छोटो चिठी गाभिएको रहेछ।

प्रिय दिदी,

धन्यवादका शब्दहरू छैनन्। स्थिति अनुकूल भएपछि भेट्न आउनेछु।

बहिनी सविता

तीन वर्षअघि मेरो ‘अज्ञात यात्रा’ पढेपछि आमाले मलाई सोध्नु भएको सम्झना आयो ‘तेरो सविता मुम्बई पुगिन्?’ म त्यस बेला केही नबोली चुपाचाप हाँसेकी थिएँ।

किताप कुनामा राखेर घडी हेरेँ, बिहान भइसकेको थियो। तर केही नसोची मोबाइल निकालेर आमाको नम्बर लगाएँ।

‘हलो, आमा! सविता मुम्बाई पुगिन त, उसले गन्तव्य पाइन्।’

***